# मध्यमकालीन खर्च संरचना

## (Medium Term Expenditure Framework)

### आ. व. २०८१/०८२–२०८३/०८४




**इलाम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**इलाम**

**२०८१**

# मध्यमकालीन खर्च संरचना

## (Medium Term Expenditure Framework)

## आ.व. २०८१/०८२–२०८३/०८४

## इलाम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## इलाम

## २०८१

समुन्नत इलाम, सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

Green Ilam

भानुपथ, इलाम
कोशी प्रदेश, नेपाल

पं.स. २०८१ (सामान्य प्रशासन)

च.न.

मिति:

## मध्यमकालीन खर्च संरचना सम्बन्धमा।

उपलब्ध श्रोत तथा साधनलाई आवधिक योजना र वार्षिक बजेटबीच तालमेल र सामञ्जस्यता गराई नीति, आवधिक योजना, वार्षिक बजेट र कार्यक्रमको स्थिरता र सुनिश्चितता गर्नु मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य रहेको छ। मध्यमकालीन खर्च संरचना आवधिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने एक महत्वपूर्ण औजार हो।

स्थानीय सरकार संञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यबस्थापन ऐन २०७४ र आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ समेतको कानूनी आधार एवंम् प्रावधान बमोजिम तीन वटै तहको सरकारले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यबस्था रहेको छ। यसै सन्दर्भमा इलाम नगरपालिकाले आफ्नो पहिलो मध्यमकालीन खर्च संरचना २०८१/०८२–०८३/०८४ तर्जुमा गरेको छ।

सरकारी खर्चमा पारदर्शिता बढाउन सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाउन तथा वित्तिय अनुशासन प्रवर्द्धन गर्न यसको प्रयोग अपरिहार्य रहेको छ। यस दस्तावेजले इलाम नगरपालिकाले प्राथमिकताका आधारमा बजेट तथा साधनलाई सुनिश्चित गरी सरकारलाई साधनस्रोतको अनुमान तथा वितरणमा सहजता ल्याई थप स्पष्ट दिशानिर्देश गर्न सघाउ पुऱ्याउँछ भन्ने विश्वास लिएको छ। यस दस्तवेजले नगरपालिकाको समग्र विकासका लागि कार्यक्रमको निरन्तरता र योजनाको पूर्ण कार्यान्वयनको स्रोत सुनिश्चितताका माध्यमद्वारा दिगो विकास हुने लक्ष्य लिइएको छ। यस मध्यमकालीन खर्च संरचनाको नतिजा सूचक निर्माण गर्दा दिगो बिकासका लक्ष्य, राष्ट्रिय रणनीति, विषयगत एवं क्षेत्रगत गुरुयोजना र नगरपालिकाको आवाधिक योजनाका कार्यक्रमलाई आधार मानिएको छ।

अन्त्यमा यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न हुने नगरपालिकाका सबै पदाधिकारी, बिषयगत समिति, कर्मचारी परिवार तथा शुभेच्छुक एवंम् प्राविधिक सहयोगीहरू सवैप्रति विशेष धन्यवाद सहित ज्ञापन गर्दछु।

.............................

**केदार थापा**
**नगरप्रमुख**
**२०८१ असार**

समुन्नत इलाम, सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भानुपथ, इलाम
कोशी प्रदेश, नेपाल

पं.स. २०८१ (सामान्य प्रशासन)

च.न.

मितिः

## मध्यमकालीन खर्च संरचना सम्बन्धमा

मध्यमकालीन खर्च संरचन स्थानीय सरकारको अनिवार्य दायित्वका रुपमा रहेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ को मर्म र भावना अनुरुप स्थानीय सरकारको आवधिक योजना तथा बार्षिक योजनाको वीचमा तालमेल मिलाउदै स्रोत सुनिश्चितताका लागि यसको आवश्यकता महसुश गरिएको छ। मध्यमकालीन खर्च संरचना जनचाहना र बिद्यमान संभावनामा आधारित रही समस्याहरूको दिगो समाधानका लागि वित्तिय स्रोतको पूर्वआंकलन गर्न यस दस्तावेज कानूनी दायित्वमात्र नभई नगरपालिका स्वंयम्का लागि पनि बिशेष महत्व र आवश्यकताको बिषयको रुपमा रहेको छ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यबस्थापनलाई प्रभावकारी बनाउन सफल र महत्वपूर्ण औजार भएको हुनाले दिगो विकास लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छ। पछिल्लो समयमा बढ्दै गएको बिपद् तथा जलावायुजन्य जोखिम एवंम् विकासशील देशहरूमा देखिने खालका कमजोर प्रकृतिको विकासबाट सिर्जना हुनसक्ने समस्याहरू संम्बोधन तथा दिगो एवंम् समवेशी विकास लागि पनि यस खर्च संरचनाले सहयोग गर्ने अपेक्षा लिएको छ।

अन्त्यमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागि रचनात्मक सहयोग गर्नुहुने नगरप्रमुख, नगरकार्यपालिका सदस्यज्यूहरू, बिषयगत समितिका पदाधिकारीज्यूहरू, कर्मचारी परिवार एवंम् सहयोगी सवैप्रति हार्दिक आभार प्रकट गर्दछु।

.................................

**बिष्णु कुमारी लिम्बु**

**उपप्रमुख**

**२०८१ असार**

समुन्नत इलाम, सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भानुपथ, इलाम
कोशी प्रदेश, नेपाल

पं.स. २०८१ (सामान्य प्रशासन)

च.न.

मितिः

## मध्यमकालीन खर्च सम्बन्धमा

नेपालको संविधानलेनै संघीयताको मर्म र भावना अनुरुप तीनवटै तहका सरकारहरूको अधिकारहरू बारेमा स्पष्ट प्रावधानहरू उल्लेख गरेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकार संचालन सम्बन्धमा स्पष्ट मार्गदर्शन गरेको छ। त्यसैगरी अन्तर सरकारी वित्त व्यबस्थापन ऐनले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यबस्था गरेको छ। आर्थिक कार्यविधि तथा वित्तिय उदरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन बर्षका समष्टिगत वित्त खाँका, बजेट तथा कार्यक्रमहरूको खाँका र नतिजा खाकामा ढाल्नुपर्ने प्रावधान तोकेको छ। यो दस्तावेज मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले स्थानीय तहको कानूनी दायित्व निर्वाह गर्न टेवा पुर्‍याउनुका साथै नगरपालिकाले संचालन गर्ने बहुबर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि स्रोत सुनिश्चित गर्न महत्वपूर्ण भूमिका र योगदान पुऱ्याउने अपेक्षा लिइएको छ।

वर्तमान विश्वको जल्दोबल्दो मुद्धाको रुपमा रहेको जलवायुजन्य विपद् तथा त्यससँग जुध्ने अनुकुलन क्षमता विकास गर्दै समावेशी र वातावरण मैत्री दिगो विकास प्रवर्द्धन गर्नु आजको आवश्यकता हो। संयुक्त राष्ट्रसंघले विश्वको साझा हितका लागि दिगो विकास लक्ष्य जारी गरेको र यसको परिपालनाको लागि नेपाल सरकारले प्रतिवद्धता समेत जनाईसकेको छ। यसै क्रममा इलाम नगरपालिकाले दिगो विकासको लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नसक्नु महत्वपूर्ण देखिन्छ। स्थानीय सरकार समक्ष उपलब्ध श्रोत तथा साधनलाई आवधिक योजना र वार्षिक बजेटबीच तालमेल र सामञ्जस्यता मिलाई यो मध्यमकालीन खर्च संरचना तयार भएको छ। यो प्रकासनले इलाम नगरपालिकाको आगामी सफल भविष्यको लागि एउटा कोशेढुङ्गो हुने विश्वास समेत लिईएको छ। इलाम नगरलाई उथ्थानशील सहरको अवधारणा अनुसार समुन्नत अवस्थामा परिणत गर्न सवैको सहयोग आवश्यक छ। स्थानीय सरकार संचालनका लागि उपलब्ध हुने विभिन्न स्रोतहरूको पहिचान र सुनिश्चितताका लागि यो मध्यमकालीन खर्च संरचनाले सहयोग पुग्नेनै छ।

अन्त्यमा, यस इलाम नगरपालिकाको मध्यमकालीन खर्च संरचना २०८१ तर्जुमा कार्यमा सहयोग गर्नुहुने नगरप्रमुख, उपप्रमुख, वडाध्यक्षज्यूहरू, कार्यपालिका सदस्य ज्यूहरू, बिषयगत समितिका पदाधिकारीज्यूहरू, मध्यकालीन खर्च संरचना तयारी कार्यदलका सदस्य ज्यूहरू लगायत सम्पूर्ण कार्यरत कर्मचारी मित्रहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

..................................

**गणेशकुमार खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**
**असार २०८१**

# विषय सूची


**परिच्छेद १ : परिचय** १
१.१ पृष्ठभूमी १
१.२ अवधारणा तथा उद्धेश्य १
१.३ मध्यकालीन संरचनाका आधारहरु २
१.४ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य २
१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ३
चरण- १: तयारी चरण ४
प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन ४
प्रक्रिया २: स्थापिन कानूनी दस्तावेज, निती निर्देशिका तथा अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा ४
प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा ४
चरण- २: लेखाजोखा चरण ४
प्रक्रिया ६: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना ४
प्रक्रिया ७: विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल ५
प्रक्रिया ८: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण ५
चरण - ३: तर्जुमा चरण ५
प्रक्रिया ९: क्षेत्रगत योजना तर्जुमा ५
प्रक्रिया १०: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी ५
प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी ५
चरण ४: स्वीकृति चरण ६
प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुती, छलफल तथा सुझाव संकलन ६
प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी ६
प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको स्वीकृति ६
**परिच्छेद २ : मध्यमकालीन खर्च संरचना** ७
२.१ पृष्ठभूमी ७
२.२ चुनौती तथा अवसर ७
२.३ सोच उद्धेश्य तथा रणनीति ८
२.३.१ नगरपालिका विकासको दीर्घकालिन सोच ८
२.३.२ नगरपालिका विकासको लक्ष्य ८
२.३.३ नगरपालिका विकासको उद्देश्य ८
२.४ मध्यमकालीन आर्थिक खाका ९
२.५ मध्यमकालीन नतिजा खाका १०
२.६ मध्यमकालीन बजेट खाका ११
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड १४
क. प्रााथमिकताक्रमको आधारमा बाडफाँड १४
ख. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४
ग. लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण १५
घ. जलवायु सङ्केतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण १५
ङ. स्थानीय गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण १५
२.८ विषय क्षेत्रको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण १६
**परिच्छेद ३ : आर्थिक क्षेत्र** १८
३.१ कृषि तथा खाद्य सुरक्षा १८
३.१.१ पृष्ठभूमि १८
३.१.२ समस्या तथा चुनौती १८

३.१.३ लक्ष्य १८
३.१.४ उद्देश्य १८
३.१.५ रणनीति १८
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य १९
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १९
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण २०
३.१.९ जोखिम तथा अनुमान २०
३.२ सिचांई २०
३.२.१ पृष्ठभूमि २०
३.२.२ समस्या तथा चुनौती २०
३.२.३ लक्ष्य २०
३.२.४ उद्देश्य २०
३.२.५ रणनीति २०
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २०
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २२
३.२.९ जोखिम तथा अनुमान २२
३.३ पशुपक्षी २२
३.३.१ पृष्ठभूमि २२
३.३.२ समस्या तथा चूनौती २३
३.३.३ लक्ष्य २३
३.३.४ उद्देश्य २३
३.३.५ रणनीति २३
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २३
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २४
३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण २४
३.३.९ जोखिम तथा अनुमान २५
३.४ उद्योग, व्यापार तथा व्यवसाय २५
३.४.१ पृष्ठभूमि २५
३.४.२ समस्या तथा चुनौती २५
३.४.३ लक्ष्य २५
३.४.४ उद्देश्य २५
३.४.५ रणनीति २५
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २६
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २६
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण २७
३.४.९ जोखिम तथा अनुमान २७
३.५ पर्यटन तथा संस्कृति २७
३.५.१ पृष्ठभूमि २७
३.५.२ समस्या तथा चुनौती २७
३.५.३ लक्ष्य २८
३.५.४ उद्देश्य २८
३.५.५ रणनीति २८
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २८
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २९
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण २९
३.५.९ जोखिम तथा अनुमान २९


३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवा २९
३.६.१ पृष्ठभूमि २९
३.६.२ समस्या तथा चुनौती ३०
३.६.३ लक्ष्य ३०
३.६.४ उद्देश्य ३०
३.६.५ रणनीति ३०
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ३०
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३१
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३१
३.६.९ जोखिम तथा अनुमान ३१
३.७ श्रम, रोजगारी तथा गरिवी निवारण ३२
३.७.१ पृष्ठभूमि ३२
३.७.२ समस्या तथा चुनौती ३२
३.७.३ लक्ष्य ३२
३.७.४ उद्देश्य ३२
३.७.५ रणनीति ३२
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ३२
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३३
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३३
३.७.९ जोखिम तथा अनुमान ३४
**परिच्छेद ४: सामाजिक क्षेत्र** ३५
४.१ जनस्वास्थ्य तथा पोषण ३५
४.१.१ पृष्ठभूमि ३५
४.१.२ समस्या तथा चुनौती ३५
४.१.३ लक्ष्य ३५
४.१.४ उद्देश्य ३५
४.१.५ रणनीति ३५
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ३६
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३७
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ३७
४.१.९ जोखिम तथा अनुमान ३८
४.२ शिक्षा, कला, भाषा तथा साहित्य ३८
४.२.१ पृष्ठभूमि ३८
४.२.२ समस्या तथा चुनौती ३८
४.२.३ लक्ष्य ३८
४.२.४ उद्देश्य ३८
४.२.५ रणनीति ३८
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ३९
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३९
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४०
४.२.९ अनुमान तथा जोखिम ४०
४.३ खानेपानी तथा सरसफाई ४०
४.३.१ पृष्ठभूमि ४०
४.३.२ समस्या तथा चुनौती ४१
४.३.३ लक्ष्य ४१
४.३.४ उद्देश्य ४१

४.३.५ रणनीति ४१
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४१
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४२
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४२
४.३.९ जोखिम तथा अनुमान ४३
४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ४३
४.४.१ पृष्ठभूमि ४३
४.४.२ समस्या तथा चुनौती ४३
४.४.३ लक्ष्य ४३
४.४.४ उद्देश्य ४४
४.४.५ रणनीति ४४
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४४
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४५
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४५
४.४.९ जोखिम तथा अनुमान ४६
४.५ युवा, खेलकुद तथा नवप्रवर्त्तन ४६
४.५.१ पृष्ठभूमि ४६
४.५.२ समस्या तथा चुनौती ४६
४.५.३ लक्ष्य ४६
४.५.४ उद्देश्य ४६
४.५.५ रणनीति ४६
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४७
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४७
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४८
४.५.९ जोखिम तथा अनुमान ४८
**परिच्छेद ५ : पूर्वाधार क्षेत्र** ४९
५.१ भवन, आवास तथा बस्ती विकास ४९
५.१.१ पृष्ठभूमि ४९
५.१.२ समस्या तथा चुनौती ४९
५.१.३ लक्ष्य ४९
५.१.४ उद्देश्य ४९
५.१.५ रणनीति ४९
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५०
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५०
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५०
५.१.९ जोखिम तथा अनुमान ५१
५.२ सडक, पूल तथा यातायात ५१
५.२.१ पृष्ठभूमि ५१
५.२.२ समस्या तथा चुनौती ५१
५.२.३ लक्ष्य ५२
५.२.४ उद्देश्य ५२
५.२.५ रणनीति ५२
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५२
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५३
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५३
५.२.९ जोखिम तथा अनुमान ५४

५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा ५४
५.३.१ पृष्ठभूमि ५४
५.३.२ समस्या तथा चुनौती ५४
५.३.३ लक्ष्य ५५
५.३.४ उद्देश्य ५५
५.३.५ रणनीति ५५
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५५
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५६
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५६
५.३.९ जोखिम तथा अनुमान ५६
५.४ सुचना तथा सञ्चार प्रविधि ५६
५.४.१ पृष्ठभूमि ५६
५.४.२ समस्या तथा चूनौती ५७
५.४.३ लक्ष्य ५७
५.४.४ उद्देश्य ५७
५.४.५ रणनीति ५७
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५७
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५८
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५८
५.४.९ जोखिम तथा अनुमान ५८
**परिच्छेद ६ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** ५९
६.१ वन, भूसंरक्षण तथा जैविक विविधता ५९
६.१.१ पृष्ठभूमि ५९
६.१.२ समस्या तथा चुनौती ५९
६.१.३ लक्ष्य ५९
६.१.४ उद्देश्य ५९
६.१.५ रणनीति ५९
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ६०
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६०
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ६०
६.१.९ जोखिम तथा अनुमान ६१
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ६१
६.२.१ पृष्ठभूमि ६१
६.२.२ समस्या तथा चुनौती ६१
६.२.३ लक्ष्य ६१
६.२.४ उद्देश्य ६२
६.२.५ रणनीति ६२
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ६२
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६२
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ६३
६.२.९ जोखिम तथा अनुमान ६३
६.३ विपद् जोखिम व्यवस्थापन तथा जलबायू परिवर्तन अनुकूलन ६३
६.३.१ पृष्ठभूमि ६३
६.३.२ समस्या तथा चुनौती ६४
६.३.३ लक्ष्य ६४
६.३.४ उद्देश्य ६४

६.३.५ रणनीति ६४
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ६४
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६५
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ६५
६.३.९ जोखिम तथा अनुमान ६६
**परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र** ६७
७.१ नीति, कानुन, न्याय तथा सुशासन ६७
७.१.१ पृष्ठभूमि ६७
७.१.२ समस्या तथा चुनौती ६७
७.१.३ लक्ष्य ६७
७.१.४ उद्देश्य ६७
७.१.५ रणनीति ६८
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ६८
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६९
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ६९
७.१.९ जोखिम तथा अनुमान ६९
७.२ संङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह ६९
७.२.१ पृष्ठभूमि ६९
७.२.२ समस्या तथा चुनौती ७०
७.२.३ लक्ष्य ७०
७.२.४ उद्देश्य ७०
७.२.५ रणनीति ७०
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ७०
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ७०
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ७१
७.२.९ जोखिम तथा अनुमान ७१
७.३ राजस्व तथा स्रोत परिचालन ७१
७.३.१ पृष्ठभूमि ७१
७.३.२ समस्या तथा चुनौती ७१
७.३.३ लक्ष्य ७२
७.३.४ उद्देश्य ७२
७.३.५ रणनीति ७२
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ७२
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ७३
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ७३
७.३.९ जोखिम तथा अनुमान ७३
७.४ तथ्याङ्क प्रणाली र योजना तथा विकास व्यवस्थापन ७३
७.४.१ पृष्ठभूमि ७३
७.४.२ समस्या तथा चुनौती ७४
७.४.३ लक्ष्य ७४
७.४.४ उद्देश्य ७४
७.४.५ रणनीति ७४
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ७४
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ७५
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ७५
७.४.९ जोखिम तथा अनुमान ७५
अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ७६

# प्रशासनिक विभाजन नक्सा
# इलाम नगरपालिका, इलाम



# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमी

मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। यसले आवधिक विकास योजनालाइ वार्षिक बजेट तथा योजनासँग जोडने पुलको रूपमा काम गर्दछ। मध्यमकालीन खर्च संरचनालाई सार्वजनिक स्रोतको प्रभाबकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारका रूपमा लिइने गरिन्छ। इलाम नगरपालिकाको आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन्। मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यसले आगमी तीन आर्थिक वर्षको खर्च तथा श्रोतको प्रक्षेपण र सोको आधारमा आगामी आर्थिक वर्षको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको लागि समेत आधार तयार गर्दछ।

नेपालमा दशौं राष्ट्रिय आवधिक योजनाबाट मध्यमकालीन खर्च संरचना तयारीको अभ्यास शुरु भएको हो। मध्यमकालीन खर्च संरचना तयारीको अनिवार्यता तीन वटै तहको सरकारको दायित्वभित्र रहेको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गर्न अनिवार्य कानुनी व्यवस्था गरेको छ। स्थानीय तहको योजना एवं मध्यमकालीन खर्च संरचना तयारीमा सहजता, एकरूपता तथा स्तरीयताका लागि नेपाल सरकारले स्थानीय तहको मध्यकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ मार्फत पनि मध्यमकालीन खर्च संरचना तयारीको विधि, औजार, चरण तथा प्रकृयालाई स्पष्ट पारेको छ। मध्यमकालीन खर्च संरचनाको तयारीमा नेपालको संविधान, सङ्घीय एवम प्रदेश नीति तथा कानून र आवधिक विकास योजनामा रहेको व्यवस्था एवं सरोकारवालासँगको छलफलको निष्कर्शलाई मुख्य आधारका रूपमा लिइएको छ।

## १.२ अवधारणा तथा उद्धेश्य

मूलतः मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो। उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यत : समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा खाकाहरू समावेश गरिएको हुन्छ। चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व तथा रोयल्टी बाँडफाट, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTB) तयार गरिन्छ। यस दस्तावेज तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन आर्थिक वर्षमा प्राप्त हुने प्रतिफलको समेत अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework) तयार गरिएको हुन्छ। बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका पुर्याउनुको साथै बजेटलाई लक्ष्य, नतिजा र उपलब्धिसँग आबद्ध गराउन मध्यमकालिन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

मध्यमकालीन खर्च संरचना चक्रीय हिसाबले वार्षिक रुपमा तयार गरिने योजना दस्तावेज हो। यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ, यो पक्रिया वार्षिकरुपमा गरिरहनु पर्दछ।

**यसका विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन् :**

क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने।

(ख) आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु ।

(ग) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु ।

(घ) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु ।

(ङ) सार्वजनिक खर्चलाई प्रभावकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.३ मध्यकालीन संरचनाका आधारहरू

**इलाम नगरपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :**

- नेपालको संविधान २०७२
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- राष्ट्रिय दीर्घकालीन सोच, २१००
- सोहौं राष्ट्रिय योजना अवधारणा (२०८१/८२-२०८५/८६)
- प्रदेश नं. १ को पहिलो आवधिक विकास योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७८/७९)
- इलाम नगरपालिकाको आवधिक नगर विकास योजना, आ.व.२०७८/७९-०८३/०८४
- इलाम नगरपालिकाको नगर पार्श्वचित्र २०७४

## १.४ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राब्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs)मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन । वर्तमान शासकीय स्वरुप अनुसार तीनै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । संघीय वा कुनै तहको सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार

आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छसङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

स्थानीय सरकारको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ । पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

इलाम नगरपालिकाले हालसम्म दिगो विकास लक्ष्यमा केन्द्रित गरी दिगो विकास लक्ष्य, महत्व, जिम्मेबारी सम्बन्धी जनप्रतिनिधी, कर्मचारीहरूलाई जानकारीमूलक तालिम कार्यक्रम प्रस्तावित गरेको छ । दिगो विकासका लक्ष्य हासिल गर्न प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा योगदान पुर्याउन वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारीलाई दिगो विकास मैत्री तुल्याउने अठोट लिएको छ । दिगो विकास लक्ष्य स्थानियकरणमा आधारित रही नगरपालिकाले तीनै तहको सरकारहरूसँग समन्य, साझेदारी र सहकार्य गरी कार्यक्रमहरू कार्यान्वयन गर्ने र नगरपालिकाका बिषयगत शाखागत कार्यक्रमहरू दिगो विकास लक्ष्यमा आधारित भई समिक्षा गरी प्रतिवेदन तयार गरिदै आएको छ । त्यसैले यस मध्यमकालीन खर्च संरचनामा पनि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपमा कायम गर्ने प्रयास छ । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ ।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङकेतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ समेतलाई आधार मानेर यो इलाम नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न अनुसारको तुर्जमा विधि तथा प्रक्रिया आत्मासाथ गरिएको छ ।

## चरण- १: तयारी चरण

### प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन

मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने प्राविधिक सहयोग टोलीलाई अभिमूखीकरण गरियो । अभिमूखीकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान बुझाइ कायम गरियो । साथै यस अभिमूखीकरण कार्यक्रममा समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, सम्बन्धित नगरपालिकाका विभिन्न शाखाहरूले गर्नुपर्ने समन्वय तथा आवश्यक विज्ञ जनशक्तिको भूमिका सम्बन्धमा छलफल गरी सोही अनुरुप टोलि परिचालन र जिम्मेवारी तोक्ने कार्ययोजना तयार गरियो ।

### प्रक्रिया २ : स्थापिन कानूनी दस्तावेज, निती निर्देशिका तथा अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा

तोकिएको जिम्मेवारी अनुसार विज्ञ जनशक्ति सहितको प्राविधिक सहयोग टोलीद्वारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषय वस्तुहरू पहिचान गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरू अध्ययन एवं समीक्षा गरियो ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरू
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, सोह्रौं राष्ट्रिय योजना, प्रदेशका योजनाहरू
- इलाम नगरपालिकाको आवधिक योजना तथा विषय क्षेत्रगत नीति र योजनाहरू
- इलाम नगरपालिकाको राजपत्र, सान्दर्भिक नीति, कानून तथा प्रतिवेदनहरू ।
- राष्ट्रिय योजना आयोगबाट जारी भएका परिपत्र तथा कार्यढाँचा
- नेपाल सरकार संघीय मामिला तथा स्थानीय विका मन्त्रालयको सूचना तथा निर्देशनहरू आदि ।
- इलाम नगरपालिकाको बार्षिक समीक्षा प्रतिवेदनहरू ।

### प्रक्रिया ३ : मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा

इलाम नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा नगरपालिकाको सहयोगमा कार्ययोजना तर्जुमा गरियो । नगरपालिकाबाट प्राप्त अभिलेखहरूको आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । यसैको आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा गरियो ।

## चरण- २: लेखाजोखा चरण

### प्रक्रिया ६: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना

इलाम नगरपालिकाको मध्यमकालीन खर्च संरचनाको तर्जुमा प्रक्रियाकको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले सम्बन्धित शाखाहरूमा अवधारणा स्पष्टता सम्बन्धी कार्यक्रमको आयोजना गरियो । छलफलमा मध्यमकालीन खर्च संरचना

सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुती गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो ।

### प्रक्रिया ७: विषयगत समिति तथा शाखाहरूसँग परामर्श तथा छलफल

इलाम नगरपालिकाको आवाधि योजना, विभिन्न विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धी समीक्षाका लागि विषयगत समितिहरू र सरोकारवालाहरूसँग छलफल गरियो । यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरूको विवरण संकलन गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

### प्रक्रिया ८: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण

अन्तर-सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो । बिगत आर्थिक वर्षहरूको खर्च सहित नगरपालिका भित्रका गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवाधिक नगर विकास योजना, विषयगत क्षेत्र रणनीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो । यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत महाशाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि आधारको रुपमा लिइयो ।

## चरण – ३: तर्जुमा चरण

### प्रक्रिया ९: क्षेत्रगत योजना तर्जुमा

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक पश्चात विषयगत शाखा/एकाइका कर्मचारी तथा समितिका पदाधिकारीहरूको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको सांकेतीकरण गरियो ।

### प्रक्रिया १०: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत महाशाखा/शाखा/एकाइ सगं छलफल गरी उप- क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यसरी तयार गरिएको उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो ।

### प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरियो । त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा आवाधिक नगर विकास योजना, विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारंस तयार गरी प्रस्तुत गरिएको छ ।

### प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुती, छलफल तथा सुझाव संकलन

उल्लिखित विधि प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुती तथा छलफल गरी आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले नगरपालिकामा मस्यौदामा पेश गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुखहरू तथा सम्बद्ध अन्य कर्मचारीहरूको सहभागिता थियो । उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरूमा प्रस्तुती तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरूको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकिकरण तथा सांकेतीकरणलाई समेत अन्तिम रुप प्रदान गरियो ।

### प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी

मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रममा प्राप्त सुझावहरू तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरू समावेश गरी यो मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

### प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको स्वीकृति

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका लागि आवश्यक प्रकृया पुरा गरियो ।

# परिच्छेद २:
# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमी

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरूमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ।

नेपालको वर्तमान संविधानको शासकीय स्वरुप अन्र्तगत सङ्घीय संरचनाको अभ्यास सुरु भए पश्चात अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका सङ्घीय कानूनले मध्यमकालीन खर्च संरचना तयारीलाई अनिवार्य गरेको छ। तीन वटै तहको सरकारले प्रत्येक आर्थिक वर्षमा बजेट वर्षको खर्च अनुमानसहित आगामी दुई आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण समेटिएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेका छ। जसअनुसार चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकमसमेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाकाले आफ्नो आवधिक विकास योजनाअनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

आर्थिक वर्षका (२०८१/८२-२०८३/८४) का लागि तुर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले तीनै तहका सरकारहरूका योजनाहरूको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा नगरपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। नगरपालिकाका भित्रका तुलनात्मक लाभका क्षेत्रहरू, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेटने प्रयास गरिएकोछ।

## २.२ चुनौती तथा अवसर

वर्तमान संविधानले सुनिश्चित गरेका एकल अधिकार र साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न सम्बन्धित स्थानीय सरकारले पर्याप्त कानून तथा नीतिहरू तयार गर्नु आवश्यक हुन्छ। संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, प्रदेशको प्रथम आवधिक योजना र नगरपालिकाको आवधिक योजनाको उद्देश्य हासिल गर्न विभिन्न रणनैतिक दस्तावेजहरू त्यार गर्नुपर्नेछ। साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नुलाई प्रमुख चुनौतीको रुपमा लिएको छ। त्यसैगरी कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्रलाई मजबुद बनाउदै सवल र समुन्नत नगरपालिका तयार गर्नु आफैमा एउटा प्रमुख चुनौती हो। जलवायु परिवर्तनका असर, प्राकृतिक प्रकोप, मानवसँग जंगली जनावरहरूसँगको द्वन्द्व, नदीमा आउने वाढीले पार्ने क्षतिको व्यवस्थापन हुन नसक्नु, कृषि र पशुजन्य पूर्वाधारको अभाव, भौतिक पूर्वाधारको आधुनिकीरण हुन नसक्नु, सामुदायिक तथा संस्थागत विद्यालयहरूमा प्राविधिक शिक्षाको पहुँचमा कमी हुनु, विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, भौतिक संरचनाहरू बालबालिका, अपाङ्ग तथा महिलामैत्री नहुनु, बाल विवाह, जातीय छुवाछुत कायमै रहनु, सुकुम्वासी बासोबास, स्वच्छ खानेपानीको पहुँचमा कमी, आदि यस क्षेत्रका चुनौतीहरू हुन। यसका साथै विद्यमान विकासको प्रवृति अनुरूप दिगो विकास लक्ष्य, पन्ध्रौ राष्ट्रिय योजना, प्रादेशिक योजना र स्थानीय आवधिक विकास योजनाको उद्देश्य हासिल गर्नु प्रमुख चुनौतीका रूपमा रहेको छ। उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्नु प्रमुख चुनौतीहरू हुन्। वित्तीय सङ्घीयतको मर्म अनुरूप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संसाधन र संस्थागत क्षमता अभिवृद्धिका कार्य यथोचित रूपमा अगाडी बढेको छैन। बित्तिय समानीकरण अनुदान मार्फत संघीय सरकारले पठाउने आर्थिक स्रोतको अपर्याप्तताले नगरपालिकाले तोकेको योजनाहरूको निर्धारित लक्ष्य पुरा गर्न सकिएन।

स्थानीय सरकार सचालनका लागि आवश्यक नीगिगत एवं कानूनी आधारशिला तय भई कार्यान्वयनमा रहनु साथै समन्वय, सहकार्य तथा सह-अस्तित्वका आधारमा तीनै तहमा निर्वाचित सरकारहरू क्रियाशिल हुनु महत्वपूर्ण अवसरका रूपमा रहेको

छ । स्थानीय सरकारहरूबीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनुलाई अवसरका रूपमा लिन सकिन्छ ।

नगरपालिकाको स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरू सिर्जना भएका छन् ।

## २.३ सोच उद्धेश्य तथा रणनीति

मध्यमकालीन खर्च संरचना तयारीमा नगरपालिकाको दीर्घकालिन सोच, आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमलाई प्रमुख आधारको रूपमा लिइएको छ। नगरपालिका विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिमका उप-शिर्षकहरूमा प्रस्तुत गरिएको छ ।

### २.३.१ नगरपालिका विकासको दीर्घकालिन सोच

इलाम नगरपालिकाले तय गरेको नगरपालिकाको दीर्घकालिन सोच देहायअनुसार रहेको छः

**“समुन्नत र सभ्य हरित नगर आधुनिक इलाम शहर”**

### २.३.२ नगरपालिका विकासको लक्ष्य

इलाम नगरपालिकाको दीर्घकालिन सोचका आधारमा तयार भएको नगरविकासको लक्ष्य निम्नानुसार रहेको छ ।

“**स्वच्छ, समृद्ध इलाम नगर**”

### २.३.३ नगरपालिका विकासको उद्देश्य

**क. मुलभूत उद्देश्य**

अ. कृषिमा औद्योगिकिकरण

आ. पर्यटन केन्द्रको रुपमा इलाम

**इ**. विशेषज्ञ स्तरको स्वास्थ्य सेवा

ई. व्यवसायिक तथा प्राविधिक शिक्षा केन्द्रको रुपमा इलाम

उ. स्वरोजगारमा आधारीत अर्थतन्त्र

ऊ. वातावरणमैत्री पूर्वाधार

ए. उत्तरदायिपूर्ण सार्वजनिक सेवा

**ख. सहायक उद्देश्यहरू**

- बर्तमान संबिधान, ऐन कानूनको अधिनमा रहि यस पालिकाको समृद्धिको मार्ग प्रशस्त गर्न स्थानीय आवश्यकता बमोजिम दिगो विकासको जग बलियो बनाउन आवश्यक योजना तथा कार्यक्रमहरू पहिचान गर्ने
- बर्तमान अवसर र भावि संभावना समेतका आधारमा नगरपालिकाको दीर्घकालीन सोचअनुरुप विकास लक्ष्य प्राप्त गर्न सवै विषयगत गुरु योजना, मध्यकालिन खर्च संरचना, यस नगरपालिकाको संस्थागत स्वमूल्याङ्कनमा आधारित सूचकहरूकालागि मार्ग निर्माण गर्ने
- इलाम नगरपालिकाको सर्वाङ्गीण विकासमा आधारित भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास जस्ता विषयगत क्षेत्रहरू र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरू, बजेट निर्धारण तथा सरोकारवालाहरूको सहभागिता र साझेदारीको स्थान समेत पहिचान गरी अल्पकालीन तथा दीर्घकालिन योजना तथा कार्यक्रम तर्जुमा गर्ने
- संबिधान, स्थानीय सरकार सञ्चालन ऐनको मूल मर्म र भावना बमोजिमको विकास लक्ष्य प्राप्त गर्न दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने

## २.४ मध्यमकालीन आर्थिक खाका

इलाम नगरपालिकाको सोच "समुन्नत र सभ्य हरितनगर आद्युनिक इलाम शहर" तथा नगरको लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १: मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० सम्मको उपलब्धि | २०८०/८१ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | औषत आयु | बर्ष | ७३ | ७३ | ७४ | ७४ | ७५ |
| २ | मानव विकास सूचकाङ्क | अङ्क | ०.५४ | ०.५४ | ०.५५ | ०.५५ | ०.५५ |
| ३ | कृषि क्षेत्रको योगदान | प्रतिशत | ४८ | ४८ | ४९ | ५० | ५० |
| ४ | गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | १३.७ | १३.७ | १५ | २० | २५ |
| ५ | सेवा क्षेत्रको योगदान | प्रतिशत | ३८.३ | ३८.३ | ४० | ४२ | ४५ |
| ६ | रोजगारीमा आवद्ध | प्रतिशत | ४५.७५ | ४६ | ५० | ५५ | ६० |
| ७ | कृषिलाई मुख्य पेशा अपनाउने जनसंख्या | प्रतिशत | ६५.५ | ६६ | ६८ | ७० | ७० |
| ८ | गरिवी दर | प्रतिशत | ६ | ६ | ५.५ | ५ | ५ |
| ९ | आर्थिक रुपले सक्रिय जनसंख्या | प्रतिशत | ६० | ६० | ६० | ६० | ७० |
| १० | वेरोजगारी दर | प्रतिशत | ६ | ६ | ५.५ | ५ | ५ |
| ११ | वैदेशिक रोजगारी | प्रतिशत | ६.२ | ६.२ | ६ | ६ | ५५ |
| १२ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४० | ४० | ४५ | ६० | ७० |
| १३ | ऊर्जा उपयोगमा नवीकरणीय ऊर्जा अनुपात | प्रतिशत | ३२ | ३२ | ३३ | ३४ | ३५ |
| १४ | आधारभूत खाद्यसुरक्षाको प्रत्याभूति भएको परिवार संख्या | प्रतिशत | ९५ | ९५ | ९८ | १०० | १०० |
| १५ | स्थानीय व्यबसायिक कृषि फर्म | संख्या | ६५ | ७० | ८० | १०० | १२० |
| १६ | स्थानीय व्यबसायिक पशुपालन फर्म | संख्या | ३६६ | ३७० | ३८० | ३९० | ४०० |
| १७ | कृषि उपज संकलन केन्द्र | संख्या | ५ | ५ | ६ | ९ | १० |
| १८ | कोल्डस्टोर संख्या | संख्या | १ | १ | १ | १ | २ |
| १९ | दुध चिस्यान केन्द्र | संख्या | २ | २ | ३ | ३ | ३ |
| २० | कृतिम गर्भाधान केन्द्र | संख्या | ११ | ११ | १२ | १२ | १२ |
| २१ | कृतिम गर्भाधान सफलता | प्रतिशत | ५० | ५० | ६० | ७० | ८० |
| २२ | व्यावसायिक रुपमा कृषिमा संलग्न जनसंख्या | प्रतिशत | १३.५ | १४ | २० | ३५ | ३८ |
| २२ | व्यावसायिक रुपमा पशुपालनमा संलग्न घरधुरी | प्रतिशत | १८.५ | १९ | २५ | ३० | ४० |
| २३ | कृषि तथा पशु बीमा | प्रतिशत | २० | २० | २५ | ३० | ५५ |
| २४ | बैंक र वित्तीय संस्था | संख्या | २६ | २६ | २८ | ३० | ३० |
| २५ | नगरमा कृयाशिल सहकारी | संख्या | १२६ | १०८ | १०८ | ११० | ११० |
| २६ | जीवन विमा कम्पनी | संख्या | ७ | १३ | १३ | १३ | १३ |
| २७ | उद्योग क्षेत्रको रोजगारी | प्रतिशत | १.७ | ४ | ६ | ९ | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | व्यवस्थित होमस्टे र पर्यटकीय क्षेत्र | संख्या | १७ | ५० | ५५ | ५५ | ६० |
| २९ | पर्यटकीयस्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | ४० | ६० | ८० | ९० | १०० |
| ३० | व्यवस्थित पर्यटकीय गन्तव्य | संख्या | २२ | २५ | २५ | ३० | ३२ |
| ३१ | सङ्ग्रहालय | संख्या | ३ | ३ | ३ | ५ | ५ |
| ३२ | बिपद्का घटनाबाट प्रभावित परिवार | प्रतिहजार | १४० | १४० | १३० | १०० | ८० |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको राष्ट्रिय आवधिक योजना, कोशी प्रदेशको प्रथम प्रथम आवधिक योजना तथा इलाम नगरपालिकाको वर्तमान आवाधिक योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। यो खाका विगत आर्थिक वर्षहरूको उपलब्धी र चालु आर्थिक वर्ष २०८०/८१ को अनुमानित उपलब्धीको आधारमा आगामी आ.व. २०८१/८२ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका २ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | ०७९/८० सम्मको उपलब्धि | ०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| १ | आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को खुद भर्नादर | प्रतिशत | ९० | ९० | ९२ | ९५ | १०० |
| २ | साक्षरता दर | प्रतिशत | ९८ | ९८ | ९९ | १०० | १०० |
| ३ | बालमैत्री पूर्वाधार भएका सार्वजनिक विद्यालयको संख्या | प्रतिशत | ४० | ५० | ६० | ८० | १०० |
| ४ | विश्वविद्यालय स्थापना | संख्या | ० | ० | ० | १ | १ |
| ५ | व्यबस्थित विज्ञान प्रयोगशाला भएका सामुदायिक बिद्यालय | संख्या | १० | २१ | ३० | ४० | ४५ |
| ६ | बिद्यूतीय हाजिरी भएको जडान भएको सामुदायिक बिद्यालय | संख्या | ५ | १९ | २२ | ३० | ४५ |
| ७ | इन्टरनेट जडान भएको विद्यालय | संख्या | १० | ३७ | ४० | ४५ | ५० |
| ८ | प्रारम्बिक बालविकास केन्द्र | संख्या | ५० | ७१ | ७५ | ७५ | ७५ |
| ९ | प्राविधिक विषयमा उच्च शिक्षा दिने शिक्षण संस्थाहरूलाई सहयोग | संख्या | १ | २ | २ | २ | २ |
| १० | ३० मिनेट भित्र अस्पतालको पहुँचमा भएको जनसंख्या | प्रतिशत | ५० | ५३ | ५५ | ५८ | ६० |
| ११ | बालबालिकाको खोप कभरेज | प्रतिशत | ७४.४ | ८४.७ | १०० | १०० | १०० |
| १२ | दक्ष प्राविधिकबाट प्रसूति गराईएको जन्म | प्रतिशत | ९८ | ९९ | १०० | १०० | १०० |
| १३ | २५०० ग्राम भन्दा कम जन्म तौल भएका शिशु | संख्या | ४० | ३० | ५ | ० | ० |
| १४ | मातृमृत्यु दर | प्रति हजार | ० | ० | ० | ० | ० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | ०७९/८० सम्मको उपलब्धि | ०८०/८१ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| १५ | नवजात शिशुमृत्यु दर | प्रति हजार | ० | ० | ० | ० | ० |
| १६ | स्वास्थ्य बीमा विस्तार | प्रतिशत | ५५.६ | ५८ | ६० | ७० | १०० |
| १७ | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | प्रतिशत | ३० | २० | १५ | | १५ |
| १८ | सूचीकृत बेरोजगार संख्या | जना | १०८२ | १३७८ | १२०० | १००० | ७०० |
| १९ | नमूना रोजगार कार्यक्रम | संख्या | ४० | ४२ | ६० | ७० | ८० |
| २० | व्यवस्थित खेलमैदान | संख्या | ८ | २२ | २५ | २७ | ३० |
| २१ | कवर्ड हल | संख्या | २ | ३ | ४ | ५ | ५ |

## २.६ मध्यमकालीन बजेट खाका

नगरपालिकाको आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिई यो त्रिवर्षीय बजेट खाका तयार गरिएको छ। मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यक हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ।

नगरगौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमहरूको लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई बिश्लेषण गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको अवस्था, संघीय सरकारबाट प्राप्त हुने स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव लगायतका पक्षहरूलाई पनि ख्याल गरिएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची मा दिइएको छ।

पहिलो वर्षको खर्च संरचनाको राजस्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८१/८२ को बजेट राजस्व तथा विनियोजनका आधारमा गरिएको छ। त्यसैगरी दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिकाको आवाधिक योजनामा उल्लेख गरेको लक्ष्य, छनोट गरिएका कृयाकलाप साथै हासिल गर्ने नतिजालाइ प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आगामी आ.व.हरूका लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगत आ.व.हरूको स्रोत संकलन, चालु आ.व.को अनुमान नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बाँडफाँटका दस्तावेजहरूलाई मुख्य आधारका रुपमा लिईएको छ।

नगरपालिकाको आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. ३ अर्ब ८४ करोड ९९ लाख ७६ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। स्रोत परिचालनतर्फ १ अरव ३५ करोड ७५ लाख, आन्तरिक आयबाट रु. ६९ करोड ४९ लाख २२ हजार, राजस्व बाँडफाटबाट रु. ६६ करोड २८ लाख ४४ हजार, नेपाल सरकार वित्तिय हस्तान्तरण मध्ये संघीय सरकारबाट २ अरव २१ करोड ८६ लाख २८ हजार र प्रदेश सरकारको वित्तिय हस्तान्तरण १२ करोड ४३ लाख व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका ३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण**

| बजेटका स्रोतहरू | आय अनुमान र प्रक्षेपण | | | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | ०७९/८० को यथार्थ | ०८०/८१ को संशोधित अनुमान | ८१/८२ को अनुमान | ०८२/८३ प्रक्षेपण | ०८३/८४ प्रक्षेपण | |
| आय | १,२१९,९५७,६७३ | ९९८,६९१,२८० | १,१२३,१८२,९६७ | १,१७५,५८०,०१७ | १,२२४,३५९,०१८ | ३,५२३,१२२,००३ |
| राजस्व | २२२,३५३,५५१ | १२९,८३७,६६५ | १६१,३८१,५०० | १६९,४५०,५७५ | १७७,९२३,१०४ | ५०८,७५५,१७९ |
| **आन्तरिक श्रोत** | ७८,४२०,२९० | ७५,५०९,७६७ | ९५,०००,००० | ९९,७५०,००० | १०४,७३७,५०० | २९९,४८७,५०० |
| सम्पत्ती कर | ७,८५०,३०७ | ३,४४४,०७६ | ८,०००,००० | ८,४००,००० | ८,८२०,००० | २५,२२०,००० |
| भुमिकर/मालपोत | ९,५८१,९४६ | १०,०८१,१३२ | ८,५००,००० | ८,९२५,००० | ९,३७१,२५० | २६,७९६,२५० |
| वहाल कर | ६,४१९,८२४ | ८,१८६,४४९ | ९,५००,००० | ९,९७५,००० | १०,४७३,७५० | २९,९४८,७५० |
| वहाल विटौरी कर | ३७२,९३५ | ६९१,५५५ | १००,००० | १०५,००० | ११०,२५० | ३१५,२५० |
| सवारी साधन कर (साना सवारी) | ७४,४५१ | २२८,३०० | १००,००० | १०५,००० | ११०,२५० | ३१५,२५० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १,६०० | – | – | – | – | – |
| बाँडफाडबाट प्राप्त मनोरञ्जन कर | | – | १०,००० | १०,५०० | ११,०२५ | ३१,५२५ |
| बाँडफाडबाट प्राप्त विज्ञापन कर | | – | १००,००० | १०५,००० | ११०,२५० | ३१५,२५० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ८,३२० | २,४५४,०३० | २,०००,००० | २,१००,००० | २,२०५,००० | ६,३०५,००० |
| अन्य कर | ३,५४७ | ८४,४४५ | १००,००० | १०५,००० | ११०,२५० | ३१५,२५० |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५,३०३,१६० | ३,७२७,७२५ | ७,५००,००० | ७,८७५,००० | ८,२६८,७५० | २३,६४३,७५० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तर तथा ढुगा निकासी तथा विक्रि शुल्क | ८९१,८४० | ९०५,१५० | १,०००,००० | १,०५०,००० | १,१०२,५०० | ३,१५२,५०० |
| सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ६४,५०० | १२,३०० | १००,००० | १०५,००० | ११०,२५० | ३१५,२५० |
| अन्य बिक्रीबाट प्राप्त रकम | ५८३,८२८ | – | १०,००० | १०,५०० | ११,०२५ | ३१,५२५ |
| निजी धारा वापतको शुल्क | १८,९२३,१७५ | २४,११९,८२० | २९,५००,००० | ३०,९७५,००० | ३२,५२३,७५० | ९२,९९८,७५० |
| अन्य सवा शुल्क तथा बिक्री विविध, सक्सन मेसिन शुल्क तथा व्याकुलोडर उपयोग शुल्क | ६,१७६,३१७ | ४,००४,२६५ | ६,०००,००० | ६,३००,००० | ६,६१५,००० | १८,९१५,००० |
| न्यायिक दस्तूर | ६,५५० | ३६,५६० | १०,००० | १०,५०० | ११,०२५ | ३१,५२५ |
| शिक्षा क्षेत्रको आम्दानी | | १०१,७०० | – | – | – | – |
| परीक्षा शुल्क | १३०,६२५ | १३०,२५० | १३०,००० | १३६,५०० | १४३,३२५ | ४०९,८२५ |
| अन्य प्रशासनिक सेवा शुल्क | – | | १०,००० | १०,५०० | ११,०२५ | ३१,५२५ |
| पार्किङ्ग शुल्क | १,०५१,००० | ३१५,४९० | २,५००,००० | २,६२५,००० | २,७५६,२५० | ७,८८१,२५० |
| नक्सापास दस्तुर | ३,१३९,४४३ | २,७४४,३०४ | ५,२००,००० | ५,४६०,००० | ५,७३३,००० | १६,३९३,००० |
| सिफारिश दस्तुर | ७,५९५,५०० | ६,५५२,६४२ | ७,५००,००० | ७,८७५,००० | ८,२६८,७५० | २३,६४३,७५० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५६०,८८० | ४७१,६१० | ५००,००० | ५२५,००० | ५५१,२५० | १,५७६,२५० |
| नाता प्रमाणित दस्तुर | २३७,४३० | ४३८,८०० | ३००,००० | ३१५,००० | ३३०,७५० | ९४५,७५० |
| अन्य दस्तुर दर्ता टिकट | १,८०७,३२९ | ३३,८३० | ५००,००० | ५२५,००० | ५५१,२५० | १,५७६,२५० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,९३६,३७२ | २,६६१,६६७ | १,०००,००० | १,०५०,००० | १,१०२,५०० | ३,१५२,५०० |
| अन्य क्षेत्रको आय | – | १०२,९९९ | ५०,००० | ५२,५०० | ५५,१२५ | १५७,६२५ |
| न्यायिक दण्ड जरिवाना र जफत | – | २०२ | १०,००० | १०,५०० | ११,०२५ | ३१,५२५ |

| बजेटका स्रोतहरू | आय अनुमान र प्रक्षेपण | | | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | ०७९/८० को यथार्थ | ०८०/८१ को संशोधित अनुमान | ८१/८२ को अनुमान | ०८२/८३ प्रक्षेपण | ०८३/८४ प्रक्षेपण | |
| प्रशासनिक दण्ड जरिवाना र जफत | – | ४,९८२ | १०,००० | १०,५०० | ११,०२५ | ३१,५२५ |
| धरौटी सदरस्याहा | ५८,६०२ | ५८,४०३ | १६०,००० | १६८,००० | १७६,४०० | ५०४,४०० |
| व्यवसाय कर | ४,२३८,६९३ | ३,८४२,१५२ | ४,५००,००० | ४,७२५,००० | ४,९६१,२५० | १४,१८६,२५० |
| बेरूजू | ४०२,११६ | ७४,९३० | १००,००० | १०५,००० | ११०,२५० | ३१५,२५० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १४३,९३३,२६१ | ५४,३२७,८९८ | ६६,३८१,५०० | ६९,७००,५७५ | ७३,१८५,६०४ | २०९,२६७,६७९ |
| मालपोत रजिष्टेशन दस्तुर | ९,७०२,९७६ | ९,६९५,७५५ | १२,०००,००० | १२,६००,००० | १३,२३०,००० | ३७,८३०,००० |
| जनसहभागिता | २८,८२१,३०६ | ७,३६१,२३० | ३०,०००,००० | ३१,५००,००० | ३३,०७५,००० | ९४,५७५,००० |
| सार्वजनिक निजि साझेदारी | – | – | – | – | – | – |
| गत वर्षको अ.ल्या. | ८८,०९७,१२८ | ३२,३०५,५१३ | ४,३८१,५०० | ४,६००,५७५ | ४,८३०,६०४ | १३,८१२,६७९ |
| नगर विकास कोष ऋण | – | – | – | – | – | – |
| अन्य संस्थागत आन्तरिक अनुदान सडक वोर्ड | ७,३११,८५१ | ४,९६५,४०० | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ३१,५२५,००० |
| आन्तरिक ऋण | १०,०००,००० | – | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ३१,५२५,००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ८९८,६६८,७८४ | ७५८,६१८,१४५ | ८३७,०४३,४२५ | ८६८,८९५,५९६ | ९०२,३४०,३७६ | २,६०८,२७९,३९७ |
| अन्तर सरकारी अख्तियारी | १९२,५४५,००० | १४४,८६८,०६५ | २००,०००,००० | २००,०००,००० | २००,०००,००० | ६००,०००,००० |
| स्थानीय पूर्वाधार विकास साझेदारी | – | | | | | – |
| सामाजिक सुरक्षा सशर्त | १९२,५४५,००० | १४४,६८८,०६५ | २००,०००,००० | २००,०००,००० | २००,०००,००० | ६००,०००,००० |
| अन्य अन्तर सरकारी अख्तियारी | – | १८०,००० | | | | – |
| संघीय सरकार | ६५७,५११,४०९ | ५८१,७२७,८३० | ५९२,१९५,५०० | ६२१,८०५,२७५ | ६५२,८९५,५३९ | १,८६६,८९६,३१४ |
| समानिकरण अनुदान | १५५,५८५,००० | १०७,६८१,८३० | १४८,८००,००० | १५६,२४०,००० | १६४,०५२,००० | ४६९,०९२,००० |
| शसर्त अनुदान चालु | ३६४,८५१,४०९ | ३७४,६६०,००० | ३६३,०७०,९०० | ३८१,२२४,४४५ | ४००,२८५,६६७ | १,१४४,५८१,०१२ |
| शसर्त अनुदान पुँजीगत | १०४,०७५,००० | ५९,३८६,००० | ६५,३२४,६०० | ६८,५९०,८३० | ७२,०२०,३७२ | २०५,९३५,८०२ |
| विषेश अनुदान चालु | १८,०००,००० | २०,०००,००० | – | – | – | – |
| विषेश अनुदान पुँजीगत | | १०,०००,००० | – | – | – | – |
| समपुरक अनुदान पुँजीगत | १५,०००,००० | १०,०००,००० | १५,०००,००० | १५,७५०,००० | १६,५३७,५०० | ४७,२८७,५०० |
| प्रदेश सरकार | ४८,६१२,३७५ | ३२,०२२,२५० | ४४,८४७,९२५ | ४७,०९०,३२१ | ४९,४४४,८३७ | १४१,३८३,०८४ |
| समानिकरण अनुदान | ८,१३१,३७५ | ६,९८५,५०० | ९,४११,००० | ९,८८१,५५० | १०,३७५,६२८ | २९,६६८,१७८ |
| शसर्त अनुदान चालु | ३०,४८१,००० | १,६७५,००० | १,८४२,५०० | १,९३४,६२५ | २,०३१,३५६ | ५,८०८,४८१ |
| शसर्त अनुदान पुँजीगत | – | १०,३६१,७५० | २०,५९४,४२५ | २१,६२४,१४६ | २२,७०५,३५४ | ६४,९२३,९२५ |
| समपुरक अनुदान चालु | १०,०००,००० | १३,०००,००० | १३,०००,००० | १३,६५०,००० | १४,३३२,५०० | ४०,९८२,५०० |
| समपुरक अनुदान पुँजीगत | | – | – | – | – | – |
| राजस्व बाँडफाँड | ९८,९३५,३३८ | ११०,२३५,४७० | १२४,७५८,०४२ | १३७,२३३,८४६ | १४४,०९५,५३९ | ४०६,०८७,४२७ |
| संघीय सरकारबाट बाँडफाँड भइ आउने | ८७,५२०,३३१ | ९८,७८१,०२६ | ११२,९५३,०४२ | १२४,२४८,३४६ | १३०,४६०,७६४ | ३६७,६६२,१५२ |
| प्रदेश सरकार सरकारबाट बाँडफाँड भइ आउने | ११,४१५,००७ | ११,४५४,४४४ | ११,८०५,००० | १२,९८५,५०० | १३,६३४,७७५ | ३८,४२५,२७५ |
| संघीय सरकार रोयल्टी | | | १३,०४६,९५८ | १३,६९९,३०६ | १४,३८४,२७१ | ४१,१३०,५३५ |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### क. प्राथमिकताक्रमको आधारमा बाडफाँड

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु.लाखमा)**

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | ०८१/८२ को खर्च अनुमान | | ०८२/८३ को खर्च प्रक्षेपण | | ०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | ९८ | ७८६२ | ७० | ८२२९.०६ | ७० | ८९३७.८ | ७३ |
| प्राथमिकता दोश्रो (P2) | ११० | ३३६९.५ | ३० | ३५२६.७ | ३० | ३३०५.७ | २७ |
| जम्मा | २०८ | ११२३१.५ | १०० | ११७५५.७ | १०० | १२२४.५ | १०० |

### ख. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका न ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना/ कार्यक्रम संख्या | ०८१/८२ को व्यय अनुमान | | ०८२/८३ को खर्च प्रक्षेपण | | ०८३/८४को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ५ | ३३७ | ०.०३ | ३७०.६५०३८ | ०.०३ | ४०८ | ०.०३ |
| २ | शून्य भोकमरी | १३ | ३१६७४ | २.८२ | ३४८४१.१३६ | २.८२ | ३८३२५ | २.८२ |
| ३ | स्वस्थ जीवन | २१ | १०१३११ | ९.०२ | १११४४२.२१ | ९.०२ | १२२५८६ | ९.०२ |
| ४ | गुणस्तरीय शिक्षा | १३ | २९६८५७ | २६.४३ | ३२६५४२.९८ | २६.४३ | ३५९१९७ | २६.४३ |
| ५ | लैङ्गिक समानता | ११ | २३५८७ | २.१० | २५९४५.५२७ | २.१० | २८५४० | २.१० |
| ६ | स्वच्छ पानी र सरसफाइ | १२ | २१४५३ | १.९१ | २३५९८.०७४ | १.९१ | २५९५८ | १.९१ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ६ | ४२६८ | ०.३८ | ४६९४.९०४८ | ०.३८ | ५१६४ | ०.३८ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | १३ | १८०८३ | १.६१ | १९८९१.५७ | १.६१ | २१८८१ | १.६१ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ३३ | ३१०८९७ | २७.६८ | ३४१९८६.७५ | २७.६८ | ३७६१८५ | २७.६८ |
| १० | असमानता न्यूनीकरण | ११ | ४७६९ | ०.४२ | ५२४५.९ | ०.४२ | ५७७० | ०.४२ |
| ११ | दिगो शहर र बस्ती | ८ | ९७७२१ | ८.७० | १०७४९२.६५ | ८.७० | ११८२४२ | ८.७० |
| १२ | दिगो उपभोग र उत्पादन | | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ११ | ३०५५१ | २.७२ | ३३६०५.६३४ | २.७२ | ३६९६६ | २.७२ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १६ | शान्ति, न्याय र सबल संस्था | २३ | १७३६७६ | १५.४६ | १९१०४४.०१ | १५.४६ | २१०१४८ | १५.४६ |
| १७ | दिगो विकासको लागि साझेदारी | ७ | ८१९९ | ०.७३ | ९०१९.१५९२ | ०.७३ | ९९२१ | ०.७३ |
| | कुल जम्मा | १८७ | ११२३३८३ | १००.० | १२३५७२१.२ | १००.० | १३५९२९३ | १००.० |

## ग. लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

लैङ्गिंक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ६ मा प्रस्तुत छ ।

**तालिका ६ : लैङ्गिंकसंकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| लैङ्गिक संकेत | आयोजना/ कार्यक्रम संख्या | ०८१/८२ को व्यय अनुमान | | ०८२/८३ को खर्च प्रक्षेपण | | ०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १३ | २३५८७ | ४.५ | २४६८७ | २.१ | २५७१२ | २.१ |
| सहयोगी | ३३ | १७८९५९ | ३४.४ | १८७३६३ | १५.९ | १९५२०५ | १५.९ |
| तटस्थ | १४१ | ९२०६७३ | १७६.९ | ९६३६२३ | ८२.० | १००३६०७ | ८२.० |
| जम्मा | १८७ | ११२३२१९ | २१५.७६२१५ | ११७५६७३ | १०० | १२२४५२३.७ | १०० |

## घ. जलवायु सङ्केतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं.७ मा प्रस्तुत छ ।

**तालिका ७ : जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| जलवायु संकेत | आयोजना/कार्यक्रम संख्या | ०८१/८२ को व्यय अनुमान | | ०८२/८३ को खर्च प्रक्षेपण | | ०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ११ | ५३९१ | ०.४८ | ५६४३ | ०.४८ | ५८७७ | ०.४८ |
| सान्दर्भिक | २९ | २५१५९ | २.२४ | २६३३३ | २.२४ | २७४२६ | २.२४ |
| तटस्थ | १४७ | १०९२६६८ | ९७.२८ | ११४३६९८ | ९७.२८ | ११९१२२१ | ९७.२८ |
| जम्मा | १८७ | ११२३२१९ | १०० | ११७५६७३.५ | १०० | १२२४५२४ | १०० |

## ङ. स्थानीय गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

इलाम नगरपालिकाले वातावरणमैत्री विकास, सामाजिक आर्थिक योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ । नगरपालिकाको गौरवका आयोजनाको आगामी आर्थिक वर्षको खर्च अनुमान र त्यसपछिका दुई वर्षको खर्च प्रक्षेपणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८ : नगरपालिका स्तरीय गौरवका आयोजना**

| क्र.सं. | आयोजना तथा कार्यक्रम | त्रिवर्षीय खर्च अनुमान (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| १ | ३०० शैयाको जिल्ला अस्पताल लाई आवश्यक पूर्वाधार र जनशक्तिको कर्मचारीको व्यवास्थापन गरी संचालनको प्रकृया अगाडी बढाउने | ८०००० | ४०००० | ३०००० |
| २ | इलाम अस्पताललाई विशेषज्ञ डाक्टर तथा उपकरण सहित पूर्ण क्षमतामा संचालन गर्ने । | १३०००० | ८०००० | ४०००० |
| ३ | नगरसँग पालिका तथा वडा केन्द्र जोडने प्रमुख १५ वटा सडकहरू अलवेदर बनाउन | १७०००० | १००००० | ८०००० |
| ४ | पहिचान भएका नगर र आसपासका ५ पर्यटकीय गन्तव्यहरूको (मनोरन्जन पर्यटन) प्रवर्द्धन गर्ने । | ८०००० | ५०००० | २०००० |
| ५ | सीप तथा नवप्रर्वतनमा आधारित आर्थिक विकास सर्भेक्षण तथा योजना तर्जुमा गरी उद्यमी प्रोत्साहन कार्यक्रम संचालन गर्ने | २०००० | १०००० | १०००० |

| क.सं. | आयोजना तथा कार्यक्रम | त्रिवर्षीय खर्च अनुमान (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| ६ | उच्च शिक्षा सञ्चालन गर्न कृषि सामुदायिक क्याम्पसको स्थापना र प्रभावकारी व्यवस्थापन सञ्चालन | ८0000 | ५0000 | ३0000 |
| ७ | नगर स्तरीय जलवायू अनुकुलन योजना निर्माण गरी वडा स्तरमा नमूना योजना कार्यान्वयन गर्ने । | १७0000 | १00000 | ८0000 |
| ८ | ठूलो टुडिखेललाई स्टेडियममा स्तरोन्नती गर्ने | ५000 | ५0000 | ३0000 |
| ९ | एकिकृत नगर विकास योजना | १७0000 | ९0000 | ९0000 |
| १० | नगरका सामुदायिक तथा निजि शैक्षिक संस्थाहरूलाई प्राविधिक, व्यवसायिक एवं प्रतिष्पर्धी शिक्षालयको रुपमा विकास गर्ने | १00000 | ३00000 | ३00000 |
| ११ | इलाम नगरलाई उत्थानशील शहरको रुपमा विकास गर्ने । | १५0000 | १७0000 | १८0000 |
| | **जम्मा** | ११५५000 | १0४0000 | ८९0000 |

## २.८ विषय क्षेत्रको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

विषय क्षेत्रगत रुपमा आगामी ३ आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९ : आगामी तीन आ.व.को विषय उप-क्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)**

| क.सं. | विषय क्षेत्र | ०८१/८२ को व्यय अनुमान | | | ०८२/८३ को खर्च प्रक्षेपण | | | ०८३/८४ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत |
| १ | कृषि तथा खाद्य सुरक्षा | ३१६७४ | १३९३६ | १७७३७ | ३३१५१ | १४९१८ | १८२३३ | ३४५२७ | १५५३७ | १८९९० |
| २ | सिंचाई | १२३५५ | ० | १२३५५ | १२९३१ | ० | १२९३१ | १३४६८ | ० | १३४६८ |
| ३ | पशु सेवा | ८४२४ | ७७५० | ६७४ | ८८१७ | ७९३५ | ८८२ | ९१८३ | ८२६४ | ९१८ |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | ५८४१ | ५२५६ | ५८४ | ६११३ | ५४४१ | ६७२ | ६३६७ | ५६२३ | ७४४ |
| ५ | पर्यटन तथा संस्कृति | ८०८७ | ३६१२ | ४४७४ | ८४६४ | ३८७३ | ४५९१ | ८८१५ | ३९८४ | ४८३१ |
| ६ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | १०४४६ | ६३९३ | ४०५३ | १०९३३ | ६९१७ | ४०१६ | ११३८७ | ७४९१ | ३८९५ |
| ७ | श्रम तथा रोजगारी | ९९९६ | ८५४८ | १४४८ | १०४६३ | ८६८४ | १७७९ | १०८९७ | ९२०८ | १६८९ |
| ८ | गरिबी निवारण | ३३७ | ३३७ | ० | ३५३ | ३५३ | ० | ३६७ | ३६७ | ० |
| ९ | शिक्षा, विज्ञान तथा प्रविधि | २९६८५७ | २९२२५६ | ४६०१ | ३१०७०६ | ३०५०२० | ५६८६ | ३२३५९८ | ३१८९३८ | ४६६० |
| १० | स्वास्थ्य तथा पोषण | ९२८८७ | ८७२३० | ५६५७ | ९७२२० | ९२३५९ | ४८६१ | १०१२५४ | ९६१९२ | ५०६३ |
| ११ | खानेपानी तथा सरसफाइ | ९०९८ | १०१९ | ८०७९ | ९५२२ | १३५२ | ८१७० | ९९१७ | ११११ | ८८०७ |
| १२ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २३५८७ | २३५८७ | ० | २४६८७ | २४६८७ | ० | २५७१२ | २५७१२ | ० |
| १३ | युवा, खेलकुद | ८०८७ | ६४७० | १६१७ | ८४६४ | ६७७१ | १६९३ | ८८१५ | ७०५२ | १७६३ |
| १४ | सामाजिक सुरक्षा तथा पञ्जीकरण | १४६० | १४६० | ० | १५२८ | १५२८ | ० | १५९२ | १५९२ | ० |
| १५ | बस्ती विकास, आवास र भवन | ८७७२१ | २७१९ | ८५००१ | ९१८१३ | ४५९१ | ८७२२२ | ९५६२२ | ५७३७ | ८९८८५ |
| १६ | सडक तथा यातायात | २९११२९ | ११६४५ | २७९४८४ | ३०४७१० | १५२३६ | २८९४७५ | ३१७३५४ | १५८६८ | ३०१४८६ |
| १७ | विद्युत् तथा स्वच्छ ऊर्जा | ५६२ | ५६२ | ० | ५८८ | ५८८ | ० | ६१२ | ६१२ | ० |

| क.सं. | विषय क्षेत्र | ०८१/८२ को व्यय अनुमान | | | ०८२/८३ को खर्च प्रक्षेपण | | | ०८३/८४ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १८ | सूचना, सञ्चार तथा प्रविधि | ३७०७ | ४८३ | ३२२४ | ३८७९ | ० | ३८७९ | ४०४० | ० | ४०४० |
| १९ | वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | ३४८२ | ३४९ | ३१३३ | ३६४४ | ५४७ | ३०९८ | ३७९६ | ५६९ | ३२२६ |
| २० | वातावरण तथा फोहोरमैला व्यवस्थापन | २१६७७ | १४०९० | ७५८७ | २२६८९ | १४७४८ | ७९४१ | २३६३० | १५३६० | ८२७१ |
| २१ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | ५३९१ | ४९०८ | ४८३ | ५६४३ | ५०७९ | ५६४ | ५८७७ | ५२८९ | ५८८ |
| २२ | नीति, कानून, न्याय र सुशासन | ६१७८ | ६१७८ | ० | ६४६६ | ६४६६ | ० | ६७३४ | ६७३४ | ० |
| २३ | संगठन, मानव संशाधन र क्षमता विकास | १७७४९९ | १५४७७९ | २२७२० | १८५८३५ | १६७२५२ | १८५८४ | १९३६१३ | १७४२५२ | १९३६१ |
| २४ | राजस्व तथा श्रोत परिचालन | २०२२ | २०२२ | ० | २११६ | २११६ | ० | २२०४ | २२०४ | ० |
| २५ | तथ्याङ्क, योजना तथा विकास परिचालन | ४७१७ | ४७१७ | ० | ४९३७ | ४९३७ | ० | ५१४२ | ५१४२ | ० |
| | **कुल जम्मा** | ११२३२१९ | ६६०३०६ | ४६२९१३ | ११७५६७३ | ७०१३९६ | ४७४२७७ | १२२४५२४ | ७३२८३९ | ४९१६८५ |

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो तीन वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धी र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

इलाम नगरपालिकाका समुदायको प्रमुख पेशा कृषि तथा पशुपालन व्यवसाय हो । कृषिजन्य उत्पादनको लागि उर्भर भूमि रहेको यस नगरपालिकाको करिब ४४.८ प्रतिशत खेतीयोग्य रहेको छ । समुन्द्र सतहबाट न्यूनतम २८३ मि. देखि ३,०१९ मि.सम्म फैलिएको भौगोलिक धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकृतिको माटो र उत्पादन रहेको छ । नगरपालिकाको रोजगारी र जीविकोपार्जनको मुख्य आधार नगदेबालीमा चिया, अलैची, आलु, अम्लिसो, अदुवा, च्याउका साथै खाद्यान्नबालीमा मकै, धान, गँहु, कोदो, जौं ,फापर रहेको पाइन्छ । त्यसैगरी काउली, बन्दा, मुला, रायो, सिमी, काँका, फर्सी, करेला, आलु, गोलभेडा, भिन्डी, स्कुस लगायतका तरकारी व्यवसायिक रुपमा खेती गरिन्छ भने फलफुलमा सुन्तला, केरा व्यवसायिक रुपमा उत्पादन हुन्छ र आरुचा, कागती, नस्पाती, अम्बा, लिची, आँप, मेवा आदी रुपमा उत्पादन हुन्छ । कृषि क्षेत्रको विकासका लागी यस नगरपालिकामा रहेको सामुदायिक कृषि क्याम्पसले महत्वपूर्ण भूमिका खेलेको छ ।

### ३.१.२ समस्या तथा चुनौती

कृषिको व्यावसायीकरण हुन नसक्नु, सिंचाईको अपर्याप्तता र विद्यमान सिंचाई आयोजना पूर्ण क्षमतामा उपयोग हुन नसक्नु, कृषकमा नयाँ प्रविधि, उन्नत बिउ/मल, जैविक तथा प्राङ्गारिक कृषि सम्बन्धी ज्ञान अपुग, कृषि सामाग्री र औजारको उचित वितरण तथा प्रयोगमा कमी, कृषक समूहको क्षमता अभिवृद्धि यथोचित नहुनु, बालीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका कृषि प्रणाली सम्बन्धी जानकारीको कमी, कृषि उपजको बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, उत्पादन, कृषि अनुसन्धान र कृषि प्रसार बीच समन्वयको कमी, प्रशोधन क्षमताको कमी एवम न्यून मूल्य अभिवृद्धि आदि प्रमख समस्या हुन् ।

स्थानीय सरकार मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सदृढीकरण गर्न, कृषि सम्बन्धी अनुसन्धान संस्था एवम संरचना संघीय सरकारबाट प्राप्त गर्न, परम्परागत कृषि ज्ञानको पुर्नखोज गरी आधुनिकीकरण र उपयोग गर्न, जग्गाको चक्लाबन्दी गर्न, कृषिमा उपयुक्त यान्त्रिकीकरण र व्यावसायीकरण गर्न, जलबायुमैत्री  कृषि प्राविधि कम जानकारी, जंगली जनावरबाट बाली सुरिक्षत गर्न, कृषि बालीमा लाग्ने किरा तथा रोगको पहिचान गर्न, जैविक तथा प्राङ्गारिक कृषि प्रणालीको प्रवर्द्धन गर्न, हानिकारक कीटनाशक विषादी र रासायनिक मल र आनुवांशिक परिवर्तन गरिएका बाली वस्तु नियिन्त्रत गर्न, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्न, कृषकले दुध, अदुवा, कुंचो जस्ता कृषि उत्पादनको सही मुल्य प्राप्त गर्न आदि प्रमुख चुनौती हुन् ।

### ३.१.३ लक्ष्य

- कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योग व्यवसाय प्रवर्दन गर्ने

### ३.१.४ उद्देश्य

१. प्रविधि विकास गर्दै कृषि प्रणालीलाई नाफामूलक, गुणस्तरीय, दिगो एवम् व्यवसायिक बनाउनु ।

२. प्राथमिकता पद्धत बाली र उच्च मूल्यका बाली उत्पादन गरी अनुसन्धान तथा उद्योगको माध्यमवाट रोजगार सृजना गर्नु ।

### ३.१.५ रणनीति

- प्रविधिमैत्री कृषि अभ्यास अपनाउने
- भौगोलिक क्षेत्र र सम्भाव्यताका आधारमा खेतीयोग्य जमिनहरूमा प्रविधियुक्त सिंचाईको सुविधा उपलब्ध गराउने ।
- कृषि तथा कृषिमा आधारित सेवालाई उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमा संलग्न व्यक्तिहरूको आत्मसम्मान उच्च गराउने ।
- वातावरण मैत्री कृषि प्रविधिको विकास र प्रसार गरी खाद्य स्वच्छतामुखी उत्पादनलाई प्राथमिकता दिने ।
- भूमिको वैज्ञानिक उपयोग तथा कृषक वर्गीकरण सहितको कृषि सम्बन्धी अनुसन्धान, नीति सेवा र पूर्वाधार विकास गर्ने ।
- तुलनात्मक लाभ हुनसक्ने बाली तथा वस्तुको व्यावसायीकरण गर्ने ।

- जलवायु अनुकुलन कृषि अभ्यास प्रवर्द्धन गर्ने ।

## ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. १० मा प्रस्तुत गरिएको छ :

**तालिका १० : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७९/८० सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८१/८२ | ०८२/८३ | ०८३/८४ |
| कृषक परिवारको | संख्या | ९४३० | ९४३० | ९५०० | १०००० | १०२०० |
| खेती योग्य जमिन | हेक्टर | २९४१ | २९४१ | ३१०० | ३२०० | ३५०० |
| अस्यायी बाल लागेको जग्गा | हेक्टर | २७७८ | २७७८ | २८०० | २९०० | ३००० |
| स्थायी बाली लागेको जग्गा | हेक्टर | २४८६ | २४८६ | २५०० | २६०० | २८०० |
| व्यावसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ६७६० | ७२०० | ७५०० | ७८०० | ८००० |
| स्थानीय व्यावसायिक कृषि फार्म | संख्या | २२० | ३६६ | ३८० | ४०० | ४३० |
| सक्रिय व्यावसायिक कृषक सूमह | संख्या | २३ | ६२ | ७० | ८५ | ९५ |
| खाद्यान्न (धान, मकै, गहुँ र कोदो) उत्पादन | मे. ट. | १५९५० | १५९५० | १७००० | १९००० | २०००० |
| व्यावसायिक तरकारी उत्पादन क्षेत्र | हेक्टर | ४६० | ४७० | ४८० | ४९० | ५०० |
| तरकारी उत्पादन | मे.ट. | ६४३५ | ७००० | ९५०० | १०५०० | १२००० |
| फलफूल उत्पादन | मे.ट. | ९७२ | १०५० | १३०० | १६०० | १८०० |
| बार्षिक मासु उत्पादन | मे.ट. | ६८७ | ७०० | ७२० | ७३० | ७५० |
| बार्षिक चिया उत्पादन (हरियो) | मे.ट. | २८९० | २८९० | २९०० | ३१०० | ३२०० |
| कृषि सहकारी संस्था | संख्या | ४१ | ४४ | ४५ | ४८ | ५० |
| दर्ता भएका कृषि उद्योग | संख्या | ३५ | ४० | ४३ | ४५ | ५० |
| कृषि उपज संकलन केन्द्र | संख्या | २ | ५ | ७ | ९ | १२ |
| व्यावसायिक कृषि नर्सरी | संख्या | १ | ४ | ६ | ८ | १० |
| कृषि पकेज क्षेत्र | संख्या | ३ | १२ | १८ | २० | २५ |
| कृषिमा यान्त्रीकरण लवलम्बन गर्ने कृषक परिवार | प्रतिशत | ३ | १२ | १८ | २० | २५ |
| कोल्डस्टोर संख्या | संख्या | १ | १ | १ | २ | ३ |

## ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ३२८०० | १४४३२ | १८३६८ | ० | ४५९२ | २०००८ | ८२०० | ० |
| ०८२/८३ | ३६०८० | १६२३६ | १९८४४ | ० | ५०५१ | २२००९ | ९०२० | ० |
| ०८३/८४ | ३९६८८ | १७८६० | २१८२९ | ० | ५५५६ | २४२१० | ९९२२ | ० |

## ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं.१२ मा प्रस्तुत गरिएको छ :

**तालिका १२: कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | स्थानीय प्रजातिका बाली संरक्षण गर्ने | २०८१/८२ देखि २०८३/८४ सम्म | ९५०० | रैथाने बाली संरक्षण भएको हुनेछ । |
| २ | कृषक प्रोत्साहन, विउ विजन अनुदान, खाद्य विकास | कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरू प्रवर्द्धन गर्दै बजार सुनिश्चित गर्नु | सालबसाली | १७३०० | कृषि व्यबसाय रोजगारको प्रमुख आर्कषणको रुपमा स्थापित भई कृषि रोजगारीको प्रत्याभूति भएको हुनेछ । |
| ३ | संघीय तथा प्रदेशका कार्यक्रम हरू - प्रधानमन्त्री कृषि आधुनिकिकरण लगायतका अन्य कार्यक्रमहरु | कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, खाद्य सुरक्षाको सुनिश्चितता गर्नु | सालबसाली | ५३७६८ | उत्पादकत्व ३०% ले वृद्धि हुनेछ तथा व्यावसायिक कृषकहरू २०% ले बढ् नेछन्। |
| | नगर तथा वडाका कृषि विकास सम्बन्धि कार्यक्रमहरू | कृषि विकासमा टेवा र कृषक प्रोत्साहन | | २५५०० | कृषि उत्पादनमा वृद्धि |
| | कृषि विकास रणनिति अनुगमन तथा समन्वय कार्यक्रम | दिगो कृषि विकास गर्ने | | २५०० | व्यवसायिक कृषि विकासमा टेवा |

## ३.१.९ जोखिम तथा अनुमान

कृषि तथ्याङ्क प्रणाली व्यवस्थित गर्न, कृषि क्षेत्रमा बढी भन्दा बढी जनसंख्यालाई रोजगारी प्रदान गरी पुँजी निर्माणमा लगाउने वातावरण निर्माण गर्न, धेरै वडामा माग भए अनुरुप कृषि उपज बेच बिखन केन्द्र, चिस्यान केन्द्र, संकलन केन्द स्थापना, सञ्चालन र व्यवस्थित गर्न जोखिमपूर्ण छ। साथै कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक) विकास र नयाँ प्रविधिमा आधारित सिंचाईको विस्तार गर्न पनि निकै समय तथा खर्च लाग्ने देखिन्छ। यद्यपि प्रविधि, मल, गुणस्तरीय बीउको सुलभ आपुर्ति, भरपर्दो सिँचाइ प्रणाली, भूमिको उपयोग र एकीकृत व्यवस्थापन गर्न सकिएमा अपेक्षित नतिजा प्राप्ति गर्न सकिने अनुमान गर्न सकिन्छ।

अपेक्षित लक्ष्य प्राप्ति गर्नमा बदलिदो जलबायुको विश्वव्यापी असरका कारण सिर्जित प्राकृतिक प्रकोप, रोग प्रकोप लगायतका जोखिमहरूको पूर्वानुमान र न्यूनिकरणका कार्यहरका लागि प्राविधिक र आर्थिक व्यवस्थापनको चुनौती अनुमान गर्न सकिन्छ।

### ३.२ सिचांई

## ३.२.१ पृष्ठभूमि

यस नगरपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा कुल भू-भाग १७३.३५ वर्ग कि.मी. मध्ये खेतीयोग्य जमिन ४४.८ प्रतिशत रहेको छ। नगरपालिकाको कुल खेतीयोग्य जमिनको ८ प्रतिशत भू-भागमा सिंचाई पुगेको अवस्था छ। चारखोलाका नामले चिनिने इलाममा मुख्य चारवटा खोलाहरू माई, पुवा माई, देउमाई, जोगमाई अत्यन्त महत्वपूर्ण प्राकृतिक सिंचाइ श्रोतको रुपमा पहिचान गरिएको पाइन्छ। नगरपालिका क्षेत्र भित्र रहेका यी नदी तथा खोलाहरूबाट परम्परागत कृषि प्रणालीबाट सिंचाई भइरहेको अवस्था छ। कृषिको लागि उर्वर माटो भएको हुँदा प्राकृतिक श्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ। नयाँ खेतीको विधि तथा ढाँचाहरूको अभ्यास गर्ने र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउन सिंचाईको

मुख्य भूमिका रहने हुँदा उच्च प्राथमिकताका साथ कार्य गर्न आवश्यक रहेको छ ।

## ३.२.२ समस्या तथा चुनौती

सिंचाई प्रणालीको पूर्ण क्षमतामा सञ्चालन तथा बाह्रै महिना सिंचाई सुविधा पुग्ने गरी सञ्चालन हुन नसक्नु, नियमित मर्मत सम्भार हुन नसक्नु, कृषक व्यविस्थत कुलोमा पनि स्वव्यवस्थापन भन्दा स्रोतको निमित्त सरकार प्रतिको निभर्रता बढ्दै जानु, सिंचाई शुल्क उठ्न नसक्नु, कृषि र सिंचाई सम्बद्ध निकाय बिच समन्वय कमजोर हुनु, सिंचाई सम्बन्धी संगठनात्मक पुर्नसंरचना नहुनु, प्राविधिक जनशक्तिको न्यूनता, नयाँ प्रविधिमा आधारित (पोखरी, थोपा, ड्रिप आदि) सिंचाईको विस्तार हुन नसक्नु, पुराना पोखरी नासिँदै जानु, पक्की ढलले भूमिगत पानीको श्रोत घट्दै जानु आदि प्रमुख समस्या हुन् ।

सर्वयाम सिंचाई सुविधा उपलब्ध गराउन, सिंचाई क्षेत्रमा विज्ञ प्रशिक्षक र तालिम प्राप्त प्राविधिकको पूर्ति गर्न, आर्थिक श्रोत र साधन उपलब्ध गराउन, सिंचाई सेवा शुल्क संकलन कार्य प्रभावकारी बनाउन, सिंचाई आयोजनाहरूको मर्मतसम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन, प्राकृतिक मुल तथा मुहानको दिगो संरक्षण गर्न, प्राकृतिक रिचार्ज प्रणाली कायम गर्न, सतह सिंचाई तथा भूमिगत सिंचाईको संयोजनात्मक प्रयोग गर्न, आधुनिक सिंचाईमा ध्यानाकर्षण तथा लगानी वृद्धि गर्न, सिंचाई आयोजना विकासप्रति समुदायको चासो वृद्धि गर्न, आदि सिंचाई क्षेत्रका चुनौतीहरू हुन् ।

## ३.२.३ लक्ष्य

- सिंचाई पूर्वाधारको प्रभावकारिता अभिबृद्धिका लागि मर्मत, जिर्णोद्धार र प्रविधिमा आधारित सेवाको स्तरोन्नति गर्ने ।

## ३.२.४ उद्देश्य

१. विद्यमान सिंचाई पूर्वाधारको मर्मत तथा जिर्णोद्धार समयानुकुल प्रविधि अनुसार गर्नु ।

२. उपयुक्त प्रविधिमार्फत् कृषियोग्य भूमिमा सिंचाईको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

## ३.२.५ रणनीति

- विद्यमान पुराना सिंचाई सुविधाको संरक्षण गर्न विशेष प्राथमिकता दिने ।
- उपयुक्त प्रविधिमा आधारित सिंचाई प्रविधिको प्रयोग गरी सिंचाई सुविधा विस्तार गर्ने ।
- सिंचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने ।
- सिंचाई आयोजनाहरूको मुहान तथा तालतलैया र पोखरीको संरक्षण गर्ने ।

## ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

त्रिवाधिक नगरविकास योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य तालिका नं. १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका १३ : सिंचाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| १२ महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ३०० | २४९३ | २६०० | २८०० | ३००० |
| कच्ची कुलो | मिटर | १४३० | १५०० | १६०० | १५०० | २००० |
| पक्की कुलो | मिटर | ९८७.७ | १२०० | १३०० | १४०० | १५०० |
| नगरभित्रका पोखरी तथा ताल संख्या | संख्या | ४ | ४ | ५ | ८ | १२ |
| नगरभित्र भएको सिमसार क्षेत्र | संख्या | २ | २ | | | संरक्षण गर्ने |
| सौर्यपम्प प्रणाली सामुदायिक सिंचाई योजना | संख्या | ० | १ | २ | २ | ३ |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका १५ मा प्रस्तुत गरिएको छ।

**तालिका १४ : सिंचाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | १२७९४ | ० | १२७९४ | | १७९१ | ७८०५ | ३१९९ | |
| ०८२/८३ | १४०७४ | ० | १४०७४ | | १९७० | ८५८५ | ३५१८ | |
| ०८३/८४ | १५४८१ | ० | १५४८१ | | २१६७ | ९४४४ | ३८७० | |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका १५ मा प्रस्तुत गरिएको छ।

**तालिका १५ : सिंचाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खेती अनुसार पानीको आवश्यकता र श्रोत पहिचान गरी सिंचाईको दीर्घकालीन गुरुयोजना निर्माण गर्ने । | खेतीयोग्य जमिनमा सिंचाई सुबिधाको विस्तार गर्ने | सालबसाली | २५८४९ | सिंचाई सुबिधा उपलब्ध कुल खेतीयोग्य जमिन ४५% भएको हुनेछ । |
| | सिंचाई आयोजनाहरूको मुहान तथा तालतलैया र पोखरीको संरक्षण गर्ने । | सिंचाई पूर्वाधारहरूको प्रभावकारिता अभिबृद्ध गर्ने । | २०८१/८२ देखि २०८३/८४ सम्म | ३०००० | सिंचित क्षेत्रको विस्तारसँगै कृषि उत्पादनमा बृद्धि भएको हुनेछ । |
| | वडा न. ४, वडा न. ८ तिल्केनी, वडा न. ९ वडा न. ११ सोयाक र वडा न. १२ को सुख्खा क्षेत्रमा सोलार पम्प सिंचाई ( ५) | सुख्या क्षेत्रहरूमा वैकल्पिक सिंचाई प्रविधि विस्तार गर्ने | सालबसाली | २५००० | सुख्खा पहिचान भएको क्षेत्रमा भरपर्दो आद्युनिक सिंचाई सुविधा उपलब्ध भएको हुनेछ । |

### ३.२.९ जोखिम तथा अनुमान

सिंचाई पानीका श्रोत वरपर भौतिक संरचना निर्माण गर्नाले असर पर्न गई पानीको मात्रा र गुणस्तरमा कमी हुन सक्नु र कार्यक्रम व्यवस्थापकको सेवा निरन्तरता हुन नसक्ने जस्ता पक्षलाई अपेक्षित उपलिब्ध हासिल गर्नमा व्यवधान पुऱ्याउने जोखिमका रूपमा आकलन गरिएको छ। सो नभएमा वा प्राकृतिक विपद् एवम् अन्य विविध कारणले आयोजनागत लागत वृद्धि भएमा अपेक्षित उलिब्ध हासिल नहुने जोखिम रहन्छ। सिंचाईका निमित्त वैकल्पिक सिंचाई (आकाशे पानी संकलन, थोपा सिंचाई, लिफ्टिङ्ग सिंचाईको व्यवस्थापन सुरु भएको हुने, साथै पोखरीको संरक्षण भएको हुने अनुमान गरिएको छ

## ३.३ पशुपक्षी

### ३.३.१ पृष्ठभूमि

करिब ३५ प्रतिशत घरधुरीले पशुपालन गर्ने गरेकोमा त्यसको ५५ प्रतिशत घरपरिवार व्यवसायिक रुपमा पशुपालनमा संलग्न रहेका छन्। पशुपालनको रुपमा सुँगुर, बगुँर, कुखुरा, बाखा, च्याङ्ग्रा, भेडा, भैंसी, गाई, माछापालन र मौरीपालन हुने

गरेको देखिन्छ। दुध र दुधजन्य उत्पादन यस नगरको प्रमुख पशुजन्य आय अर्न्तगत पर्दछ। कृषि सहकारितामा आधारित कृषि विशिष्टिकरण तथा व्यावसायीकरण कार्यक्रम, स्थानीय पहिचानमा आधारित प्राङ्गरिक कृषि कार्यक्रम, कृषि उत्पादन प्रवर्द्धन, प्रबिधि हस्तान्तरण तथा व्यावसायिकरण कार्यक्रम मुख्य रहेका छन्। नगरपालिकाले कृषिको उत्पादन उत्पादकत्व वढाउन बृहत सिंचाई योजना कार्यान्वयन गर्ने, कृषि उत्पादनको लागत न्यूनीकरणका लागि कृषि अनुदान तथा कृषि विमा कार्यक्रमलाई कार्यान्वयन गर्ने लक्ष्य लिएकोछ।

### ३.३.२ समस्या तथा चूनौती

पशुपंक्षीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका प्रणाली सम्बन्धी जानकारीको कमी, पशुपंक्षी बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, उत्पादन, अनुसन्धान र प्रसार वीच समन्वयको कमी, बजारीकरण र पशुपक्षी पालनको निमित्त आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवम पशु व्यवस्थापन सम्बन्धी उचित ज्ञानको कमी, पशु र मत्स्यपालनमा उपयुक्त यान्त्रिकीकरण र व्यावसायीकरण गर्नु आदि प्रमख समस्या हुन्।

पशु प्राविधिकको उपलब्धता सुनिश्चित गर्न, पशुपंक्षीपालन सम्बन्धी संस्थागत तथा संरचनागत व्यवस्था गर्न, स्थानीय सरकारको मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सदृढीकरण गर्न, परम्परागत पशुपंक्षीपालन ज्ञानको पुर्नखोज गरी आधुनिकीकरण र उपयोग गर्न, अन्तर-सरकार समन्वय प्रभावकारी बनाउन, पशुपंक्षीपालनमा उपयुक्त व्यावसायीकरण गर्न, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्न, पशुपंक्षीमा देखिने किरा तथा रोगको पहिचान तथा नियन्त्रण गर्न आदि प्रमुख चुनौती हुन्।

### ३.३.३ लक्ष्य

“नश्लसुधार सहित व्यवसायिक पशुपालनको विकास गर्ने।”

### ३.३.४ उद्देश्य

१. पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु।

२. पशुपंक्षी तथा मत्स्यपालनलाई स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु।

### ३.३.५ रणनीति

- पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व बृद्धि गर्न प्रविधि, प्राविधिक तथा वित्तीय सेवा उपलब्ध गराउने।
- पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने।
- पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनको बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने।
- पशुपंक्षीपालनलाई कृषकहरूको दिगो तथा भरपर्दो आयश्रोतको रुपमा स्थापित गर्ने।
- कृषि तथा पशु उत्पादनको बजार पहुँच वृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी अवधारणामा आधारित उत्पादन र बजारीकरण नीति अवलम्बन गर्ने।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका १६ मा प्रस्तुत गरिएको छ।

**तालिका १६ : पशु विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| सक्रिय पशुपालन समूह | संख्या | २३ | ६२ | ७० | ८५ | ९५ |
| चौपाय पशु पाल्ने कृषि परिवार | संख्या | ६७ | ६७.५ | ६८ | ७० | ७० |
| व्यावसायिक मिश्रित पशुपालन फार्म | संख्या | १५० | १५१ | १६० | १९० | २०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गाई फार्म | संख्या | ३० | ३७ | ४४ | ४८ | ५० |
| भैसी फार्म | संख्या | ० | १ | ४ | ५ | ६ |
| बाखा फार्म | संख्या | २३ | ६४ | ८० | ९० | १०० |
| बँगुर फार्म | संख्या | ९ | २५ | ३० | ४० | ५० |
| कुखुरा फार्म संख्या (लेयर्स) | संख्या | | १ | १ | २ | ३ |
| कुखुरा फार्म संख्या (बोयलर्स) | संख्या | १२ | ३८ | ४५ | ६० | ८० |
| कृयाशिल ग्रामीण पशुस्वास्थ कार्यकर्ता | संख्या | ९ | २० | ३० | ४० | ४५ |
| व्यबस्थित पशुबधशाला | संख्या | १ | १ | २ | ३ | ३ |
| बार्षिक दुध उत्पादन | मे.ट. | १५००० | १०९५० | १६००० | २०००० | २५००० |
| दुध संकलन केन्द्र | संख्या | ५४ | ७० | ७५ | ८० | ९० |
| बार्षिक मह उत्पादन | के.जी | ५०० | ९०० | १२०० | १५०० | १८०० |

## ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशु विकास उप-क्षेत्रको खर्च र स्रोको स्रोतको त्रिवर्षीय अनुमान तालिका १७ मा प्रस्तुत गरिएको छ।

**तालिका १७ : पशु विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ८७२४ | ८०२६ | ६९८ | ० | १२२१ | ५३२१ | २१८१ | ० |
| ०८२/८३ | ९५९६ | ८६३६ | ९६० | ० | १३४३ | ५८५३ | २३९९ | ० |
| ०८३/८४ | १०५५५ | ९५०० | १०५६ | ० | १४७८ | ६४३९ | २६३९ | ० |

## ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका १८ मा प्रस्तुत गरिएको छ :

**तालिका १८: पशु विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एक वडा एक पशु/पंक्षी/मत्स्य पकेट क्षेत्र विकास गरी उत्पादनमा जोड दिने। | पशुपन्छी जन्य उत्पादनमा वृद्धि गरी आर्थिक अवसर सिर्जना गर्नु। | २०८१/८२ देखि | १२००० | पशुपालन व्यवसाय नगरका कृषकहरूको दिगो आयस्रोतका प्मा स्थापित भई गरिवी न्यूनिकरण भएको हुनेछ। |
| २ | महामारी आकस्मिक रोग नियन्त्रण कार्यक्रम, | रोगको उपचार एवम रोकथाम | २०८३/८४ सम्म | ३००० | पशु स्वास्थ्य सेवा विस्तार एवम व्यवसायिक पशुपालनमा वृद्धि |
| ३ | हरियो घाँस कार्यक्रम | घाँस उत्पादन बढाउने | २०८१/८२ देखि | २५०० | स्वस्थ र लाभदायक घाँसको विस्तार |
| ४ | पशु पंक्षिको स्वास्थ्य परिक्षणको लागि भेटनेरी क्लिनीक निर्माण गर्ने। | स्थानीय स्तरमानै पशु प्राविधिक मार्फत सेवा उपलब्ध गराउने। | २०८३/८४ सम्म | २५०० | स्थानीय स्तरमा दक्ष पशुप्राविधिक मार्फत सेवा उपचारत्मक सहज भएको हुनेछ। |
| ५ | पशुपंक्षीको जात विशेष नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रहरूको विकास गर्ने। | नश्लसुधार सहित व्यवसायिक पशुपालन प्रवर्द्धन गर्ने। | २०८१/८२ देखि | ८८७५ | पशुजन्य बस्तुहको उत्पादकत्वमा बृद्धि भएको हुनेछ। |

### ३.३.९ जोखिम तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वेरोजगार युवाहरूलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। पशु पंक्षीको स्वास्थ्य परीक्षणको लागि भेटनेरी क्लिनिक निर्माण, कृतिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार तथा पशु बिमा कार्यक्रम निरन्तर भएमा अपेक्षित नतिजा प्राप्ति गर्न सकिने अनुमान गर्न सकिन्छ।

## ३.४ उद्योग, व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

उद्योग, व्यापार, व्यवसायको विकास र विस्तार साथै स्थानीय आवश्यकतामा आधारित आपूर्ति व्यवस्थापन आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु तथा साना उद्योग, उद्यमशीलताको विकास र प्रवर्द्धन सम्बन्धी कार्य स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेको छ। नगरपालिकाको आर्थिक समृद्धिमा उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको महत्वपूर्ण भूमिका रहन्छ। परम्परागत कृषि प्रणाली माथिको अत्याधिक निर्भरतालाई कम गर्न कृषि क्षेत्रको व्यवसायीकरणका साथ साथै उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको पनि निरन्तर विकास हुन सकेमा नै नगरपालिकाको आर्थिक समृद्धिमा उल्लेख्य सफलता हाँसिल गर्न सकिन्छ। यस नगरपालिकाको मुख्य व्यापारिक केन्द्रहरू नेपालटार, पुवाखोला बजार, विव्ल्याटे, चुरेघाटी, गोलाखर्क, इलाम बजार आदि रहेका छन्।

### ३.४.२ समस्या तथा चुनौती

उद्योगको स्थापना र विकासकालागि पूर्वाधार युक्त औद्योगिक ग्रामको व्यवस्था नहुनु, उद्यमशील सोचको विकस हुन नसक्नु, उत्पादनशील क्षेत्र र उद्योगमा पूँजी परिचालन र लगानी कम हुनु, स्थानीय औद्योगिक उत्पादनहरू लागत प्रतिस्पर्धि, गुणस्तरीय र निर्यातयोग्य हुन नसक्नु, स्थानीय स्तरमा हुने लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पूँजी, सीप, कच्चा पदार्थ र प्रविधिको संयोजना गराउन निजी क्षेत्रले नेत्रीत्व लिन नसक्नु, औद्योगीकिकरणमा नविन प्रविधि र उपकरणहरूको प्रयोगमा कमि हुनु, अल्पकालीन मुनाफाका लागि आयात व्यापारमा व्यवसायीहरू आकर्सित हुनु साथै सार्वजनिक, निजी तथा सामुदायिक र सहकारी साझेदारीले मुर्तरुप लिन नसक्नु उद्योग धन्दाको विकासमा देखिएको मूल समस्याहरू रहेका छन्।

आयात व्यापारलाई प्रतिस्थापन गर्ने उद्योग स्थापना र सञ्चालन गर्नु, उत्पादनमूलक उद्योगमा लगानी बढाउनु, गणुस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, उद्यमशीलता र संस्थागत संस्कृतिको विकास गर्नु, सहुलियत ब्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, युवालाई उद्योगतर्फ आकर्षित गर्नु र औद्योगिकीकरणलाई वातावरण सन्तलुनका साथै पर्यटन क्षेत्रसँग तालमेल मिलाउनु आदि प्रमुख चुनौती हुन्।

### ३.४.३ लक्ष्य

स्थानीय स्रोत, सीप साधनमा आधारित उद्योग, व्यापार, व्यवसायहरूको दिगो प्रवर्द्धन गर्ने।

### ३.४.४ उद्देश्य

क) उद्यमशिलतामा आधारित रोजागरी सिर्जना गर्नु साथै औद्योगिक उत्पादन बृद्धि गरी नगरपालिकाको आन्तरिक आयमा गणनायोग्य योगदान पुऱ्याउनु।

ख) औद्योगिक तथा व्यवसायिक लगानी आकर्षित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

ग) स्थानीय स्रोत, सीप र साधनमा आधारित उद्योग प्रवर्द्धन तथा पूर्वाधार बिकाश गर्दै पर्यटन र रोजगारीका अवसर सृजना गर्नु।

### ३.४.५ रणनीति

- साना तथा घरेलु उद्योगहरू संचालन र प्रवर्द्धन गर्ने।
- उद्योगहरूलाई आवश्यक पर्ने सेवा विकासमा जोड दिने।
- स्थानीय स्रोत साधनमा आधारित उद्योग तथा व्यावसायको स्थापना, संरक्षण र संवर्द्धन गर्दै उत्पादन र गुणस्तर वृद्धि गरी आय तथा रोजगारीका अवसर सिर्जना गर्ने।

- स्थानीय कच्चा पर्दाथ, स्रोत, साधन र सीपको प्रयोग गर्दै घरेलु उत्पादन तथा बजारीकरणमा जोड दिने ।
- उत्थानशील शहरको रुपमा इलामको विकास गर्ने

## ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक नगरविकास योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका १९ मा प्रस्तुत गरिएको छ ।

**तालिका १९ : उद्योग तथा व्यापार उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| औद्योगिक क्षेत्रमा रोजगारी | प्रतिशत | १.७ | ४ | ६ | ९ | १० |
| स्थानीय तहमा दर्ता भएका व्यवसाय | संख्या | २४२१ | २५७१ | २६०० | २६५० | २७०० |
| घरेलु उद्योग | संख्या | ५४ | ८४ | ९० | ९५ | १०० |
| चालु मझौला उद्योग | संख्या | २० | २२ | २८ | ३० | ३० |
| उत्पादनमूलक उद्योग | संख्या | ७० | ७० | ७२ | ७५ | ८० |
| साना तथा ठूला चिया उद्योग | संख्या | २१ | २३ | २३ | २५ | २५ |
| नगरभित्र चालु उद्योग | संख्या | ८४ | ८४ | ९० | ९५ | १०० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | १ | २ | २ | ३ | ४ |
| कोशेली घर | संख्या | १४ | २७ | ३० | ३५ | ३६ |
| नगरपालिकामा संचालनमा रहेका बैंक | संख्या | १५ | १७ | १७ | २० | २० |
| नगरपालिकामा संचालनमा रहेका लघुवित्त | संख्या | ७ | ९ | ९ | १० | १० |
| नगरपालिकामा संचालनमा रहेका जीनवविमा कम्पनी | संख्या | ७ | १३ | १३ | १३ | १३ |
| नगरमा कृयाशिल सहकारी | संख्या | १२६ | १०८ | १०८ | ११० | ११० |
| महिला उद्यमशीलता सहजीकरण | संख्या | ० | २४ | ३० | ३५ | ४० |
| प्रधानमन्त्री स्वरोजगार मार्फत न्यूनत् रोजगारी सृजना | दिन | १७८ | १९० | १९० | १९० | २०० |
| श्रम नवीकरण | संख्या | ९८ | २०६ | २५० | ३०० | ५०० |
| उद्यम विकास सम्बन्धी तालिम प्राप्त उद्यमी | संख्या | २५० | ३०० | ४०० | ४५० | ५०० |
| व्यवस्थित होमस्टे र पर्यटकीय क्षेत्र | संख्या | १७ | ५० | ५५ | ५५ | ६० |
| पर्यटकीयस्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | ४० | ६० | ८० | ९० | १०० |

## ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका २० मा प्रस्तुत गरिएको छ ।

**तालिका २० : उद्योग तथा व्यापार उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ६०४८ | ५४४३ | ६०५ | ० | ८४७ | ३६८९ | १५१२ | |
| ०८२/८३ | ६६५३ | ५९२१ | ७३२ | ० | ९३१ | ४०५८ | १६६३ | |
| ०८३/८४ | ७३१८ | ६४६४ | ८५५ | ० | १०२५ | ४४६४ | १८३० | |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ :

**तालिका २१ : उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्थानीय स्रोत तथा सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालन (२५) | स्थानीय स्रोत सीप साधनमा आधारित उद्योग व्यासयाहरूको दिगो प्रवर्द्धन गर्नु । | सालबसाली | १२६० | उद्योग र व्यासायिक पूर्वाधारहरूको विकास भई इलाम औद्यागिकरण भएको हुनेछ । |
| २ | पाँच"अ"कृषि तथा व्यवसायिक केन्द्र निर्माण गर्ने (वडा ७) | कृषिजन्य उत्पादन र व्यापार क्षेत्रलाई आकर्षण आर्थिक क्षेत्रका रुपमा स्थापित गर्नु | सालबसाली | ८३६० | स्थानीय कच्चा पदार्थ उत्पादन वृद्धि भई कृषिजन्य व्यापार प्रवर्द्धन भएको हुनेछ । |
| ३ | नगरलाई उत्थानशिल नगरको रुपमा विकास गर्ने । | इलाम नगरलाई गतिशिल नगरको रुपमा विकास गर्दै चलायमान नगरको रुपमा विकास गर्नु । | २०८१/८२ देखि २०८३/८४ सम्म | १०३४७ | इलाम नगर आर्थिक उन्नती तथा गतिशिल नगरको रुपमा स्थापित भएको हुनेछ । |

### ३.४.९ जोखिम तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरूलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । उपरोक्त अवस्था कायम रहन नसकेमा लक्ष्य हासिल गर्न कठिनाई हुन सक्नेछ ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

यस नगरपालिकाले प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र पर्या-पर्यटनलाई प्रवर्द्धन गर्दै आयमूलक रोजगारीका अवसरहरू सृजना भएको छ । नगरपालिका भित्र रहेका प्राकृतिक तथा पर्यटकीय क्षेत्रहरूमा इलाम चिया बगान, इलाम बजार, इलाम भ्यू टावर, रक्सेको दुधिले डाँडा, माईखोला, पाटेनागी, पुवामझुवा, दिदी बहिनी झरना, पुवाखोला, कोठी डाँडा, देविथाने झरना, भालु ढुङगा, गुम्बा डाँडा, असले झरना गोदक, भोटे पोखरी पार्क, सिङ्गफ्रिङ्ग फनपार्क, हावाखाने नरदेखि झोलुङ्गे पुल, कार्की पार्क, धोवीधारा, यलम्बार पार्क, खर्क पोखरी पार्क, बौद्ध पार्क, गुर्दुम डाँडा, रातमाटे डाँडा, काले दमाई पार्क, मूर्ती डाँडा, सिद्धिथुम्का, छाङ्गे झरना आदि पर्दछन् । धार्मिक क्षेत्रहरूमा साविक बरबोटे ६ कृष्ण प्रणामी मन्दिर, बेतेनी शिव मन्दिर, सेतीदेवी मन्दिर, घेछेन छ्योग प्यूरलिङ गुम्बा, सिद्ध सिंहदेवी मन्दिर, नारायणथान मन्दिर, भिमसेनस्थान मन्दिर, माइस्थान मन्दिर, सिङ्गवाहिनी मन्दिर,सुकिलुम्बा मन्दिर, पञ्चकन्या मन्दिर, सिंहदेवी मन्दिर, गौरी ढुङ्गा मन्दिर, बाली कन्या क्षेत्र आदि रहेका छन् भने ऐतिहासिक क्षेत्रहरूमा सुनुवार सङ्ग्रालय, अरनिको सङ्ग्रालय र लेप्चा सङ्ग्रालय रहेका छन् । त्यसैगरी महभिर रकक्लाइम्बिङ्ग साहसिक पर्यटकीय स्थलको रुपमा विकास भइरहेको छ ।

### ३.५.२ समस्या तथा चुनौती

पर्यटकीय गन्तव्यको विकास र विविधीकरण हुन नसक्नु, पर्यटकलाई आकर्षित गर्न चाहिने सेवा, सुविधा र पर्यटकीय वस्तुको कमी हुनु, पर्यटन क्षेत्रमा निजी लगानी अन्तर्गत स्तरीय होटल, रेष्टुरेण्ट, होमस्टे आदि वृद्धि हुन नसक्नु, धार्मिक पर्यटकीय स्थलको उपयुक्त व्यवस्थापन गर्न नसक्नु, पर्यटकीय सूचना प्रवाह व्यविस्थत र प्रभावकारी हुन नसक्नु, आन्तरिक र बाह्य पर्यटकको व्यविस्थत अभिलेख नहुनु, पयर्टनको लाभ स्थानीय समुदायले अपेक्षित रूपमा प्राप्त गर्न नसक्नु आदि प्रमख

समस्या हुन् ।

पर्यटकीय सम्भावनाका क्षेत्रमा पर्यटन पूर्वाधारको विकास गर्नु, गन्तव्य स्थलको विविधीकरण, विकास, ब्राण्डिङ, प्रचार प्रसार र प्रवर्द्धन तथा बजारीकरण गर्नु, पर्यटन सूचना व्यवस्थापन प्रणाली तथा पर्यटन सूचना सेवा स्थापना गर्नु, पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्नु, सामाजिक, सांस्कृतिक र वातावरणीय मापदण्डका आधारमा पर्यटन उद्योगको स्तरीकरण तथा प्रमाणीकरण गर्नु, पर्यटन व्यवसाय सम्बन्धी निजी क्षेत्रको क्षमता वृद्धि गर्नु, स्थानीयलाई लाभ दिन, व्यावसायिकता तथा उद्यमशीलताको विकास गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३.५.३ लक्ष्य

पर्यटकीय पूर्वाधार विकास सहित पर्यटन सेवा विस्तारका लागि अनुकूल वातावरण सिर्जना गर्ने ।

### ३.५.४ उद्देश्य

१. पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु ।

२. पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन गरी आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु ।

### ३.५.५ रणनीति

- पर्यटन व्यवसायीलाई स्थानीय उत्पादकसँग सघन सहकार्य गरी अर्थतन्त्रमा पर्यटनको सम्बन्ध सुदृढ गर्न प्रोत्साहन गर्ने ।
- पर्यटनको विकास र प्रवर्द्धनका लागि नीति निर्माण र संस्थागत विस्तार गर्ने ।
- पर्यटकीय स्थलहरूको सुधार, व्यावस्थापन तथा निर्माण गरी रोजगारी र आयमा वृद्धि गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका २२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २२: पर्यटन तथा संस्कृति उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गत आ.व. सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| व्यवस्थित पर्यटकीय स्थान | संख्या | २२ | २३ | २५ | ३० | ३२ |
| पर्यटकीय स्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | ४० | ६० | ८० | ९० | १०० |
| होटलको वेड संख्या | संख्या | ३०० | ६०० | ६५० | ७०० | ८०० |
| नगरभित्र रहेका होमस्टे | संख्या | २२ | ५० | ६० | ६५ | ७० |
| होमस्टे वेड संख्या | संख्या | १५० | २५० | ३०० | ४०० | ५०० |
| पर्यटन सूचना केन्द्र | संख्या | १ | १ | २ | २ | ३ |
| औषत दैनिक पर्यटक आगमन (विदेशी) | संख्या | २ | ४ | ६ | ८ | १० |
| औषत दैनिक आन्तरिक पर्यटक आगमन | संख्या | १०० | १०० | २०० | ३०० | ५०० |
| पर्यटकको औषत वसाई | दिन | २.५ | २.५ | ३ | ४ | ५ |
| कृषि पर्यटन संचालन स्थान | संख्या | ४ | ५ | ६ | ८ | १० |
| व्यवस्थित वनभोज तथा पार्क | संख्या | १५ | १५ | १६ | १८ | २० |
| व्यवस्थित पर्यटकीय स्थान तथा स्थल | संख्या | ५ | ७ | ८ | १० | १२ |
| तालिम प्राप्त कुक तथा वेटर | संख्या | ३०० | ३०० | ४०० | ४५० | ५५० |
| तालिम प्राप्त टुर गाइड | संख्या | १० | १० | १५ | २० | २० |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका २३ मा प्रस्तुत गरिएको छ।

**तालिका २३ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ८३७५ | ३७४१ | ४६३४ | | ११७२ | ५१०८ | २०९४ | |
| ०८२/८३ | ९२१२ | ४२१५ | ४९९७ | | १२९० | ५६१९ | २३०३ | |
| ०८३/८४ | १०१३३ | ४५८० | ५५५४ | | १४१९ | ६१८१ | २५३३ | |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका २४ मा प्रस्तुत गरिएको छ।

**तालिका २४ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटकीय गन्तव्यमा पुग्ने सडक तथा पदमार्गहरू बाह्रै महिना सञ्चालन हुने व्यवस्था गर्ने। | पर्यटकीय पूर्वाधार विकास सहित पर्यटन सेवा विस्तारका लागि अनुकुल वातावरण सृजना गर्नु। | सालबसाली | ५००० | पर्यटन पूर्वाधारको निर्माण भई ३० प्रतिशत पर्यटनमा वृद्धि हुने र स्थानीयस्तरमै रोजगारीको अवसर प्राप्त हुनेछ। |
| २ | ग्रामीण क्षेत्रमा होमस्टे संस्कृतिको प्रवर्द्धन गर्ने | पर्यटकीय सेवा, सुविधाको विकास र विस्तार गर्नु | सालबसाली | २००० | पर्यटकीय सेवा, सुविधा मार्फत ग्रामीण रोजगारीमा बृद्धि भएको हुनेछ। |
| ३. | पाटेनागी पर्यटक स्थल लगायतका अन्य गन्तव्य स्थलहरूको विकास | पर्यटकीय पूर्वाधार विकास मार्फत पर्यटन प्रवर्द्धन भई रोजगारीको सम्भावना बढाउनु | २०८१/८२ देखि २०८३/८४ सम्म | ७००० | दिगो पर्यटन विकासबाट रोजगारीमा बृद्धि गरी आर्थिक स्थिति सुदृण भएको हुनेछ। |
| ४ | नगरका ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षण र संबर्धन कार्यहरू गर्ने। | ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षण गरी धार्मिक पर्यटनमा टेवा पुर्याई रोजगारी अभिवृद्धि गर्न | सालबसाली | १३७२० | ऐतिहासिक स्थल एवम धार्मिक स्थलहरूको संरक्षण र प्रवर्धन भएको हुनेछ। |

### ३.५.९ जोखिम तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ। स्थानीय वेरोजगार युवाहरू पर्यटन व्यवसायमा आकर्षिक हुनेछन्। निजी क्षेत्रबाट पर्यटन प्रवर्द्धन तथा सेवा सुबिधाको विस्तारमा लगानी वृद्धि भएको हुनेछ।

## ३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवा

### ३.६.१ पृष्ठभूमि

नेपालको संविधानले मुलुकको समग्र आर्थिक तथा सामाजिक विकासमा सार्वजनिक र निजी क्षेत्रले महत्वपूर्ण योगदान

पुऱ्याउने अपेक्षा गरेको छ । सहकारीलाई स्थानीय तहको एकल जिम्मेवारीमा समेत राखी स्थानीय सरकार सञ्चालन ऐनबाट सहकारी क्षेत्र अन्तर्गत गरिने कार्यको विस्तृतीकरण समेत गरी स्थानीय स्तरमा सहकारी क्षेत्रको प्रवर्द्धन गर्नका लागि स्थानीय सरकारलाई अग्रणी भूमिका दिइएको छ । यस क्षेत्रमा आर्थिक क्रियाकलाप विस्तारका लागि आवश्यक पर्ने पुँजीको पहुँच सहज हुने गरी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूको सेवा अपरिहार्य हुन्छ । यस नगरपालिकामा वित्तीय संस्थाहरूमा २२ वटा बैंक र १०८ वटा सहकारी संस्थाहरू रहेका छन् । दूध खरिद बिक्री, चिया उत्पादन तथा बिक्री, कृषि उत्पादन खरिद बिक्री, बचत तथा ऋण लगानी, सञ्चार सम्बन्धी, बिउ बिजन खरिद बिक्री र बहुउद्देश्यीय किसिमका सेवाहरूमा यी संस्थाहरूले बचत परिचालन तथा ऋण प्रवाह गरी आर्थिक विकासमा टेवा पुऱ्याएका छन् ।

## ३.६.२ समस्या तथा चुनौती

सहकारी संस्थाहरूको समुचित विकासका लागि सहकारीको मूल्य तथा मान्यता बारे विज्ञताको कमी, केही वडाहरूमा बैंक तथा वित्तिय संस्थाको पहुँच कम हुनु, अधिकतम बित्तीय संस्था बचत तथा ऋण परिचालनमा केन्द्रित हुनु, सहकारी संस्थाहरूको लगानी परिचालन व्यवस्थित र भरपर्दो नहुनु, बचत तथा ऋण सहकारीमा वित्तीय जोखिम उच्च रहनु, चर्को ब्याजदरमा ऋण प्रवाह हुनु, लाभान्वित समूहहरू दोहोरिनु र कारोवार समेत कम हुनु, सहकारीहरू उद्धेश्यमा तोकिए अनुसार सञ्चालन नहुनु, वित्तिय संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि नहुनु आदि मुख्य समस्या हुन् ।

सहकारीताको उपयोग उत्पादन, वितरण तथा सेवा क्षेत्रमा विस्तार गर्नु, वित्तीय सुशासन कायम गर्नु,सहकारीको व्यवस्थापनलाई चुस्त र प्रभावकारी वनाउनु, कृषि क्षेत्रमा लगानी परिचालन वढाउनु, कृषकले सहज रुपमा ऋण प्राप्त गर्नु, अनौपचारिक क्षेत्रमा हुने मौद्रिक कारोवारलाई व्यवस्थित वनाउनु, सहकार्यताको भावना अभिवृद्धि गर्दै विपन्न वर्गलाई समेट्नु, बचत तथा ऋणको कारोबार गर्न सहकारी संस्थाको प्रभावकारी नियमन गर्नु, आदि प्रमुख चुनौती हुन् ।

## ३.६.३ लक्ष्य

वित्तीय सेवाका क्षेत्रहरू नागरिक  पहुँच अभिवृद्धि गर्ने ।

## ३.६.४ उद्देश्य

१. भूमी सम्बन्धी समस्याको दिगो समाधान मार्फत सार्वजनिक जग्गाको अतिक्रमणलाई निस्तेज तुल्याउनु,

२. कानुनको पालना र सहकारीको सिद्धान्त र मूल्यहरूको अनुसरण बढाई सहकारी क्षेत्रमा सुशासन कायम गर्नु ।

३. कृषिजन्य र स्थानीय वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण गर्न दिगो तथा प्रभावकारी सहकारी संख्यामा वृद्धि गर्नु ।

## ३.६.५ रणनीति

- सहकारी सम्बन्धी नीतिगत र संस्थागत प्रबन्ध गर्ने ।
- सहकारी संस्थाको सीप विकासको व्यवस्था गर्ने ।
- उत्पादन, वितरण र सेवामुलक सहकारीलाई प्रोत्साहन र विस्तार गर्ने ।
- नगरवासी तथा पर्यटकमा सहकारीको पहिचान दिलाउने ।

## ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक  योजनाका कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका २५ मा प्रस्तुत गरिएको छ ।

**तालिका २५ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| सूचक | एकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| कृषि तथा औद्योगिक क्षेत्रमा वित्तीय लगानी | प्रतिशत | ५० | ५० | ६० | ७० | ७५ |
| कृषि सहकारी | संख्या | ४४ | ४५ | ५० | ५२ | ५५ |
| दुग्ध सहकारी | संख्या | २३ | २३ | २५ | २८ | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी | संख्या | २० | २० | २२ | २५ | २५ |
| बहुद्धेश्यीय सहकारी संस्था | संख्या | १२ | १२ | १५ | १५ | १८ |
| चिया कफी तथा अन्य सहकारी | संख्या | ९ | ९ | १० | १० | १२ |
| सहकारीमा पहुँच भएका जनसंख्या | प्रतिशत | ४९ | ४९ | ५५ | ५८ | ६० |
| सहकारीमा पहुँच (घरबाट ३० मिनेट भित्रको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार | प्रतिशत | २६ | २७ | ३८ | २९ | ३० |
| सहकारीमा आबद्ध कृषक | संख्या | १४३५ | १६०० | १७७ | १८०० | २००० |
| कृषि तथा पशु वीमाले समेटेको जनसंख्या | प्रतिशत | २० | २५ | ३० | ४० | ५० |

## ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका २६ मा प्रस्तुत गरिएको छ ।

**तालिका २६ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | बजेटको स्रोत (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | १०८१७ | ६६२० | ४१९७ | ० | १५१४ | ६५९८ | २७०४ | ० |
| ०८२/८३ | ११८९९ | ७५२८ | ४३७० | ० | १६६६ | ७२५८ | २९७५ | ० |
| ०८३/८४ | १३०८९ | ८६११ | ४४७८ | ० | १८३२ | ७९८४ | ३२७२ | ० |

## ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका २७ मा प्रस्तुत गरिएको छ :

**तालिका २७ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उपक्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपंक्षीमा आधारित उद्योग /व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदानको व्यवस्था गर्ने । | कृषि उघमशिल क्षेत्रमा लगानी अभिवृद्धि गर्ने । | सालबसाली | २०००० | कृषि तथा पशुपालन जन्य उद्योग प्रवर्द्धन भएको हुनेछ । |
| २ | विकासका आयामहरूमा सहकारी सेवालाई अर्न्तर सम्वन्धित गर्ने | सहकारीको संस्थागत क्षमता अभिवृद्धि गर्ने | सालबसाली | १०००० | नगरभित्रका सहकारीको क्षमतामा अभिवृद्धि भई सेवा प्रभावकारी हुनेछ । |
| ३ | स्वास्थ्य, शिक्षा, पर्यटन, बिमा, वातावरण संरक्षण, आवास जस्ता क्षेत्रमा सहकारीको प्रवर्द्धनलाई प्रोत्साहन गर्ने । | प्रतिफलमुखी लगानी प्रवर्द्धन गर्नु । | सालबसाली | ५८०५ | छरिएर रहेको पुँजी एकिकृत भई लगानी मैत्री वातावरण तयार भएको हुनेछ । |

## ३.६.९ जोखिम तथा अनुमान

वैंक, वित्तीय संस्था तथा सहकारीलाई कृषि, पशुपालन, उद्योग, स्वास्थ्य, शिक्षा, पर्यटन, बिमा, वातावरण संरक्षण, आवास जस्ता क्षेत्रमा नागरिक, कृषक तथा उद्यमीको सहभागिता, सावर्जनिक संस्थानको सुधारका कार्यमा कार्यान्वयन गराउन कठिन

छ । उक्त कायर्हरू नभएमा अपेक्षित उपलिब्ध जस्तै कृषि तथा उद्योग क्षेत्रको विकासमा वित्तिय क्षेत्रको पहुँच हासिल नहुने, सहकारी संस्थाको उत्पादन, प्रशोधन, बजारीकरणको कार्यमा लगानीकर्ताको सम्बन्ध नबढ्ने जोखिम रहन्छ ।

## ३.७ श्रम, रोजगारी तथा गरिवी निवारण

### ३.७.१ पृष्ठभूमि

श्रम बजारको आवश्यकता बमोजिम शिपमुलक श्रम शक्तिको विकास र व्यवस्थापन बाट गरिवी निवारण र आर्थिक विकासका बहुआयामिक क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी अर्थतन्त्रको दरिलो आधार निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । उत्पादनमुलक रोजगारी सिर्जना गरी स्थानीय स्तरमा उपलब्ध युवा श्रम शक्तिको उपयोग मार्फत इलाम नगरपालिकाको कृषि, पशुपालन, उद्योग, व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य जस्ता उत्पादन र सेवाका क्षेत्रमा उपयोग तथा सम्लग्न गर्न सके पालिकाको समृद्धि निर्माणमा आधारित अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा सकारात्मक योगदान पुग्न जान्छ । आर्थिक रुपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । त्यसैगरी, वैदेशिक रोजगारीमा गएकाहरूको जनसंख्या ६.२ % रहेको भने ६ प्रतिशत जनसङ्ख्या बेरोजगार छन् । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले मासिक औषत १७ हजारका दरले मात्र घरपरिवारमा विप्रेषण पठाउदा पनि करिब २९ करोड ४५ लाख २१ हजार रुपैया विप्रेषण यस स्थानीय तहमा भित्रिने देखिन्छ ।

### ३.७.२ समस्या तथा चुनौती

श्रम प्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रवर्द्धन र उत्पादन कमजोर रहनु, स्थानीय तहमा रोजगारीको सिर्जना पर्याप्त नहुनु, श्रमशक्तिको माग र आपूर्तीबीचको सन्तुलन नहुनु, तालिम प्राप्त जनशक्तिको निम्ति पर्याप्त कामको उपलब्धता नहुनु, रोजगारीका अवसर सम्बन्धी सूचनामा रोजगारी चाहने जनशक्तिको पहुँचमा कमी हुनु, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा जनताको पहुँच नहुनु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू बढ्नु, पारिवारिक तथा सामाजिक पुनःएकिरकणका सवालहरू सम्बोधन नहुनु लगायत यस क्षेत्रका समस्या हुन् ।

श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, शिक्षालाई व्यवहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु, विद्यमान कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु, श्रम बजार प्रवेश गर्ने युवा जनशक्तिहरूलाई रोजगारीका अवसरहरू सिर्जना गर्नु, बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, गाउँमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ३.७.३ लक्ष्य

स्वरोजगारमूलक सीपयूक्त मानव संशाधन विकास गर्ने ।

### ३.७.४ उद्देश्य

१. पर्यटकीय नगर निर्माणको लागि बाह्य तथा आन्तरिक रोजगारको सिर्जना तथा प्रवर्द्धन गर्नु ।

२. स्थानीय बेरोजगारहरूको लगत तयार गरी लामो तथा छोटो अवधिको रोजगारी सृजना गर्नु ।

३. स्थानीय तथा वैदेशिक सुरक्षित रोजगार प्रवर्द्धनका लागि श्रमिकहरूको सीपक्षमता विकास गर्नु ।

### ३.७.५ रणनीति

- श्रम सम्बन्ध सुदृढ गरी रोजगार सिर्जना गर्ने ।
- वैदेशिक रोजगारवाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सिप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गर्ने ।
- श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक नगर विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. २८ मा प्रस्तुत गरिएकोछ ।

**तालिका २८ : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| सूचक | एकाई | आ.व. ०७९/०८० सम्मको उपलब्धी | चालु आ.व.सम्म को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| बेरोजगारी दर | प्रतिशत | ६ | ५.५ | ५ | ४ | ४ |
| वैदेशिक रोजगारीमा गएको जनसंख्या | प्रतिशत | ६.२ | ६ | ५ | ५ | ५ |
| रोजगारीका लागि भारत गएका जनसंख्या | संख्या | ३२७ | ३०० | २५० | २५० | २०० |
| रोजगारीका लागि अन्य मुलुक गएका जनसंख्या | संख्या | २८५० | २८५० | ३००० | ३००० | ३००० |
| सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा गएका जनसंख्या | प्रतिशत | ८.२ | १२ | २५ | ३५ | ४० |
| सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | प्रतिशत | १५ | २५ | ५० | ७५ | १०० |
| विप्रेषणलाई उद्यम र आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | ३ | १० | १७ | २० | २५ |
| विप्रेषणलाई उद्यम र आयमूलक क्षेत्रको परिचालनमा वित्तीय साक्षरता | परिवार | २०० | ३०० | ५०० | ७०० | १००० |
| औचचारिक क्षेत्रमा रोजगारी सृजना | प्रतिशत | ३१.६१ | ३२ | ३५ | ३८ | ४० |
| वैदेशिक रोजगारी संलग्न घरपरिवारलाई उद्यम विकास सहयोग | संख्या | १०० | १५० | ३०० | ४०० | ५०० |
| वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरूमा मनोसमाजिक परामर्श सेवा प्रदान (व्यक्तिगत र सामुहिक परामर्श) | प्रतिशत | १५ | २० | ४० | ८० | १०० |
| सार्वजानिक तथा निजी क्षेत्रमा नयाँ रोजगार सिर्जना हुने | संख्या | २४८३ | ३००० | ३४०० | ४६०० | ५००० |
| नवप्रवर्द्धनमा आधारित उद्यमशीलता विकास | संख्या | ० | ३० | १५० | ३०० | ५०० |
| श्रमशक्ति सहभागिता दर | प्रतिशत | १४.८ | १५ | १७ | २० | २० |
| रोजगारी र जनसंख्याको अनुपात | प्रतिशत | २० | २० | २२ | २५ | ३० |

## ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. २९ मा प्रस्तुत गरिएको छ।

**तालिका २९ श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | १०३५२ | ८८५२ | १५०० | ० | १४४९ | ६३१५ | २५८८ | ० |
| ०८२/८३ | ११३८७ | ९४५१ | १९३६ | ० | १५९४ | ६९४६ | २८४७ | ० |
| ०८३/८४ | १२५२६ | १०५८४ | १९४१ | ० | १७५४ | ७६४१ | ३१३१ | ० |

## ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका नं. ३० मा प्रस्तुत गरिएको छ।

**तालिका ३०: श्रम तथा रोजगारी उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | रोजगार प्रवर्धन कार्यक्रम | नयाँ नयाँ रोजगारीको अवसर सृजना मार्फत स्थानीय रोजगारी वृद्धि गर्नु । | २०८१/८२ देखि २०८३/८४ सम्म | २५००० | वार्षिक ३०० जना स्वरोजगार भएका हुनेछन् । |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रम | स्थानीयस्तरमा रोजगार सृजना गर्ने | २०८१/८२ देखि २०८३/८४ सम्म | ५४५० | स्थानीय स्तरमा रोजगारको अवसर |
| ३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | दक्ष जनशक्ति निर्माण | सालबसाली | ३८१५ | स्थानीय स्तरमा प्राविधिक जनशक्ति उपलब्ध हुने |

## ३.७.९ जोखिम तथा अनुमान

रोजगारी सिर्जनामा अन्तर-सरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ । रोजगारीसम्बन्धी व्यबहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । कृषि, उद्योग, पर्यटन तथा पूर्वाधारका क्षेत्रमा पनि उत्पादनमूलक रोजगारी सिर्जना र वृद्धि गर्दै स्थानीय तहमा नै युवा जनशक्तिको लागि रोजगारीका अवसरहरू उपलब्ध हुनेछन् भन्ने अनुमान गरिएको छ ।

## ४.१ जनस्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

नेपालको संबिधानले प्रत्येक नागरिकलाई राज्य बाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । यस प्रकारको जिम्मेवारी पुरागर्न इलाम नगरपालिकाले समेत स्वास्थ्य तथा पोषण क्षेत्रको योजनाबद्ध विकास अभियान सञ्चालन गर्न आवश्यक छ । स्वास्थ्य क्षेत्रको जिम्मेवारी तीनै तहले निर्वाह गर्नुपर्ने व्यवस्था अनुसार आधारभुत तहको स्वास्थ्य सेवाको जिम्मेवारी स्थानीय तहको क्षेत्राधिकार भित्र राखिएकोछ । इलाम जिल्लाको सदरमुकाम यही नगरपालिकामा रहेको हुँदा जिल्लाका मुख्य स्वास्थ्य संस्थाहरू यहाँ केन्द्रित छन् । यस नगरपालिकामा १२५ जना स्वास्थ्य स्वयम् सेविका कार्यरत छन् । करीब ५० प्रतिशत घरधुरी ३० मिनेट भन्दा कम समयमा स्वास्थ्य संस्थामा पुग्न सक्छन् । त्यस्तै करीब ४५ प्रतिशत महिलाले स्वास्थ्य संस्थामा बच्चा जन्माउने गरेका छन् भने मातृ तथा बाल मृत्यु दर शुन्य छ । ७४.४ प्रतिशत बालबालिकाले खोप लगाउने गरेका छन् । बालबालिकामा झाडा पखालाको संक्रमण दर प्रति हजार ९७ रहेको यस इलाम नगरपालिकाको स्वास्थ्य क्षेत्र समग्रमा सुधारोन्मुख अवस्थामा छ । नगरपालिकाभित्र मेडिकल कलेज स्थापनार्थ सम्भाब्यता अध्यन तथा कोष ब्यावस्थापन कार्यको शुरुवात भएको देखिन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

स्वास्थ्य सेवा पर्याप्त नहुनु, निशुल्क र गुणस्तरीय औषधी, स्वास्थ्य प्रयोगशाला, पोषणयुक्त खानाको कमी हुनु, वंशाणगुत तथा जन्मजात रोग देखिनु, स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको दक्ष जनशक्ति अभाव हुनु, भौतिक सामाग्री र आधुनिक औजार उपकरणको आवश्यकता परिपूर्ति गर्न नसक्नु, गुणस्तरीय सर्वसुलभ स्वास्थ्यको पहुँच र एकरुपता कायम हुन नसक्नु, प्राथमिक बाहेक अन्य अत्यावश्यक स्वास्थ्य उपचारको लागि अन्य सुविधा सम्पन्न अस्पतालसम्म नै पुग्नुपर्ने, युवा, किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्यको पर्याप्त सम्बोधन नहुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

आवश्यक भौतिक संरचनाहरूको निर्माण विकास, पर्याप्त आर्थिक श्रोतको अभाव, दक्ष जनशक्तिको परिपूर्ति र व्यवस्थापन, स्वास्थ्य क्षेत्रमा स्थानीयबासीको समतामुलक पहुँचको विस्तार र व्यवस्थपन, स्वास्थ्य बिमाको प्रभावकारी कार्यान्वयन, स्थानीय जडिबुटीको ज्ञान र प्रयोग, बलबालिका तथा महिलाको प्रजनन् स्वास्थ्यमा सुधार, नसर्ने गम्भिर प्रकारका रोगको नियन्त्रण, खाद्य गुणस्तर नियन्त्रण, मानिसको आनिवानीमा सुधार र चेतनाको विकास, स्वास्थ्य क्षेत्रमा भईरहेको अधिक खर्च कटौती, भरपर्दो र विश्वासिलो सूचना प्रणालीको विकास र व्यवस्थपन, नीति निर्माणकालागि आवश्यक तथ्याङ्कको व्यवस्थपन, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन साथै स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि जस्ता चुनौती वर्तमान अवस्थामा सेमत रहिरहेका छन् ।

### ४.१.३ लक्ष्य

गुणस्तरीय सार्वजनिक स्वास्थ्य सेवामा नागरिक पहुँच सुनिश्चित गर्ने ।

### ४.१.४ उद्देश्य

१. समानताका आधारमा सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको विकास र विशिष्टिकरण गर्नु ।

२. स्वास्थ्य सेवाको सुनिश्चितताको लागि स्थानीय सरकारको जिम्मेवारी र प्रभावकारी नियमनको संवर्द्धन गर्नु ।

३. बहु निकायसँग समन्वय र सहकार्य गरी स्वास्थ्य सेवाको सदुपयोगमा पहुँचको संवर्द्धन गर्नु ।

### ४.१.५ रणनीति

- स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि सँगै संस्थाहरूमा भौतिक पूर्वाधारको विकास गरी गुणस्तरीय सेवा प्रदान गर्ने ।
- प्रजनन स्वास्थ्यलाई अधिकारको रुपमा स्थापित र सुनिश्चित गर्ने ।
- स्वास्थ्य क्षेत्रमा शुसासनको अभिवृद्धि गर्ने ।

- स्वास्थ्य संस्थामा मापदण्ड अनुसार दक्ष कर्मचारीको दरबन्दी व्यवस्था गर्ने
- इलाम अस्पताललाई आधुनिक प्रविधि तथा दक्ष चिकित्सक सहित विशेषज्ञ सेवा प्रदान गर्ने २०० शैयाको अस्पतालमा स्तरोन्नती गर्ने ।
- इलाममा मेडिकल कलेज स्थापनाको लागि समन्वय तथा साझेदारी गर्ने
- गरिम्भर प्रकारका नसर्ने रोग नियन्त्रणका लागि आवश्यक कार्य गर्ने

## ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक नगर विकास योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार स्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३१ स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| बिरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी /प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | प्रतिशत | ९९ | ९९ | १०० | १०० | १०० |
| अस्पतालको सहज पहुँचमा भएको जनसंख्या | प्रतिशत | ५० | ५५ | ६० | ८० | ९० |
| २५०० ग्राम भन्दा कम जन्म तौल भएका शिशु | संख्या | ३० | ० | ० | ० | ० |
| प्रोटोकल अनुसार ४ पटकको गर्भ परीक्षण गराउने महिलाको संख्या | प्रतिशत | ९८.४ | ७७.९५ | ९० | १०० | १०० |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० |
| गर्भवती अवस्थामा १८० चक्की आइरन खाने महिलाहरूको प्रतिशत | प्रतिशत | ९८.४ | ७८ | ९० | १०० | १०० |
| दक्ष स्वास्थ्य कर्मीबाट प्रसुति गराइएको जन्म | प्रतिशत | ९० | ९० | १०० | १०० | १०० |
| स्वास प्रश्वासको संक्रमण (ARI) दर (प्रतिहजारमा) | संख्या | ३८७.८ | ० | ० | ० | ० |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ४३ | ६३ | ७० | ९० | ९० |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० |
| सबै खोप लिएका बालबालिका | प्रतिशत | ७४.४ | ८४.७ | ९० | १०० | १०० |
| एभलतब भ्याक्सिनको ३ मात्रा लगाउने बालबालिकाहको संख्या | प्रतिशत | ९६ | ९३.३ | ९५ | १०० | १०० |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ३२ | ४३ | ५० | ७५ | ८२ |
| स्वास्थ्य वीमा गर्ने घर संख्या | प्रतिशत | ५५.६ | ६० | ७० | ७५ | १०० |
| क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका | संख्या | १२५ | १२६ | १४० | १५० | १५० |
| सुविधा सम्पन्न अस्पताल | संख्या | १ | १ | २ | २ | २ |
| क्षयरोग संक्रमण दर | प्रतिशत | ४.२ | ६.२ | २ | ० | ० |
| आयोडिनयुक्त नुन प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० |
| स्वास्थ्य शिविर सञ्चालन | पटक | १२ | १२ | २० | २० | ३० |

## ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३२ स्वास्थ्य तथा पोषण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथाअन्य |
| ०८१/८२ | ९६१९१ | ९०३३३ | ५८५८ | ० | १३४६७ | ५८६७७ | २४०४८ | ० |
| ०८२/८३ | १०५८१० | १००५२० | ५२९१ | ० | १४८१३ | ६४५४४ | २६४५३ | ० |
| ०८३/८४ | ११६३९१ | ११०५७२ | ५८२० | ० | १६२९५ | ७०९९९ | २९०९८ | ० |

## ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३३ मा प्रस्तुत गरिएको छ :

**तालिका ३३ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्यकर्मी व्यवस्थापन र परिचालन, प्राथमिक स्वास्थ्य सेवा, | सेवा करारका स्वास्थकर्मीहरूको उचित व्यवस्थापन | | २८१२८८ | स्वास्थ्य सेवा प्रभावकारी बनाइ सेवामा सुधार |
| २ | मातृ शिशु तथा बाल स्वास्थ्य सेवा | मतृशिशु र बालबालिकाको स्वास्थ्य सेवा सुधार | | ४५०० | मातृशिशु र बालबालिकाको स्वास्थ्य सुधार |
| ३ | रोकथाम र नियन्त्रण, महामारी रोग नियन्त्रण, क्षयरोग नियन्त्रण, | नसर्ने र सक्रामक रोगहरूको रोकथाम, महामारी रोगहरूको नियन्त्रण , रोकथाम र स्वास्थ्य जागरुकता सुधार, क्षयरोग नियन्त्रण गर्ने | | २१५०० | नसर्ने र सक्रामक रोगहरूको रोकथाममा सुधार, महामारी रोगहरूको नियन्त्रण तथा जनस्वास्थ्यमा सुधार, रोकथाम र स्वास्थ्य जागरुकता सुधार, क्षयरोग नियन्त्रणमा वृद्धि तथा सचेतना तथा औषधी तथा ल्याव सामाग्रीहरूको प्रभावकारी व्यवस्थापन |
| ४ | स्वास्थ्य पुर्वाधार र व्यवस्थापन | स्थानीय स्तरमानै सुलभ र गुणस्तरीय स्वास्थ्य उपचार सेवाको पूर्वाधार तयार गर्नु । | २०८०/८१ देखि २०८३/८४ सम्म | २८५०० | स्वास्थ्य सुविधालाई गुणस्तरीय, प्रभावकारी तथा कम खर्चिलो बनाई सुलभ स्वास्थ्य सेवा तयार भएको हुनेछ । |
| ५ | स्वास्थ्य विमा कार्यक्रममा सबैको पहुँच वृद्धि गर्ने । | सबैलाई स्वास्थ्य उपचार पहुँचमा अभिबृद्धि गर्नु । | सालबसाली | ५०० | शतप्रतिशत विपन्न वर्गको स्वास्थ्य सेवाको, औषधीमा सहज पहुँच हुनेछ । |
| ६ | बहुक्षेत्रिय पोषण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार केन्द्र, उपचारात्मक सेवा कार्यक्रम लगायतका स्थानिय, प्रादेशिक तथा सघिय कार्यक्रम | स्वास्थ्य क्षेत्रको विकासका लागि राष्ट्रिय अभियान अनुसारका लक्ष्य हासिल गर्ने | सालबसाली | १५६०० | गुणस्तरीय स्वास्थ्य सेवाका लागि राष्ट्रिय लक्ष्य हासिल गर्न स्थानीय स्तरमा अभियान तथा कार्यक्रम सञ्चालन गरी अपेक्षित लक्ष्य हासिल गर्ने । |

### ४.१.९ जोखिम तथा अनुमान

स्वास्थ्य तथा पोषण क्षेत्रको प्रवर्द्धनमा अन्तर-सरकार साझेदारी र सहकार्यमा विस्तार भएको हुनेछ । यस क्षेत्रमा पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन र सरोकारवालाबीच समन्वय प्रभावकारी भएको हुनेछ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधी र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा लक्ष्य हासिल गर्न कठिन हुन सक्नेछ ।

## ४.२ शिक्षा, कला, भाषा तथा साहित्य

### ४.२.१ पृष्ठभूमि

शिक्षा मानव सभ्यता र समृद्धि निर्माणको प्रमुख अपरिहार्य आधार हो । वर्तमान आधुनिक दुनियामा दिन प्रति दिन नयाँ नयाँ प्रविधिको विकास भईरहेको छ । नगरपालिकामा सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा पठनपाठनका लागि ४ वटा क्याम्पस, माध्यमिक विद्यालय ३४ वटा, आधारभूत विद्यालय ४५ वटा र बालविकास केन्द्र ७१ वटा गरी जम्मा १५४ वटा शिक्षण संस्थाहरू रहेका छन् । महेन्द्र रत्न बहुमुखी क्याम्पस र सामुदायिक कृषि क्याम्पस यहाँका प्रमुख शिक्षण संस्थाको रुपमा रहेका छन् । यहाँको ५ वर्ष वा त्यो भन्दा माथी उमेर समूहको साक्षरता दर ९८% रहेको छ जसमध्ये पुरुष साक्षरता दर ९८% छ भने महिला साक्षरता दर ९७ % रहेको छ र विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर रहेका संख्या नगन्य मात्रामा छ । हाल यस नगरपालिकामा पर्यटनलाई प्राथमिकतामा राखी पाठ्यक्रमले निर्धारण गरे अनुसार स्थानीय विषयको रुपमा विशेष पाठ्यक्रम समेत तयार गरिएको छ जसमा कक्षा १-५ मा हाम्रो नगर विषय र कक्षा ६-८ मा पर्यटन विषय थप गरिएको छ । विभिन्न भाषाभाषी रीतिरिवाज धर्म संस्कृतिहरूको अध्ययन र अनुसन्धान, संरक्षण विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइएको छ । प्रविधिको उपयोगमा विस्तारले व्यापकता पाएको छ ।

### ४.२.२ समस्या तथा चुनौती

शिक्षकको माग र आपूर्ति बिच सन्तुलन नहुनु, प्राविधिक तथा व्यावसायिक धारका विद्यालय र विद्यार्थी न्यून रहनु, सार्वजनिक विद्यालयका विद्यार्थीको औसत सिकाई उपलिब्ध घट्दै जानु, शिक्षण सिकाई खासगरी विज्ञान गणित, अंग्रेजी जस्ता विषयमा कमजोर हुनु, विद्यालय तथा उच्च शिक्षाको व्यवस्थापकीय र सुशासन पक्ष कमजोर रहनु र शिक्षाको गणुस्तरमा समस्या बढ्दै जानु आदि प्रमुख समस्या हुन् ।

सबैका लागि समतामूलक शिक्षा सुनिश्चित गर्नु तथा विद्यालयमा टिकाउ दर बढाउनु, प्राविधिक धारका सञ्चालित विद्यालय पर्याप्त नहुनु, सार्वजनिक शिक्षा तथा व्यावसायिक शिक्षा गुणस्तरीय बनाउनु, बाल विकास र पूर्व प्राथमिक शिक्षामा सहभागिता वृद्धि गर्नु, प्राविधिक र व्यावसायिक शिक्षामा तालिमको पहुँच अभिवृद्धि गर्नु, अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको सुनिश्चितता गर्नु, शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुशासन कायम गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ४.२.३ लक्ष्य

पूर्वाधार सम्पन्न व्यावसायिक एबम् स्वरोगजारमूलक शैक्षिक अवसरहरू सिर्जना गर्ने ।

### ४.२.४ उद्देश्य

१. विद्यालयमा बालमैत्री सिकाइ वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षामा सबै वर्ग एवम् समुदायको समतामुलक पहुँच स्थापित गर्नु ।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु ।

३. उच्च शिक्षा ( प्राबिधिक लगायत ) अध्यन अध्यापन शैक्षिक संस्थाको बिकास गर्नु ।

### ४.२.५ रणनीति

- गुणस्तरीय, जिवनउपयोगी तथा प्रभावकारी  शिक्षामा बालबालिकाको पहुँच विस्तार गर्ने ।
- दिगो र समावेशी पूर्वाधारको निर्माण गर्ने ।
- सबै विद्यार्थीलाई कम्तीमा आधारभूत तहको प्राविधिक तथा व्यावसायिक सीप प्रदान गर्न विद्यालय शिक्षाको पाठ्

यक्रममा समावेश गर्ने ।

- शैक्षिक संस्थाको बिकाश मार्फत जनशक्ति बिकाश तथा शैक्षिक साथै पर्यटन क्षेत्र बिकाश गर्ने ।
- नगरस्तरीय कृषि अनुसंन्धान केन्द्र स्थापना गर्ने
- सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन उच्च विद्यार्थी संख्या, विद्यालयको सिकाइ उपलब्धीका आधारमा क्रमिक रुपमा विद्यालय बसको व्यवस्थापन गर्दै लैजाने
- बिद्यालयमा दिवा खाजालाई अनिवार्य गर्ने साथै आफ्ना छोराछोरीकालागि आफ्नै घरमा पाकेको खाजा अनिवार्य पठाउनु पर्ने व्यवस्था मिलाउने
- सवै विद्यालयमा सिसिटिभि जडान गरी नियमित अनुगमनलाई प्रविधि मैत्री बनाउने

## ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगरविकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३४ शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| प्राविधिक र व्यावसायिक विद्यार्थी उत्पादन गर्ने विद्यालय | संख्या | ४ | ४ | ५ | ६ | ८ |
| संरचनात्मक सुधार भएका विद्यालय | प्रतिशत | ५० | ६० | ७० | ९० | १०० |
| विद्यालय वाहिर रहेका बालबालिका | प्रतिशत | ० | ० | ० | ० | ० |
| बाल कक्षामा अध्ययनरत बालबालिका | प्रतिशत | ७५ | ७५ | ८० | ९० | १०० |
| आधारभुत तह कक्षा ८ सम्म खुद भर्ना दर | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० |
| माध्यमिक तह १२ कक्षा खुद भर्ना दर | प्रतिशत | ७५ | ७५ | ८० | ९० | १०० |
| कक्षा १० को उत्तिर्ण दर | प्रतिशत | ९० | ७५.९५ | ८० | ९० | १०० |
| सामुदायिक सिकाई केन्द्र | संख्या | ४ | | | | |
| महिलाको साक्षरता दर | प्रतिशत | ९५ | ९७.१० | ९९ | १०० | १०० |
| पुरुषको साक्षरता दर | प्रतिशत | ९७ | ९९.४० | १०० | १०० | १०० |
| बालमैत्री सिकाइ विधि प्रयोग गर्ने विद्यालय | प्रतिशत | ५० | ५० | ८० | ९० | १०० |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा उपलब्ध | प्रतिशत | ५० | ५० | ८० | ९० | १०० |
| पक्की शौचालय भएका विद्यालय | प्रतिशत | ९० | ९० | ९५ | १०० | १०० |
| लैङ्गिकमैत्री (महिला पुरुष अलग अलग) शौचालय कक्ष भएका विद्यालय | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० |
| सामुदायिक विद्यालयमा पुस्तकालय संख्या | संख्या | १९ | १९ | २० | २२ | २५ |
| इन्टनेट सुविधा भएको बिद्यालय संख्या | संख्या | ३७ | ३७ | ४० | ४५ | ५० |

## ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३५ शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ३०७४१७ | ३०२६५२ | ४७६५ | ० | ४३०३८ | १८७५२४ | ७६८५४ | ३०७४१७ |
| ०८२/८३ | ३३८१५८ | ३३१९७० | ६१८८ | ० | ४७३४२ | २०६२७७ | ८४५४० | ३३८१५८ |
| ०८३/८४ | ३७१९७४ | ३६६६१८ | ५३५६ | ० | ५२०७६ | २२६९०४ | ९२९९४ | ३७१९७४ |

## ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण तालिका ३६मा प्रस्तुत गरिएको छ ।

**तालिका ३६ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | सबैका लागि शिक्षा - आधारभुत तह | आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान | २०८१/८२ देखि २०८३/ ८४ सम्म | ५९८१०० | शिक्षाको गुण्स्तरमा सुधार |
| | सबैका लागि शिक्षा - माध्यमिक तह | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान | २०८१/८२ देखि २०८३/ ८४ सम्म | १७८१०० | शिक्षाको गुणस्तरमा सुधार |
| | विद्यालय पूर्वाधार र मर्मत सम्भार | विद्यालयका भौतिक पूर्वाधारको निर्माण तथा नियमित मर्मत सम्भार गर्ने । | २०८१/८२ देखि २०८३/ ८४ सम्म | ३२५०० | बलबालिका मैत्री शैक्षिक संरचनाहरूको निर्माण । |
| | छात्रवृत्ति | विपन्न विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने | २०८१/८२ देखि २०८३/ ८४ सम्म | १०३४५ | आर्थिक सहयोगद्धारा शिक्षा प्राप्तिमा सहयोग |
| | विद्यालय शिक्षा क्षेत्र योजना | विद्यालय शिक्षा क्षेत्रको स्तरोन्नति, शिक्षण सामाग्रीको व्यवस्थापन, शिक्षण सहयोग, छात्रवृत्ति, शैक्षिक सुशासन र विद्यार्थीहरूको स्वास्थ्य तथा सुविधा सुधार | २०८१/८२ देखि २०८३/ ८४ सम्म | १५५७३६ | गुणस्तरीय शिक्षा प्रवाह, शिक्षण सामाग्रीको उपलब्धता एवम शिक्षामा पँहुच वृद्धि हुनेछ । |
| | वडा स्तरीय शैक्षिक कार्यक्रमहरू | शिक्षा विकासमा सहयोग | २०८१/८२ देखि २०८३/ ८४ सम्म | १७७६८ | सुरक्षित शैक्षिका बातावरण, गुणस्तरीय शिक्षा, विद्यार्थीहरूको सिर्जनशिलता र शारिरिक विकास । |

## ४.२.९ अनुमान तथा जोखिम

सङ्घीय शिक्षा ऐन तथा नियमावली जारी एवम्समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर उपलब्ध भएको हुनेछ । नवीनतम प्रविधिको उपयोग, अन्तर-सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचमा समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुनेदेखिन्छ । उपरोक्त परिस्थिति निर्माण हुन नसकेका अपेक्षित उपलब्धि हासिल हुन कठिन हुनेछ ।

# ४.३ खानेपानी तथा सरसफाई

## ४.३.१ पृष्ठभूमि

शुद्ध र सुरक्षित खानेपानी उपभोग गर्न पाउनु साथै स्वस्थ र सुरक्षित वातावरणमा जन्मन तथा हुर्कन पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । स्वच्छ खानेपानी तथा सरसफाई नागरिकको आधारभूत आवश्यकता र नैसर्गिक

अधिकार हो त्यसैले नेपालको संविधानले पनि मौलिक हकको रुपमा खानेपानी र सरसफाईलाई समावेश गरेको छ । इलाम नगरपालिकाको कुल घरधुरीमध्ये औषतमा ९९ प्रतिशत घरधुरीमा खानेपानीको सुविधा पुगेको छ र यहाँ १ पिउने पानी प्रशोधनशाला रहेको देखिन्छ । त्यसै गरी स्थानीय सरकार तथा समुदाय दुबैको तर्फबाट फोहोर व्यवस्थापन प्रणालीलाई दीर्घकालीन रुपमा सम्बोधन गर्न प्रयासरत छन् । यस नगरपालिका अन्तर्गत रहेका अधिकांश घरपरिवारहरूले पक्की फल्स भएको शौचालय प्रयोग गरेको देखिन्छ । समग्रमा सरसफाईको व्यवस्थापन राम्रो रहेको यस नगरपालिका भित्र विभिन्न १० स्थानमा सार्वजनिक शौचालय, १ ल्याण्डफिल साइट र मुख्य बजार क्षेत्रमा ढलको व्यवस्था रहेको छ ।

## ४.३.२ समस्या तथा चुनौती

अधुरा आयोजनाको संख्या उल्लेख्य रहनु, ठूला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन नहुनु साथै सम्पूर्ण घरमा सुविधा सम्पन्न पक्की शौचालयको व्यवस्था हुन नसक्नु, खानेपानीको मुहान र श्रोतको संरक्षण र व्यवस्थापन गर्न नसक्नु, जिर्ण अवस्थामा रहेका खानेपानी योजनाको मर्मतसंम्भार नहुनु, घरबाट निस्कने फोहरलाई वैज्ञानिक तरिकाबाट व्यवस्थापन गर्न नसकेको, पर्याप्त सार्वजनिक शौचालयको सञ्चालन र व्यवस्थापन गर्न नसक्नु, खानेपानीको स्वच्छता र पानी जाँच गरी खानेपानी आपूर्ति हुन नसक्नु, सबै वस्ती तथा बजार क्षेत्रमा ढल निकास नभएको आदि यस क्षेत्रका समस्याहरू हुन् ।

खानेपानी तथा सरसफाईका संरचनालाई जलवायु परिवर्तन अनुकुल र वातावरण र विपद् व्यवस्थापन मैत्री बनाउन, बढ्दो सहर उन्मुम बस्ति विकासको माग धान्नेगरीको पूर्व तयारीमा बस्न, सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु, नगरलाई पूर्ण सरसफाइयुक्त बनाउनु, खानेपानीका स्रोतको संरक्षण गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ४.३.३ लक्ष्य

शुद्ध र सफा खानेपानी सहित सरसफाईमा सहज नागरिक  पहुँच अभिबृद्धि गरी समृद्ध शहर निर्माण गर्ने ।

## ४.३.४ उद्देश्य

१ शुद्ध, सफा र सुरक्षित  खानेपानीको पहुँच शतप्रतिशत बनाई स्वस्थता सुनिश्चित गर्ने ।

२. फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी बैज्ञानिक व्यवस्थापनमा जोड दिने ।

३. स्थानीय पानीका मुहान संरक्षण गरी वातावरणीय स्वच्छता कायम राख्नु ।

## ४.३.५ रणनीति

- पानीका स्रोतहरूको संरक्षण, पुर्नजिवन तथा प्रविधि मैत्री व्यवस्थापनमा जोड दिई खानेपानी संस्थाहरूलाई व्यवस्थित बनाउने ।
- प्रत्येक बिद्यालय, सार्वजनिक सेवाका क्षेत्र तथा कार्यालय र सार्वजनिक स्थलहरूमा आवश्यक संरचना निर्माण विकास गरी सुरक्षित र स्वाच्छ खानेपानी उपलब्ध हुने व्यवस्था मिलाउने
- बिद्यालय तथा सार्वजनिक स्थान र क्षेत्रमा बालमैत्री तथा अपाङ्गमैत्री खानेपानी प्रवाह धाराको व्यवस्था गर्ने
- उपलब्ध पानीका स्रोतहरूको पहिचान गरी सहज विकल्प (सतह, भूमिगत, लिफ्ट) को प्रयोग मार्फत खानेपानीको आवश्यकता पुर्ति गर्ने ।
- शत प्रतिशत घरहरूमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने ।

## ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको आवाधिक योजना तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३७ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ९० | ९३ | ९५ | ९७ | १०० |
| फोहरमैलाको स्रोतमा वर्गीकरण गर्ने घर परिवार संख्या | प्रतिशत | ३० | ४० | ५० | ८० | ९० |
| निजी धारा उपलब्ध घर परिवार | प्रतिशत | ७० | ७० | ८० | ९० | ९८ |
| आधारभूत खानेपानीको सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० |
| सुरक्षित शौचालय भएका घरधुरी | प्रतिशत | ९९ | ९९ | १०० | १०० | १०० |
| सार्वजनिक शौचालय | संख्या | ७ | १० | १० | १२ | १२ |
| लिफ्ट प्रविधिमा आधारित खानेपानी योजना | संख्या | १ | १ | २ | ३ | ४ |

## ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा, मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी र सरसफाई उप-क्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान तालिका ३८ मा रहेको छ।

**तालिका ३८ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ९४२१ | १०५५ | ८३६६ | ० | १३१९ | ५७४७ | २३५५ | |
| ०८२/८३ | १०३६४ | १४७२ | ८८९२ | ० | १४५१ | ६३२२ | २५९१ | |
| ०८३/८४ | ११४०० | १२७७ | १०१२३ | ० | १५९६ | ६९५४ | २८५० | |

## ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३९ मा प्रस्तुत गरिएको छ।

**तालिका ३९ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी आयोजना निर्माण तथा स्थानीय पानीका स्रोतहरूको उचित संरक्षण गरी सुरक्षित खानेपानीको आपूर्ती गर्ने। | प्राकृतिक स्रोत संरक्षण मार्फत शुद्धखानेपानी आपूर्तीमा सहज बनाउने। | सालबसाली | २०१८५ | थप परिवारहरू सहज रुपमा खानेपानीबाट लाभान्वित हुनेछन्। खानेपानी मुहानहरूको संरक्षण भएको हुनेछ। |
| २ | खानेपानी वितरणमा पानी उपचार (ट्रिटमेण्ट प्रणाली) को निर्माण गर्ने, गोष्ठि तथा छलफल लगायतका सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने | खानेपानी, सरसफाई सेवा, सुविधा प्रभाबकारी गराउने | २०८१/८२ देखि २०८३/८४ सम्म | १०००० | सबैलाई स्वच्छ र सफा खानेपानीको व्यवस्था हुनेछ। |

## ४.३.९ जोखिम तथा अनुमान

सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच स्वच्छ खानेपानी तथा सरसफाईको क्षेत्रमा सहकार्य र साझेदारी निरन्तर रहेको हुनेछ । जलवायु परिवर्तबाट खानेपानीको स्रोत पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिलो कार्यान्वयन, अन्तर-सरकार सहकार्यमा कमी र सरसफाईमा समुदायस्तरको जागरुकताको कमीले खानेपानी तथा ससरफाई क्षेत्रसँग सम्बन्धित उपलब्धि हासिल गर्न कठिनाइ हुन सक्नेछ । जलाधार क्षेत्र तथा मुहानहरूको पहिचान र संरक्षण, (सतह, भूमिगत, लिफ्ट) को प्रयोग मार्फत खानेपानीको आवश्यकता पूर्ति र वैज्ञानिक फोहोरमैला व्यवस्थापन गर्न बाह्य लगानी जुटेमा योजना कार्यान्वयन जोखिम रहन्छ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

लैङ्गिक समाना तथा महिला सशक्तिकरण, बालमैत्री स्थानीय शासनको माध्यम बाट बाल अधिकार संरक्षण र सम्बर्द्धन साथै लक्षित वर्गको सामाजिक समावेशीकरण र सशक्तिकरण आजका मूख्या सवालहरूको रुपमा रहेका छन् ।

दिगो विकास लक्ष्यमा समेत बालबालिकाको हक अधिकार स्थापित गर्न विषयगत परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् । अन्तराष्ट्रिय स्तरमा गरिएका सन्धी सम्झौता बमोजिम नेपालले महिला, बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसाको अन्त्य गर्ने सङ्कल्प सहितका परिमाणात्मक लक्ष्य अघि सारको अवस्था छ । राष्ट्रिय जनगणना २०७८ अनुसार इलाम नगरपालिकाको कुल जनसंख्यामध्ये महिला जनसंख्या ५०.९ प्रतिशत रहेको छ तथा दलित घरधुरी संख्या ७०१ रहेको छ । पार्श्वचित्र २०७५ अनुसार महिला स्वामित्वमा रहेको घर २५ प्रतिशत रहेको छ । विभिन्न शिर्षकमा सामाजिक सुरक्षा भत्ता सुविधा लिने जनसंख्या ३००९ रहेको छ । यस नगरपालिकामा महिला, युवा, किशोर-किशोरी, बालबालिका र ज्येष्ठ नागरिकको हितमा विभिन्न कार्यक्रमहरू हुने गरेको र उनीहरूलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उक्त वर्गको अधिकार र हित हुने खालका विभिन्न कार्यक्रमहरू समेत सञ्चालन हुने गरेको छ । उत्पीडित वर्ग, द्वन्द्वपीडित, अपाङ्गता भएका नागरिकले पनि आम नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरूको शारीरिक, मानसिक एवं भावनात्मक विकासको लागि यस नगरपालिकामा विशेष कार्यक्रम मार्फत सम्बोधन हुने गरेको छ । त्यही अनुरुप आर्थिक, समाजिक, सांस्कृतिक र राजनैतिक क्षेत्रमा सबैको सहभागितामा वृद्धि हुँदै आएको छ ।

### ४.४.२ समस्या तथा चुनौती

लैङ्गिक समानता तथा महिला सशक्तिकरण सम्बन्धी खण्डीकृत सूचनाको कमि हुनु र भएका कार्यक्रमको मूलप्रवाहिकरण नहुनु, अधिकाशं महिलाको आर्थिक अवस्थामा सुधार नहुनु, सम्पत्तिमा महिलाको स्वामित्व स्थापित नहुनु, बाल विवाह अझै पनि अभ्यासमा रहनु, सामाजिक-आर्थिक क्षेत्रमा विभेद विद्यमान रहनु, स्रोतसाधन तथा सेवा सुविधामा न्यायोचित पहुँच पुग्न नसक्नु, अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा प्रतिस्थापन गराउने वातावरण सिर्जना नहुनु, अपाङ्गमैत्री र महिलामैत्री संरचनाको अपर्याप्तता, नीति निर्माण तहमा अर्थपूर्ण सहभागिताको कमी, गरिब, उत्पीडित वर्ग, पिछडिएको वर्ग र महिलाहरूलाई संबोधन गर्ने प्रभावकारी कार्यक्रम सञ्चालन नहुनु, वर्गीय, जातीय, लैङ्गिक र पेशागत भेदभाव हुनु, किशोर किशोरीहरूको मनोभाव बुझेर व्यवहार नगर्नु र उनीहरूलाई समाजमा घुलमिल हुने वातावरण सिर्जना नहुनु आदि प्रमुख समस्या हुन् ।

समाजमा व्याप्त महिला हिंसा अन्त्य गर्न, सामाजिक विभेद र असमानता हटाई महिला सशक्तिकरण गराउन, जेष्ठ नागरिकको हेरचाह, खानपिन, स्वास्थ्य उपचार, मनोरञ्जन र आश्रय स्थलको निर्माण गरी उनीहरूलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्न, पिछडिएका वर्गमा आफ्नो व्यवहार र भविष्य प्रति सकारात्मक सोच जगाउन, रोजगारीको अवसर तथा प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न, महिला तथा पिछडिएका जातीलाई समाजमा प्रतिस्पर्धात्मक रुपमा समावेश गर्न, बाल अधिकारको पूर्ण प्रत्याभूत गर्न, जातीय विभेद पूर्ण रुपमा उन्मूलन गर्न, विभिन्न समुदाय तथा वर्गबिच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेको विभेद अन्त्य गर्नु, स्रोत साधन एवम् अवसरमा समावेशीता सिद्धान्त अनुरूप अवसर सृजना गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ४.४.३ लक्ष्य

विकासमा लक्षित वर्गको मूलप्रवाहीकरण मार्फत समावेशीता, सामाजिक न्याय र सहभागिता सुनिश्चित गर्ने ।

## ४.४.४ उद्देश्य

१. महिलालाई नेतृत्वदायी भूमिकामा पहुँच पुऱ्याउनु ।

२. विभिन्न जात वर्ग समुदायबाट पछाडि परेका महिला तथा पुरुष, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, एकल नागरिकको सहभागिता बढाउनु ।

३. बालबालिकाका नैसर्गिक अधिकारका रुपमा स्थापित बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको संरक्षण, संमर्द्धन र विकास गर्ने

४. पारिवारिक, आर्थिक र कानूनी संरक्षणको माध्यमबाट जेष्ठ नागरिकको हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने साथै अवस्थाका आधारमा आवश्यक सेवा सुविधा उपलब्ध गराउने

५. जेष्ठ नागरिक सँग रहेको ज्ञान, सीप र अनुभवलाई नगरपालिकाको समृद्धिमा सदुपयोग गर्ने

६. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने

## ४.४.५ रणनीति

- शिप विकास सहित महिलालाई आर्थिक उपार्जनका क्षेत्रका कृयाशिल गराउन महिला द्वारा प्रवर्द्धित उद्योग, कलकारखाना तथा व्यापार व्यवसायलाई संरक्षण र सम्बर्द्धन गर्ने साथै सहुलियत पूर्ण आर्थिक श्रोतको व्यवस्थापकालागि सहकारी तथा बैंक बित्तीय संस्था सँग सहकार्य गर्ने ।
- लक्षित समुहलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने ।
- घरेलु वा सामाजिक हिंसामा परेका महिला तथा बेसाहारा बालबच्चा र बृद्वहरूका लागि साहारा केन्द्र स्थापना गर्ने ।
- विभिन्न आय आर्जनको सीपमूलक कार्यक्रम सञ्चालन गर्ने
- बलमैत्री स्थानीय शासनमा आधारित रणनीतिक योजना समेतका आधारमा बालमैत्री नगरपालिकाको घोषणा सँगै दिगोपनाको सुनिस्चितता गर्ने
- समुदायस्तरीय तथा बिद्यालयस्तरीय साथै वडा र नगरपालिका स्तरीय बाल क्वलहरूलाई थप कृयाशिल गराउने
- जेष्ठ नागरिकहरूकालागि अनुभव, ज्ञान र शिपको आदान प्रदान लक्षित शैक्षिक भम्रण, शिप विकास लगायतका कार्यक्रमको व्यवस्था गर्ने
- अपाङ्गता भएका व्यक्तिहरूको प्रकृति र क्षमताका आधारमा सिप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गरी स्वनिर्भरता तर्फ उत्प्रेरणाकासाथ अघि बढाउने

## ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४० महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| पिछडिएका तथा सीमान्तकृत समुदायको सीप विकास तथा रोजगारीको अवस्था | प्रतिशत | ४२.७ | ४३ | ४५ | ४८ | ५० |
| पछिल्लो एक आ.व मा ५ बर्ष मुनी जन्मदर्ता गराएको बालबालिकाको संख्या | संख्या | ५०२ | ५०२ | ५५० | ५५० | ६०० |
| सहकारी संस्थामा महिला सहभागिता | प्रतिशत | ३५ | ४६ | ४८ | ४८ | ५० |
| लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | ३० | ७ | ० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामाजिक सुरक्षाबाट लाभान्वित जनसंख्या | संख्या | ३००९ | ४६०३ | ४६५० | ४८०० | ५००० |
| अपाङ्गता मैत्री भौतिक संरचनाको अवस्था | प्रतिशत | ३५ | ३५ | ४० | ५० | ५५ |
| महिला बालबालिका मैत्री भौतिक संरचना | प्रतिशत | ५० | ५० | ६० | ७० | ८० |
| वालमैत्री वडा घोषणा | संख्या | ० | १ | ५ | १० | १२ |
| नगरपालिकाभित्र रहेका बालगृह | संख्या | १ | १ | १ | १ | १ |
| सम्पत्तिमा महिलाको पहुँच | प्रतिशत | २० | २० | ३० | ३५ | ४० |

## ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४१ मा प्रस्तुत गरिएको छ।

**तालिका ४१ : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको त्रिबर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ४४२६ | ४४२६ | ० | ० | ३४२० | ४९०० | ६१०६ | |
| ०८२/८३ | ६८६८ | ६८६८ | ० | ० | ३७६२ | ६३९० | ६७१७ | |
| ०८३/८४ | ९५५५ | ९५५५ | ० | ० | ४१३८ | ८०२९ | ७३८९ | |

## ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४२ : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण लगायत सुविधा सामाजिक सेवा बिमा कार्यक्रम सञ्चालन गर्ने | लक्षित वर्गको सशक्तिकरणलाई प्रभावकारी बनाउने | सालवसाली | ११५६८ | समाजका हरेक तह र तप्काका नागरिकहरूको सम्मानजनक जीवनयापनको प्रत्याभूति भएको हुनेछ। |
| २ | घरेलु वा सामाजिक हिंसामा परेका महिला तथा बेसाहारा बालबच्चा र बृद्धहरूका लागि साहारा केन्द्र स्थापना गर्ने। | हिंसा पिडित वर्गको संरक्षण गर्ने | सालवसाली | ५७७३ | घरेलु हिसाका घटनामा कमी आएको हुनेछ। |
| ३ | विभिन्न आय आर्जनको सीपमूलक कार्यक्रम सञ्चालन गर्ने | लक्षित वर्गको आर्थिक ससक्तिकरण गर्ने | २०८१/८२ देखि २०८३/८४ सम्म | ३५०० | आर्थिक सम्पन्नता सहितको लैङ्गिक समाता कायम भएको हुनेछ। |
| ४ | दलित, अल्पसंख्यक, सिमान्तकृत र जनजाति उत्थान कार्यक्रम | दलित, अल्पसंख्यक, सिमान्तकृत, जनजाति र यौनिक अल्पसंख्यकको अधिकार संरक्षण गर्नु | सालवसाली | ३००० | ७० प्रतिशत दलित वर्गमा चेतना र संस्कृतिको जगेर्नामा अभिवृद्धि, सिमान्तकृत बर्गको सशक्तीकरणमा अभिवृद्धि हुनेछ। |

### ४.४.९ जोखिम तथा अनुमान

लक्षित वर्गको कार्यक्रम कार्यान्वयनका लागि प्रयाप्त श्रोतको व्यवस्था भएको हुनेछ। अन्य तहको सरकार र सरोकारवाला निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता रहनेछ। उल्लेखित अवस्था कायम हुन नसकेमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्त्तन

### ४.५.१ पृष्ठभूमि

उत्पादन क्षमता र श्रम शक्तिको प्रमुख आधार हुन्। कुनै पनि प्रकारको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तन यूवा शक्तिलाई अलग गरेर सम्भव छैन र रहदैन पनि। युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र यूवा उद्यमशीलताकालागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्नु पर्ने व्यवस्था गरेको छ। नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ, रोजगारी लगायतका क्षेत्रमा बिशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गिण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीति अवलम्बन गरेको छ। युवा शक्तिको सही परिचालन हुन सकेमा नगरपालिकाको सर्वाङ्गिण विकासमा ठूलो योगदान पुग्नेछ। नगरपालिकाको तथ्याङ्कलाई हेर्दा रोजगारीको लागि विदेशिएका युवा जनसंख्या ६.२ प्रतिशत रहेको छ। जनसांख्यिक पुँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवाहरूलाई मूल प्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट विकासमा योगदानको वातावरण सिर्जना गर्ने नगरपालिकाको निती रहेको छ। नगरपालिकामा हाल खेलकुदको लागि एक ठूलो सैनिक टुँडीखेल, १ निर्माणधिन स्टेडियम, ८ वटा खेलमैदान र ३ वटा कवर्ड हल रहेको छ।

### ४.५.२ समस्या तथा चुनौती

युवा लक्षित नीति, योजना तथा कार्यक्रम प्रभावकारी हुन नसक्नु, युवायुवतीको शारिरिक एवं मानसिक विकासको लागि खेलकुद, मनोरञ्जन र व्यायामको उचित व्यवस्था नहुनु, खेलकुदको लागि भौतिक संरचना र आर्थिक श्रोतको अभाव हुनु, खेल मैदान लगायत खेल सामाग्रीहरू अपर्याप्त र अव्यवस्थित रहनु, दक्ष प्रशिक्षकद्वारा सिकाई र प्रोत्साहनको अभाव हुनु, युवा लक्षित उद्यमशील र रोजगारीका अवसर विस्तार नहुनु, शिक्षा प्रणालीमा युवा क्षमता र सिर्जनशीलतालाई सम्बोधन गर्न नसक्नु, खेलकुद क्षेत्रको विकासमा व्यवहारिक महत्वबोध नहुनु आदि प्रमुख समस्या हुन्।

मध्यम र उच्च शिक्षा प्राप्त गरेका युवा विदेश पलायन हुने प्रवृत्ति रोक्नु, सामाजिक र आर्थिक सेवामा युवाको पहुँच वृद्धि गर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, युवाको क्षमता अभिवृद्धि गरी स्वदेशमा रोजगारी र स्वरोजगारको व्यवस्था गर्नु, सामाजिक र आर्थिक रूपान्तरणमा युवा परिचालन गर्नु, पर्याप्त खेलकुद तथा पूवार्धारको विकास, निर्माण, स्तरोन्नति, खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता गराउनु, खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा स्थापित गर्नु आदि प्रमुख चुनौती हुन्।

### ४.५.३ लक्ष्य

युवाहरूको चौतर्फी क्षमता एबम् नेतृत्व विकासका लागि सार्वजनिक लगानी अभिबृद्धि गर्ने।

### ४.५.४ उद्देश्य

१. युवा प्रतिभा विकास तथा उद्यमशिलता एवम् स्वरोजगारका अवसर सिर्जना गर्नु।

२. सबैका लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद क्षेत्रको विकासमा जोड दिनु।

३. नगरपालिका स्तरमा खेलकुद पूर्वाधारहरूको निर्माण विकास गर्नु।

### ४.५.५ रणनीति

- युवा वर्गको संभावनाको आधारमा  क्षमता, सीप, र दक्षताको विकास गर्ने।
- यूवा स्वरोजगार कार्यक्रमलाई बहुक्षेत्रगत रुपमा सञ्चालन व्यवस्थापनको सुनिस्चित आधार निर्माण गरी उत्पादनमुलक

कार्यमा परिचालन गर्ने ।

- नगरपालिका क्षेत्रका विकास निर्माणका कार्यहरूमा युवा परिचालन गरी रोजगारीको अवसर प्रदान गर्ने
- प्रधानमन्त्री युवा स्वरोजगार कार्यक्रमलाई प्रभावकारी वनाउने साथै युवाहरूकालागि व्यवसायिक योजनामा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्ने
- युवाहरूलाई लागु औषध लगायतका कुलत बाट बचाउन बिद्यालय स्तरीय सम्यन्त्र निर्माण गरी परिचालन गर्ने
- खेलकुदका पूर्वाधारको विकास गरी राष्ट्रिय स्तरका खेलाडीको उत्पादन गर्ने
- नगरस्तरीय खेलकुद पूर्वाधारहरू विकास गर्ने
- नगरपालिका स्तरीय खेल मैदान (रङ्गशाला) का साथमा एक वाडा एक खेलमैदानका हिसावले प्रत्येक वडामा वडास्तरीय खेलमैदानको निर्माण विकास गर्ने
- आवाधिक रुपमा आन्तरिक तथा बाह्य प्रतियोगितात्मक खेलकुद प्रवर्द्धन गर्ने ।

## ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक नगरविकास योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४३ : युवा तथा खेलकुद उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| अन्तराष्ट्रिय स्तर खेलाडी | संख्या | ५ | ५ | ७ | १० | १० |
| प्रदेश तथा राष्ट्रियस्तर खेलाडी | संख्या | १८ | १८ | २० | २० | २५ |
| नगरपालिका स्तर खेलाडी | संख्या | ५० | ५० | ७० | ८० | १०० |
| नगर युवा परिषद् | संख्या | १ | १ | १ | १ | १ |
| कवर्ड हल | संख्या | ३ | ३ | ४ | ५ | ५ |
| खेलकुद मैदान | संख्या | ८ | ८ | १० | ११ | १२ |
| सुविधा सम्पन्न स्टेडियम | संख्या | ० | ० | १ | १ | १ |
| बालक्लब संख्या | संख्या | ७३ | ७३ | ९० | १०० | १२० |
| युवा रोजगारी दर | प्रतिशत | ११.४ | ११.४ | १५ | १७ | २० |
| खुला व्यामशाला | संख्या | २ | २ | ४ | ४ | ६ |
| नगरमा संचालित खेलकुद प्रतियोगिता बार्षिक | संख्या | ४ | ४ | ६ | ८ | १० |

## ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४४ मा प्रस्तुत गरिएको छ

**तालिका ४४ : युवा तथा खेलकुद उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ८३७५ | ६७०० | १६७५ | ० | ११७२ | ५१०८ | २०९४ | ० |
| ०८२/८३ | ९२१२ | ७३७० | १८४२ | ० | १२९० | ५६१९ | २३०३ | ० |
| ०८३/८४ | १०१३३ | ८१०७ | २०२७ | ० | १४१९ | ६१८१ | २५३३ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४५ : युवा तथा खेलकुद उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरूलाई व्यवसायिक तालिम प्रदान गर्ने । | युवाहरूमा सीप प्रदान गरी स्वरोगारीमा अभिवृद्धि गर्नु । खेल प्रतिभाको विकास तथा स्वास्थ मानव संशाधन विकास गर्नु | २०८१/८२ देखि २०८३/८४ सम्म | ५५९० | युवाहरूमा स्वाबलम्बी सीपको विकास भई आत्मनिर्भर हुनेछन् । युवाहरूमा खेलकुद प्रतिभाको विकास हुनेछ । |
| २ | मापदण्डयूक्त खेलमैदान तथा कवर्डहल निर्माण तथा स्तरोन्नति गरी खेल सामग्रीहरूको व्यवस्था गर्ने । | खेलकुद पूर्वाधारहरूको विकास गर्ने | २०८२/८३ देखि २०८३/८४ सम्म | ५९१० | नगरका ४ वटा वडामा कवर्डहल निर्माण भएको हुनेछ । न्यूनतम खेलकुद सामाग्री व्यवस्था भएको हुनेछ । |
| ३ | प्रतियोगितात्मक खेलकुद आयोजना खेलकुद प्रशिक्षण केन्द्र स्थापना गर्ने | खेलपर्यटन प्रवर्द्धन गर्ने तथा व्यसायिक खेलाली उत्पादन गर्ने | २०८३/८४ | ९७२० | खेलकुद तथा खल पर्यटन मापर्फत युवाको क्षमता अभिबृद्धि गर्दै व्यवसायिक खेलाली उत्पादन हुनेछ । |
| ४ | वडा स्तरीय कार्यक्रमहरू | युवा सशक्तिकरण तथा खेलकुद सम्वन्धि कार्यक्रम सञ्चालन | सालवसाली | ६५०० | युवाहरूलाई उत्प्रेरणामुलक कार्यक्रममार्फत उनीहरूको क्षमता विकासमा सहयोग पुग्नेछ । |

### ४.५.९ जोखिम तथा अनुमान

युवाको क्षमता अभिवृद्धि गरी विदेश पलायन हुने प्रवृत्ति रोक्न, सामाजिक र आर्थिक सेवामा युवाको पहँचु वृद्धि गर्न सक्ने अनुमान गरिएको छ। पर्याप्त खेलकुद तथा पूवार्धारको विकास, निर्माण र स्तरोन्नति गरी खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा स्थापित गर्न सक्ने अनुमान गरिएको छ ।युवा तथा खेलकुदसम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भएको हुनेछ। खेल विकासका लागि प्रशिक्षण, सामग्री र खेलाडीलाई प्रोत्साहन भएको हुनेछ। उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ५ : पूर्वाधार क्षेत्र

## ५.१ भवन, आवास तथा बस्ती विकास

### ५.१.१ पृष्ठभूमि

स्थानीय सरकारको रुपमा स्थापित र कृयाशिल इलाम नगरपालिकाको अधिकाङ्स क्षेत्र ग्रामीण स्तरको छ। समग्र आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहका लागि भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका अग्रणी एवं महत्वपूर्ण रहदै आएको छ। स्थानीय तहको समग्र विकासलाई सकारात्मक दिशातर्फ अघि बढाउन पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, पक्की तथा झोलुङ्गे पुल, परम्परागत गोरेटो बाटो, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन्। नगरपालिकाको सामाजिक, आर्थिक अवस्था र सेवा प्रवाहमा समेत टेवा पुऱ्याउने यस क्षेत्रको सम्भावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ। जिल्ला सदरमुकामको रुपमा रहेको इलाम बजार आवास तथा पूर्वाधारको रुपमा सम्पन्न भएता पनि यसलाई थप व्यवस्थित गर्न जरुरी रहेको देखिन्छ। यहाँ सवै वडा कार्यालयहरूमा गरी १३ वटा सार्वजनिक भवनहरू निर्माण भएको छन्।

### ५.१.२ समस्या तथा चुनौती

यस पालिकाको अधिकांश बस्ती छरिएर रहेकोले एकीकृत वस्ती विकास अवधारणाको पूर्वाधार सुविधाहरूको एकैनासको पहुच स्थापना गर्न सकिएको छैन। राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन नहुनु, भवन निर्माण गर्ने कामदारमा प्राविधिक क्षमता र दक्षतामा कमी हुनु, भवन निर्माणमा प्राविधिकको रेखदेख, निरीक्षण र अनुगमनको कमी हुनु, भवन निर्माण किफायती नभई महँगो हुनु, सुरक्षित, स्वस्थकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु, अव्यवस्थित वस्ती विकास हुनु, जोखिमयुक्त वस्तीहरू स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको अवधारणा विकासमा कम ज्ञान हुनु, सुरक्षा निकाय र नागरिकको विचमा सहकार्य कम हुनु आदि यस क्षेत्रका समस्याहरू हुन्।

भवन संहिता र निर्माण मापदण्डको सफल कार्यान्वय गर्न, परम्परागत सीप, निर्माण प्रविधि तथा बस्तुकलाको संरक्षण र सम्बर्द्धन गर्ने तथा निर्माण कार्यमा सम्लग्न सवै जनशक्तिलाई समयानुकुल तालिम प्रदान गरी दक्ष बनाउनसमग्र विकासका लागि एकीकृत पहुँच नभएको, शहरी विकासको मापदण्ड तयार गरी त्यसै अनुरुप आवासिय तथा व्यवसायिक क्षेत्रको मार्गचित्र कोर्नु, अव्यवस्थित वसोवास र अतिक्रमणलाई रोक्नु, वढ्दो शहरीकरणलाई व्यवस्थित बनाउनु विच तादाम्यता कायम गर्नु, घडेरीका रुपमा जग्गाको खण्डीकरण रोक्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

### ५.१.३ लक्ष्य

वातावरणमैत्री व्यवस्थित एबम् पर्यटकीय नगर संरचनाहरू निर्माण गर्ने।

### ५.१.४ उद्देश्य

१. नगरपालिकाबासीको आवश्यकता र चाहाना बमोजिमका उपयुक्त, सुरक्षित, वातावरणमैत्री, सुलभ र उत्थानशील आवास निर्माण गर्नु तथा वर्तमान आवास व्यवस्थापनको स्तरोन्नती गर्नु

२. नगरपालिका क्षेत्र भित्रका सार्वजनिक निर्माण, आवास तथा शहरी विकासलाई वातावरण अनुकुल तथा सुरक्षित बनाउनु।

३. नगर विकासयोजनाबद्ध आवास कार्यक्रमलाई मुर्तरुप दिनु ।

### ५.१.५ रणनीति

- आवास, वस्ती विकास र भवनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने।
- इलाम नगर भित्रको भूमीप्रयोग योजनालाई अद्यावधिक तथा प्रविधि मैत्री बनाउने।
- सुरक्षित, बहुउपयोगी र व्यवस्थित वस्ती विकास प्रणालीलाई प्रवर्द्धन गर्ने।
- सुरक्षा संवेदनशील स्थान, मुख्य सहर, कार्यक्रम स्थल, पार्किङ्ग क्षेत्र र बढी भिडभाड हुने क्षेत्रमा स्मार्ट सिसिटिभी जडान गर्ने।

## ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ४६: भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| प्रवर्तित, व्यवस्थित तथा सुरक्षित नमुना आवास क्षेत्र | प्रतिशत | - | – | १० | २० | २५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका नयाँ सार्वजनिक भवन तथा संरचना | प्रतिशत | ५० | ५० | ८० | ९० | १०० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका नयाँ आवास घर | प्रतिशत | ८० | ८० | ८५ | ९० | १०० |
| नगरभित्र रहेको पक्की आवास संरचाना | प्रतिशत | १७.९ | १७.९ | १९ | २० | २२ |
| जस्ताको छानो भएको घर | प्रतिशत | ८०.९ | ८०.९ | ८० | ८० | ८० |
| फुसको छानो भएको घर | प्रतिशत | ०.३ | ०.३ | ०.१ | ० | ० |
| नगरभित्र भएको सार्वजनिक पार्क तथा उद्यान संख्या | संख्या | १० | १० | १४ | १५ | २० |
| आधारभूत पूर्वाधार सहितका व्यवस्थित बजार | संख्या | १ | १ | १ | २ | २ |
| घरवाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच | प्रतिशत | २२ | २५ | ३५ | ४५ | ५० |

## ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा बस्ती विकास, आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४७ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ९०८४१ | २८१६ | ८८०२५ | ० | १२७१८ | ५५४१३ | २२७१० | |
| ०८२/८३ | ९९९२५ | ४९९६ | ९४९२९ | ० | १३९८९ | ६०९५४ | २४९८१ | |
| ०८३/८४ | १०९९१७ | ६५९५ | १०३३२२ | ० | १५३८८ | ६७०५० | २७४७९ | |

## ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षितसहितको संक्षिप्त विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ४८: भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | इलाम नगरपालिकाको एकीकृत शहरीविकास योजना अर्न्तगत सडक तथा यातायात क्षेत्र सुधार योजना तयार गर्ने | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउने | २०८१/८२ देखि २०८३/८४ सम्म | २००००० | आवास, भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुनेछ |
| २ | व्यवस्थित एकिकृत वस्ती विकास गर्ने । | भू उपयोग अवधारणा अनुसार व्यवस्थित वस्ती विकास गर्ने | सालबसाली | ७५००० | नगरभित्र भू उपयोग योजना बमोजिम सुरक्षित वस्ती प्रवर्द्धन भएको हुनेछ । |
| ३ | बिस्तारित इलाम बजारको सिटी प्लान तयार गरी उत्थानशिल शहरको रुपमा विकास गर्ने । | वन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु । | २०८२÷*३ देखि क्रमशः | ८१०० | आवास, भवन तथा बस्ती विकाससम्बन्धी सेवा सुचारु हुनेछ । |
| ४ | सार्वजनिक निर्माण, व्यवसायिक क्षेत्रलाई बाल, महिला, जेष्ठ नागरिक तथा अपाङ्गमैत्री गर्ने । | सार्वजजिक सेवा सहज बनाउने | सालबसाली | ८०३८ | सार्वजिनक पूर्वाधारमा सवैको पुहँच स्थापित भएको हुनेछ । |
| ५ | इलाम नगर क्षेत्रको सौंन्दर्यीकरण | सफा स्वच्छ इलाम रुपान्तरणमा सहयोग पुग्नेछ । | सालबसाली | ९५४५ | बर्षिक पर्यटक आगमनमा २५ प्रतिशतले बृद्धि भएको हुनेछ । |

### ५.१.९ जोखिम तथा अनुमान

भू उपयोग योजना तयार हुनेछ। भवन संहिताको कार्यान्वयन र मापदण्डको पालनाको अभिवृद्धि भएको हुनेछ। भवन, आवास र बस्ती विकासको क्षेत्रमा तीन वटै तहको सरकार तथा स्थानीय समुदाय बीच सुझबुझ, साझेदारी र सहकार्य अभिवृद्धि भएको हुनेछ। भवनहरू भुकम्प प्रतिरोधि र ग्रामिण सडकहरू दिगो तवरले निर्माण भएको हुनेछ। सुरक्षा संवेदनशील स्थान, मुख्य सहर, कार्यक्रम स्थल, पार्किङ्ग क्षेत्रहरूको पनि सँगसँगै विकास गरिएको हुनेछ। उपरोक्त परिवेशको निर्माण हुन नसकेका लक्ष्य हासिल हुनमा कठिनाइ हुनसक्छ।

## ५.२ सडक, पूल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

समग्र आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहका लागि भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका अग्रणी एवं महत्वपूर्ण रहदै आएको छ। स्थानीय तहको समग्र विकासलाई सकारात्मक दिशातर्फ अघि बढाउन पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, पक्की तथा झोलुङ्गे पुल, परम्परागत गोरेटो बाटो, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन्। नगरपालिकाको सामाजिक, आर्थिक अवस्था र सेवा प्रवाहमा समेत टेवा पुऱ्याउने यस क्षेत्रको सम्भावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ। रणनैतिक सडकको रुपमा रहेको मेची राजमार्ग ७२.७३ कि.मि. र इलाम-माइपोखरी-सन्दकपुर सडकको इलाम खण्ड सहित यस नगरपालिकामा कुल सडक करिब ७२७.४१ कि.मि रहेको छ। नगरपालिका अन्तर्गतको सडकमध्ये करिब ५९.०७ किलोमिटर मात्र कालोपत्रे छ भने बाँकी ग्रावेल र धुले सडक रहेको छ। यस नगरपालिकामा ७ वटा पक्की पुल, ५ वटा कल्भर्ट र २६ वटा झोलुङ्गे पुल रहेका छन्। यस नगरपालिकाको वडा नं ९ मा रहेको फाल्गुनन्द सुकिलुम्बा विमानस्थलले देशको राजधानी काठमाण्डौसँग समेत सोझो पहुँच विकास गरेको छ। यातायातको पहुँचलाई पूर्वाधारको पनि पूर्वाधारको रुपमा लिइने भएकोले समग्र विकासमा यस क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ।

### ५.२.२ समस्या तथा चुनौती

विद्यमान सडकहरू साँघुरा हुनुका साथै कच्ची अवस्थामा रहेका र बढी चल्तीमा रहदा धुलो उड्ने, सडकहरू कालोपत्रे गर्न वित्तीय श्रोतको कमी हुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक निर्माण हुनु, पर्यटकीय पदमार्गको विस्तार नहुनु, पर्याप्त यातायातका साधनहरूको अभाव हुनु, मापदण्ड बिना आयोजना पहिचान तथा छनौट हुनु, सडक निर्माणमा बजेट विनियोजन

र सञ्चालनमा कुशलताको अभाव हुनु, बर्षातमा हिलो हुने र शहरी जीवनलाई प्रतिकुल प्रभाव पार्ने खालका हुनु, नगरका कतिपय वडाहरू जोड्ने सडक कच्ची, ग्रेड नमिलेका तथा जोखिमपूर्ण अवस्थामा रहनु, फोहोर पानीको व्यवस्थापन नहुनु तथा फोहोरमैला व्यवस्थापन कमजोर हुनु, सडकमा रहेका विद्युत तथा सञ्चारका पोलहरूले शहरी सौन्दर्य बिगार्नु यहाँका मुख्य समस्या हुन् ।

वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार गर्न, निर्माण सामाग्रीको उपलब्धता र गुणस्तरलाई सुनिश्चित गर्न, खानेपानी, विद्युत र सडकसँग सम्वन्धित निकायवीच समन्वय गराउन, सडक तथा पुल निर्माणको कानूनी प्रकृयालाई प्रभावकारी वनाउन, सडक निर्माणको गुणस्तरीयताको मापदण्ड तयार पारी लागु गर्न, सडक गुरुयोजना भूगोल अनुसार बनाउन, भूउपयोग योजना कार्यान्वयन गर्न यस क्षेत्रका चुनौती हुन् ।

### ५.२.३ लक्ष्य

अन्तरपालिका र नगरका  अन्तरवडा केन्द्र बीच सहज यातायात पूर्वाधार निर्माण गर्ने ।

### ५.२.४ उद्देश्य

१. इलाम नगरपालिकाको शहरीविकास योजना अर्न्तगत सडक क्षेत्र योजना तयार गर्ने

२. गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री यातायात सञ्जाल विस्तार गर्नु ।

३. यातायात पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज यात्राको व्यवस्था मिलाउनु ।

### ५.२.५ रणनीति

- प्रत्येक वडाको केन्द्र र पालिकासम्म जाने सडकहरू व्यवस्थित नाली निकास सहितका पक्की सडक निर्माण तथा सुधार गर्ने ।
- इलाम नगरपालिकाको एकीकृति शहरीविकास योजना अर्न्तगत सडक तथा यातायात क्षेत्र सुधार योजना तयार गर्ने
- नगर भित्रको पर्यटकीय स्थल, धार्मिक स्थल, कृषि क्षेत्र, उद्योग क्षेत्र आदि सम्म पुग्ने सडकहरू व्यवस्थित नाली निकास सहितका पक्की सडक निर्माण तथा विस्तार गर्ने ।
- भौतिक पूर्वाधार निर्माण विकास सँग सम्बन्धित आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू निर्माण, व्यवस्थापन तथा कार्यान्वयन गर्ने
- संघीय सरकारको सहयोगमा नगरपालिका क्षेत्रको पुनरनापी गरी सरकारी तथा सार्वजनिक जग्गा जमिनको पहिचान, मापन, अभिलेखिकरण र भौगोलिक नक्सामा सडक सञ्जालको सार्थक रेखाङ्कनको आधार तयार परी व्यवस्थित पार्ने
- वातावारणीय प्रभावको विषयलाई ध्यानमा राखि भौतिक पूर्वाधार निर्माण गर्दा बर्गिकरण र मापदण्डका आधारमा प्रारम्भिक वातावरण मूल्याङ्कन (IEE/EIA) गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गर्ने ।
- संघीय तथा प्रदेश सरकार लगायत सम्भाब्य सवै स्थानीय तथा बाहृय विकास साझेदरसँग समन्वय र सहकार्य गर्ने
- नगर यातायात गुरुयोजना आवश्यकता अनुसार अद्यावधिक गरी सडकहरूको थप वर्गीकरण र कार्यान्वयन गर्ने ।
- आवास, वस्ती विकास र भवनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- इलाम नगर भित्रको भूमीप्रयोग योजनालाई अद्याधिक तथा प्रविधि मैत्री बनाउने ।
- सुरक्षित, बहुउपयोगी र व्यवस्थित वस्ती विकास प्रणालीलाई प्रवर्द्धन गर्ने ।
- सुरक्षा संवेदनशील स्थान, मुख्य सहर, कार्यक्रम स्थल, पार्किङ्ग क्षेत्र र बढी भिडभाड हुने क्षेत्रमा स्मार्ट सिसिटिभी जडान गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

अवाधिक योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४९ मा प्रस्तुत गरिएको छ ।

### तालिका ४९ : सडक, पुल तथा यातायात उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| कुल सडक | कि.मि. | ७२७.४१ | ७५० | ७६० | ७८० | ८०० |
| यातायात सुचारु सडक लम्बाई | कि.मि. | ७२० | ७४० | ७६० | ७८० | ८०० |
| कालोपत्रे सडक | कि.मि | ७३ | ७७ | ९० | १०० | ११० |
| ग्राभेल सडक | कि.मि | ४०० | ४२५ | ४६० | ५०० | ६२० |
| सोलिङ गरिएको सडक | कि.मि. | ६७१ | ६७६ | ७०० | ७३० | ७५० |
| पक्की शहरी सडकमा फूटपाथ | कि.मि. | ० | १ | ३ | ४ | ६ |
| धुले सडक | कि.मि | ३२० | २८० | २०० | १५० | १०० |
| सडक सम्म पहुँच पुगेका वडा कार्यालय | संख्या | १२ | १२ | १२ | १२ | १२ |
| १२ महिना संचालन हुने सडकको २ कि.मि. वरवपर बस्ने जनसंख्या | प्रतिशत | ४५ | ६५ | ७० | ७२ | ७५ |
| समयमानै सम्पन्न आयोजना संख्या/प्रतिशत | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० |
| पक्की  पुल | संख्या | ६ | ७ | ८ | १० | १२ |
| झोलुङ्गे पुल | संख्या | २५ | २६ | | | ३२ |
| स्थानीय एफ.एम स्टेसन | संख्या | ३ | ३ | ३ | ३ | ३ |
| कच्ची नालीको लम्बाई | कि.मि | ३२० | ४५० | ६०० | ८०० | ९०० |
| पक्की नालीको लम्बाई | कि.मि | ७२.७७ | ८२ | ८५ | ९० | ९२ |
| नियमित मर्मत संभार भएको सडक (लम्वाइ) | कि.मि | ६६ | ९८ | १५० | २५० | ३०० |
| वायो इञ्जिनीयरिङ्ग प्रविधि र सडक दाँयाबाँया वृक्षारोपण | कि.मि | २० | २५ | ३० | ४० | ८० |
| व्यवस्थित ढल | कि.मि | ३० | ४३ | ६५ | ९० | १०० |

## ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध भएको बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५० मा प्रस्तुत गरिएको छ ।

### तालिका ५० : सडक, पुल तथा यातायात उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | बजेटको स्रोत (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ३०१४८५ | १२०५९ | २८९४२५ | | ४२२०८ | १८३९०६ | ७५३७१ | |
| ०८२/८३ | ३३१६३३ | १६५८२ | ३१५०५१ | | ४६४२९ | २०२२९६ | ८२९०८ | |
| ०८३/८४ | ३६४७९६ | १८२४० | ३४६५५७ | | ५१०७१ | २२२५२६ | ९११९९ | |

## ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५१: सडक, पुल तथा यातायात उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगर स्तरीय सडक स्तरोन्नति आयोजनाहरू | सडक स्तरोन्नति | २०८१/८२ देखि २०८३/ ८४ सम्म | ६५३५०१ | सडकको गुणस्तरमा सुधार, यातायातको सुविधा |
| २ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | सहज र सुरक्षित पँहुच पुरयाउने | २०८१/८२ देखि २०८३/ ८४ सम्म | ६९९९ | ग्रामिण भेगमा यातायातको पहुँच |
| ३ | सडक तथा झोलुङ्गे पुलको नियमित मर्मत संभार | निर्माण सम्पन्न भई सञ्चालनमा रहेका सडक संरचनाहरूको नियमित संम्भार | २०८१/८२ देखि २०८३/ ८४ सम्म | २६५०० | गुणस्तरीय, सुरक्षित, वातावरण मैत्री निर्माण भई यातायात व्यवस्थित हुनेछ । |
| ४ | सडक वोर्डसगको सहकार्य र नगरको नियमित सडक मर्मत संभार | | २०८१/८२ देखि २०८३/ ८४ सम्म | २५००० | सडकको गुणस्तरमा सुधार |
| ५ | वडा स्तरीय सडक मर्मत सम्भार र स्तरोन्नति | स्थानीय सडकको स्तरोन्नति र मर्मत | २०८१/८२ देखि २०८३/ ८४ सम्म | ३०८९१४ | नगरपालिकाका सबै वडाहरूमा सडकको विस्तार र विकास हुनेछ । |

### ५.२.९ जोखिम तथा अनुमान

तीन वटै तहको सरकार बीच गुणस्तरीय सडक निर्माणमा सहकार्य र साझेदारीमा विस्तार भएको हुनेछ । विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, बहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना र कार्यक्रम प्रस्तावित भएअनुसार बजेट विनियोजन भई खरिद प्रक्रियाअनुसार समयमै आयोजना कार्यान्वयन भएको हुनेछ । कार्यान्वयन व्यवस्थापन एवम् नवीन व्यवस्थापकीय उपकरणहरूको आन्तरिकीकरण हुन नसकेमा आयोजनाको समय र लागत बढ्ने जोखिम रहन्छ । प्राथमिकता प्राप्त आयोजनामा पर्याप्त लगानी, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

प्राकृतिक रुपले नेपाल जलश्रोतधो धनी देश हो । जलबिद्युत र सिंचाई जलश्रोतको प्रयोगका प्रमुख गन्तव्य हुन् । नगरपालिकाको पूर्वाधार विकास र उद्यम विस्तारमा विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको छ । नगरपालिकामा विद्युत्को आपूर्तिद्वारा उद्योग व्यापार तथा व्यवसाय प्रवर्द्धन हुनुका साथै दैनिक जनजीवनलाई पनि सहज बनाउन सकिन्छ । विद्युतको राष्ट्रिय प्रसारण लाइन इलाम नगरपालिका क्षेत्रमा समावेश भए पछि यहाँ ९६% विद्यतीकरण भएको देखिन्छ । यहाँ २ सब स्टेसन र ६६ संख्यामा ट्रान्सफरमरहरू रहेका छन् । यहाँ १० वटा जलविद्युतका आयोजनाहरू रहेका छन् । यस नगरपालिकाले उर्जा नीति बनाइ हालसम्म करिब ५०० वटा सडक बत्ती जडान र ७०० वटा सुधारिएको चुलो वितरण गर्नुका साथै गोबर ग्याँस पनि प्रयोगमा ल्याएको छ । ऊर्जाको सहज उपलब्धता र प्रयोगले पेट्रोलियम पदार्थको प्रयोग न्यूनीकरण र वातावरणीय योगदानको साथै आयात प्रतिस्थापन गर्नमा मद्दत पुग्दछ । आर्थिक विकाससँग सम्बन्धित कृषि, पशुपालन, उद्योग, व्यापार तथा व्यवसायका क्षेत्रमा विद्युत उपयोग र व्यवस्थापन निकै कम रहेका कारण विद्युत वितरण पूर्वाधारलाई यसै आवधिक योजना मार्फत आवश्यकता पहिचानका आधारमा व्यवस्थापन गर्दै जना आवश्यक रहेको छ भने बैकल्पिक उर्जाको रुपमा सोलार र बायो ग्याँस प्लाण्टको समेत सम्भावना रहेकाले यसको समेत व्यवस्थापन गर्न अनिवार्य देखिन्छ ।

### ५.३.२ समस्या तथा चुनौती

भरपर्दो र गुणस्तरीय विद्युत सेवा सवैवस्तीहरूमा उपलब्ध नहुनु, वैकल्पिक ऊर्जाको सम्भावना भए पनि प्रयोग न्यून रहनु, वैकल्पिक ऊर्जा योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, सडक बत्तीहरू पर्याप्त नहुनु, बिजुलीका तारहरू नजिकैको रुखहरूले सर्ट गराउनु, अव्यवस्थित नागाँ विद्युतका तारहरू रहनु, विद्युतीय सवारी साधन प्रवर्द्धन गर्न आवश्यक चार्जिङ्ग

स्टेसनहरूको निर्माण नहुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

निर्माणाधिन आयोजनाहरू समयमा सम्पन्न गर्न समन्वयकारी भूमिका निर्वाह गर्नु, इन्धन प्रयोगको ढाँचामा परिवर्तन गर्दै एलपी ग्याँस र पेट्रोलियम पदार्थलाई विद्युत्ले प्रतिस्थापन गर्न, विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न चार्जिङ्ग केन्द्रहरूको स्थापना गर्नु आदि जलविद्युत् क्षेत्रका चुनौतीहरू हुन् ।

## ५.३.३ लक्ष्य

वैकल्पिक तथा नविकरणीय ऊर्जामा नागरिकको पहुच बृद्धि गर्ने ।

## ५.३.४ उद्देश्य

१. विद्युत खपत तथा पहुँचको वृद्धि सगैं कृषि तथा औद्योगिक अभ्यासहरूलाई प्रविधिमैत्री तथा मितव्ययि बनाउने ।

२. बिद्युत सेवा विस्तार र व्यवस्थापनमा कठिनाई रहेको स्थान र क्षेत्रमा बैकल्पिक र नवीकरणीय उर्जा उत्पादन मार्फत सेवा विस्तार गर्ने

३. विद्युत, बैकल्पिक तथा नवीकरणीय उर्जाको माध्यमबाट इन्धनको रुपमा प्रयोगकालागि बनजङ्गलको कटानी र फडानीलाई निरुत्साहित गरी जलवायु परिवर्तनका नकारात्मक असरहरूलाई कम गर्ने

## ५.३.५ रणनीति

- सबै क्षेत्रमा विद्युतको प्रयोगलाई दिगो, सुरक्षित र प्रभावकारी बनाउने ।
- वैकल्पिक ऊर्जालाई प्रवर्द्धन गर्ने ।
- विद्युतको उपयोग वृद्धि गरी (आधुनिक विद्युतिय सामाग्रीहरूको प्रयोगलाई प्रोत्साहन गरी) अन्य उर्जाको सामाग्रीको प्रतिस्थापन गरिनेछ ।
- शहरी क्षेत्रमा रहेका थ्रि फेजका तारहरूलाई भुमिगत/आर्मर वा इन्सुलेटेड तारले विस्थापन गर्ने ।

## ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक नगरविकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५२ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| राष्ट्रिय प्रसारणको विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | ९६ | ९७ | ९८ | १०० | १०० |
| विद्युतीय खपत (प्रतिदिन औषत) | कि.वा | ३०००० | ३०००० | ३१००० | ३२००० | ३३००० |
| सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | १२ | १२ | २० | २५ | ३० |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ३५ | ३५ | ३२ | ३० | २५ |
| खाना पकाउन विद्युतीय उर्जाको प्रयोग गर्ने परिवार | प्रतिशत | ५ | ५ | १२ | २० | २५ |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १२ | १२.५ | १४ | १४ | १५ |
| खानापकाउन बायोग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १ | १ | ३ | ४ | ५ |

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| इन्सुलेटेड विद्युतीय तार प्रयोग भएको ट्रासमिसन प्रशारण | प्रतिशत | ० | ५ | १० | २० | २० |
| सडकबत्तिको पहुँचमा रहेको घरधुरी | प्रतिशत | २ | ७ | २० | २५ | ३० |
| विद्युत्बाट चल्ने सवारीसाधन प्रयोग | प्रतिशत | ० | १ | २ | ३ | ५ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५३ मा प्रस्तुत गरिएको छ।

**तालिका ५३ जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ५८२ | ५८२ | ० | | | ५८२ | | |
| ०८२/८३ | ६४० | ६४० | ० | | | ६४० | | |
| ०८३/८४ | ७०४ | ७०४ | ० | | | ७०४ | | |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५४ मा प्रस्तुत गरिएको छ।

**तालिका ५४ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नविकरणिय उर्जा प्रविधि जडान (बायो ग्याँस, विद्युतिय चुलो, सुधारिएको चुलो आदि | प्रदूषण न्यूनीकरण, नविकरणीय उर्जा प्रवर्द्धन, व्यवस्थापन गर्ने | २०८१/८२ देखि २०८३/८४ सम्म | ६२६ | विद्युत, नविकरणीय उर्जा कार्यक्रम प्रवर्द्धन, प्रभावकारी हुनेछ। |
| ३ | नगरक्षेत्र तथा अन्य वडाका सार्वजनिक क्षेत्रमा सडकवत्ति जडान गर्ने। | नगरक्षेत्र सुरक्षित राख्दै शहरी सौन्दर्यीकरण गर्ने | २०८१/८२ देखि २०८३/८४ सम्म | १३०० | नगरका १२ वटै वडाका सार्वजनिक क्षेत्रमा सडक बत्ति जडान भएको हुनेछ। |

### ५.३.९ जोखिम तथा अनुमान

तीनै तहको सरकार मार्फत बिद्यूत विस्तारमा बजेट सहित समन्वय हुनेछ। स्वच्छ उर्जाको उपलब्धता सहज भएको हुनेछ। जलाधार क्षेत्रको संरक्षणमा सरकारी तथा समुदायस्तरको जागरुकता तथा अग्रसरतामा अभिवृद्धि भएकोहुनेछ। सो हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुनमा जोखिम रहन सक्छ।

## ५.४ सुचना तथा सञ्चार प्रविधि

### ५.४.१ पृष्ठभूमि

सुचना प्रविधिको प्रयोगको सन्दर्भमा नगरपालिका सन्तोषजनक अवस्थामा रहेको र यहाँका सबै वडामा इन्टरनेटको पहुँच पुगेको छ। स्वास्थ्य चौकी, विद्यालयहरू, सार्वजनिक सेवा प्रदायकहरूमा सूचना प्रविधिको व्यवस्था गरिएको छ। रेडियो, टेलिभिजन, टेलिफोन तथा पत्रपत्रिका जस्ता सूचनाका माध्यमको पहुँचमा रहेका जनसंख्या ७० प्रतिशत रहेका छन्। इलाम

बजारमा डिजिटल सूचना केन्द्र स्थापना गरिएको छ र नगरपालिकाका सेवाहरूलाई पुर्णरुपमा कम्प्युटरकृत गरिएको छ। हाल नगरपालिकामा इलाम जिल्ला हुलाक कार्यलय र ५ वटा अतिरिक्त हुलाक कार्यलय रहेका छन्। यहाँ ३ वटा एफ एम रेडियोहरू संचालनमा रहेका छन् भने विभिन्न अनलाइन पत्रिकाको साथै सन्दकपुर राष्ट्रिय दैनिक, इलाम पोष्ट दैनिक, इलाम एक्सप्रेस दैनिक र पूर्वमेची साप्ताहिक प्रकाशित हुने पत्रपत्रिकाहरू हुन्।

## ५.४.२ समस्या तथा चूनौती

सूचना तथा सञ्चारमा सर्वसुलभ पहँचु स्थापित हुन नसक्नु, विषयगत क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्तिको कमी, जनतामा सूचना प्रविधि सम्बन्धी चेतनाको स्तर न्यून रहनु, आमसञ्चार क्षेत्रमा पेशागत र व्यवसायिक आचारसंहिताको अवलम्बन हुन नसक्नु,सामाजिक संजालको दुरुपयोगको कारण सामाजिक जीवनमा नकारात्मक असर पर्ने आदि प्रमुख समस्या हुन्।

इन्टरनेट सेवा प्रदायक संस्थाहरूको संख्या वृद्धि हुँदै जाँदा सूचना प्रविधिको विकास र साइबर सुरक्षाको लागि पर्याप्त व्यवस्था गर्न, आमसञ्चार क्षेत्र विशेष गरी वितीय सञ्चार माध्यमलाई मर्यादित र विश्वसनीय बनाउनु, सूचना सञ्चार क्षेत्रमा विकसित नवीन प्रविधिको समय सापेक्ष उपयोग गर्नु, सार्वजनिक सञ्चारका क्षेत्रमा कार्यरत सञ्चारकर्मीको क्षमता विकास गर्नु, सूचनामैत्री कार्य संस्कारको विकास गर्नु, आवश्यक संख्यामा सूचना, सञ्चार तथा प्रविधि विकास सम्बन्धी तालीम प्राप्त व्यक्ति पूर्ति गर्न, परम्परागत हुलाक सेवालाई विविधिकरण गर्न, दुरसञ्चार सेवामा सबै नागरिकको पहुँच पुऱ्याउन, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरूमा प्रविधिमैत्री सेवा उपलब्ध गराउन जस्ता चुनौतीहरू रहेका छन्।

## ५.४.३ लक्ष्य

प्रविधिमैत्री नागरिक सूचना, सेवा विस्तार गर्ने।

## ५.४.४ उद्देश्य

१. सूचना प्रविधि व्यवसायलाई सुरक्षित र भरपर्दो क्षेत्रका रुपमा विकास गर्नु।

२. सूचना र सञ्चार प्रविधि मैत्री उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विकास र विस्तारबाट रोजगारीका अवसरहरू सिर्जना गर्नु

३. सूचना प्रविधिको प्रयोग बाट पालिका स्तरका विकास निर्माण र सेवा प्रवाहलाई जनता सँग प्रत्यक्ष जोडिने अवस्थाको विकास गरी स्थानीय सरकार प्रति स्थानीयबासीको विश्वास र भरोसा स्थापित गर्नु साथै प्रगाढ बनाउनु।

## ५.४.५ रणनीति

- प्रविधिमैत्री डिजिटल सूचना सेवाद्धारा सहज जिवनयापनको थालनी गर्ने।
- सार्वजनिक स्थलहरूमा डिजिटल बोर्डको स्थापना गरिनेछ।
- सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा संचालन गर्ने

## ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको आवधिक योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५५ : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| संचारका कुनै एक साधन उपलब्ध परिवार | प्रतिशत | ८० | ८० | ८५ | ९० | १०० |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ७० | ७० | ७५ | ८० | ९५ |
| मोबाइल बैकिङको सुविधा लिने जनसंख्या | प्रतिशत | २० | २० | २५ | ४० | ६० |
| पत्रपत्रिका, टेलिभिजन प्रयोग गर्ने | प्रतिशत | ७० | ७० | ७५ | ८० | ९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने उद्यमी | प्रतिशत | २० | २० | ३० | ३५ | ४० |
| मोबाइल प्रयोगकर्ता | प्रतिशत | ८२ | ८३ | ८८ | ९४ | १०० |
| नगरपालिकामा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | प्रतिशत | ६० | ६५ | ७० | ८० | ९० |
| ईन्टरनेट सेवा पुगेका वडा कार्यालय संख्या | संख्या | १२ | १२ | १२ | १२ | १२ |

## ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५६ सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ३८३८ | ५०० | ३३३९ | | ५३७ | ३३०१ | ० | |
| ०८२/८३ | ४२२२ | ० | ४२२२ | | ५९१ | ३६३१ | ० | |
| ०८३/८४ | ४६४४ | ० | ४६४४ | | ६५० | ३९९४ | ० | |

## ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५७: सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आधुनिक सूचना प्रविधिमा पहुँच वृद्धि गर्ने | सूचना तथा संचारको उपयोगलाई जनमुखी गर्ने । | सालबसाली | ६८०४ | ईन्टरनेट प्रयोगकर्ताको संख्यामा बृद्धि भएको हुनेछ । |
| २ | सवै वडामा डिजिटल नागरिक वडापत्र जडान गर्ने | सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने | २०८१/८२ देखि २०८२/८३ सम्म | १४०० | विद्युतीय सुशासनका अभ्यास सहित गुणस्तरीय प्रभावकारी सेवा प्रबाह भएको हुनेछ । |
| ३ | स्थानीय तहमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन | प्रविधिमैत्री स्वरोजगारको क्षेत्रहरू पहिचान गर्ने | २०८१/८२ देखि २०८३/८४ सम्म | ४५०० | २५० यूवाले सूचना प्रविधि सम्बन्धी तालिम लिएका हुनेछन् । |

## ५.४.९ जोखिम तथा अनुमान

सञ्चार तथा सूचना प्रविधि क्षेत्रको विकास र विस्तारका लागि ठूलो मात्रामा आर्थिक साधन श्रोतको आवश्यकता रहेको छ । उक्त श्रोतको व्यवस्थापन प्रभावकारी तथा पर्याप्त व्यवस्थापन तथा डिजिटल इलाम नगरपालिकाले तय गरेका उद्देश्य प्राप्तिका लागि निजी क्षेत्रको सहयोग र सहकार्य हुन नितान्त आवश्यक तथा अपरिहार्य रहेको छ । सो अवस्थाको सुनिश्चितता नहुनु साथै सूचना प्रविधिका क्षेत्रमा सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्दै इलाम नगरपालिकाले अपनत्व र स्वामित्व स्थापित गर्न यस क्षेत्रको प्रमुख जोखिमको रुपमा रहेको छ ।

## परिच्छेद ६
## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

### ६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

#### ६.१.१ पृष्ठभूमि

इलाम नगरपालिकामा वन, जैविक विविधता, भूसंरक्षण एवं प्रवर्द्धन गर्दै त्यसको दिगो उपयोग र जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायहरू अवलम्बन गरी जीविकोपार्जनका अवसरहरू वृद्धिका अभ्यासहरू भएका छन् । इलाम नगरपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा प्राकृतिक सम्पदाको हिसाबले ४८ प्रतिशत वन क्षेत्रले, ४४.८ प्रतिशत खेतीयोग्य जमिनले, र ०.५८ प्रतिशत जलक्षेत्रले भू-भाग ओगटेको देखिन्छ। कुनै पनि स्थानको समग्र भू-आवरण मध्ये ४० प्रतिशत भन्दा बढी वन क्षेत्र हुनु वातावरणीय सन्तुलनको हिसाबले सुखद विषय हो । यद्यपी सो वनको पूर्णत सदुपयोग र वैज्ञानिक व्यवस्थापन र खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्न सके उत्पादनको समेत राम्रो सम्भावना देखिन्छ। यहाँ प्राकृतिक रुपमा चिराइतो, बुढो ओखती, तितेपाती, कालीझार, सेतो बिख्मा, पाखनबेद, ओते आलु, सतुवा, ध्यूपात आदि जडिबुटीहरू पाइन्छ। यस नगरपालिकामा १ धार्मिक वन, ४ निजी वन र २७ सामुदायिक वन रहेका छन् । आर्थिक वर्ष २०७७/७८ मा नगरपालिका संघबाट वन, वातावरण र जलवायु क्षेत्रमा उत्कृष्ट नगरपालिकाको उपाधि समेत प्राप्त गरेको छ जसले गर्दा वन तथा वातावरण क्षेत्रमा विशेष प्राथमिकता राखेको पुष्टि हुन्छ।

#### ६.१.२ समस्या तथा चुनौती

वनको समुचित संरक्षणका लागि कानून तथा नीति निर्माण नहुनु, भू-क्षय, पहिरो, ढडेलो लगायतका प्राकृतिक विपतिको नियन्त्रण तथा सामना गर्न व्यवस्थित कार्य योजना निर्माण नहुनु, वन क्षेत्रको उत्पादन र लाभको न्यायोचित वितरण नहुनु, वन तथा जैविक विविधता सम्बन्धी जनचेतनामा कमी हुनु, अन्तरतह र अन्तर निकाय समन्वय कमजोर हुनु, वन क्षेत्र माथिको अतिक्रमण पूर्णतया रोक्न नसक्नु, वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन नहुनु, वन विकास र आयआर्जन तथा रोजगारी बिच सन्तुलन कायम गर्न नसक्नु, वढ्दो मानव वन्यजन्तु द्वन्द्व र यसको व्यवस्थापनमा कठिनाई हुनु आदि प्रमुख समस्या हुन् ।

बढ्दो इन्धन र काठको मागको व्यवस्थापन गर्नु, वन डढेलो रोक्नु, विकास निर्माणबाट हुने वन अतिक्रमणको व्यवस्थापन गर्नु, जैविक विविधता संरक्षण गर्नु, वन्यजन्तुको संरक्षण गरी व्यवस्थित गर्नु, वन विकास र जैविक विविधता संरक्षणमा सबै क्षेत्र र निकायको अपनत्व स्थापित गर्दै क्षमता अभिवृद्धि गर्नु, भूक्षय, पहिरो, वातावरण प्रदूषण रोक्नु आदि प्रमुख चुनौती हुन् ।

#### ६.१.३ लक्ष्य

वातावरण तथा संकटापन्न जैविक विविधताहरूको संरक्षण गर्ने ।

#### ६.१.४ उद्देश्य

१. सामुदायिक वन, वन्यजन्तुको संरक्षण र विस्तार गर्दै वन क्षेत्रलाई पुँजी निर्माणको आधारको रुपमा विकास गर्नु ।

२. वन क्षेत्रको पर्यटनमैत्री विकास र व्यवस्थापन गर्दै जैविक विविधता र वातावरणको संरक्षण गर्नु ।

३. जडिबुटीक्षेत्र पहिचान गरी गैह्काष्ठजन्य वन पैदावर प्रवर्द्धन गर्ने ।

४. प्राकृतिक तथा जलावायुजन्य विपद् न्यूनिकरणका उपाय पहिचान गरी क्षति न्यूनिकरण गर्ने ।

#### ६.१.५ रणनीति

- फोहोरमैलाको व्यवस्थित बिशर्जनकालागि ढुवानीका साधनको व्यवस्था गर्ने, सबै घरपरिवारले नगरपालिकाले तोकेको समय र स्थानमा मात्र फोहोरमैला फल्न अनिवार्य गर्ने साथै टोल टोलमा फोहोरमैला व्यवस्थापन सम्वन्धी जनचेतनामुलक तालिम दिने
- प्लाष्टिक तथा प्लाष्टिक जन्य वस्तुलाई जलाउने प्रचलनलाई निषेध गर्ने तथा निषेधित कार्य गर्नेलाई दण्ड जरिवान गर्ने
- वातावरण विकास र वन्यजन्तु संरक्षणबाट इको टुरिजमको विकास र विस्तार सहित पर्यटन विकासमा सहयोग पुऱ्याउने

- हरित क्षेत्रको विकास र विस्तार तथा संरक्षण गरी ऐतिहासिक, धार्मिक, पुरातात्वीक तथा सास्कृतिक स्थाल र क्षेत्रको प्रवर्द्धन गर्ने

## ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक नगर विकास योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५८ मा प्रस्तुत गरिएको छ।

**तालिका ५८ : वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| सामुदायिक वन | संख्या | २७ | २८ | २८ | २८ | व्यवस्थित गर्ने |
| संरक्षित तालतलैया | संख्या | | | | | |
| बन क्षेत्र | बर्ग कि.मि. | ८३.२ | ८३.२ | ८५ | ८६ | ९० |
| रुख विरुवाले ढाकेको हरियाली वा वन क्षेत्र | प्रतिशत | ४८ | ४८ | ५० | ५२ | ५५ |
| धार्मिक वन क्षेत्र | संख्या | १ | २ | २ | ३ | व्यवस्थित गर्ने |
| निजी वन क्षेत्र | संख्या | ४ | ४ | ४ | ४ | व्यवस्थित गर्ने |
| भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | १२ | १२ | १० | ५ | २ |
| पोखरी संरक्षण | संख्या | ९ | ९ | १० | १२ | व्यवस्थित गर्ने |
| घरेलु माछा पोखरी | संख्या | ४६ | ४६ | ६० | ८० | १०० |
| नगर स्तरीय जलवायु उत्थानशीलता योजना | संख्या | ० | १ | १ | १ | १ |
| समुदाय स्तरको जलवायु अनुकुलन गाउँ योजना | संख्या | ० | १ | २ | ६ | १२ |

## ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५९ मा प्रस्तुत गरिएको छ।

**तालिका ५९: वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ३६०६ | ३६१ | ३२४४ | ० | ५०५ | ३१०१ | ० | |
| ०८२/८३ | ३९६६ | ५९५ | ३३७१ | ० | ५५५ | ३४११ | ० | |
| ०८३/८४ | ४३६३ | ६५४ | ३७०८ | ० | ६११ | ३७५२ | ० | |

## ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६० मा प्रस्तुत गरिएको छ।

**तालिका ६० : वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन, हरियाली, भूसंरक्षण र जैविक विविधता संरक्षण कार्यक्रम | व्न वातावरण तथा जैविक विविधताको दिगो संरक्षण गर्ने । | सालबसाली | २५०० | वन तथा हरियाली क्षेत्र कुल क्षेत्रफलको १ प्रतिशतले वृद्धि भएको हुनेछ । |
| २ | इलामको गौरभको रुपको रहेको ऐतिहासिक चिया वगान संरक्षण तथा सौन्दर्यीकरण गर्ने । | प्राकृतिक स्रोत संक्षरण मार्फत पर्यटन प्रवर्द्धन गर्ने | सालबसाली | ४४३५ | ऐतिहासिक चियावारी संरक्षण भई सौन्दर्यीकरण प्रवर्द्धन हुनेछ । |
| ३ | जडिबुटी क्षेत्र पहिचान गरी अर्गेली, लोक्ता, चिराईतो खेती प्रवर्द्धन गर्ने | गैह्काष्ठजन्य वन्य पैदावर प्रवर्द्धन गर्ने | २०८१/८२ देखि २०८२/८३ सम्म | ५००० | गैह्काष्ठजन्य वन्य पैदावर उत्पादन १० प्रतिशतले बृद्धि भएको हुनेछ । |

### ६.१.९ जोखिम तथा अनुमान

वन, भूसंरक्षण तथा जैविक विविधता संरक्षणमा अन्तरसरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ । जलवायु परिवर्तनको असर र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन् ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

वातावरण व्यवस्थापन मानव जीवन सँग प्रत्यक्ष जोडिएको विषय हो । दैनिक रुपमा अनियन्त्रीत तवरले बढ्दै गएका मानवीय कृयाकलापका कारण वातावरणमा दिन प्रतिदिन जोखिम निम्तिरहेको अवस्था छ । संघीय सरकारबाट जारी भएको वातावरणमैत्री स्थानीय शासन सम्बन्धी प्रारूप समेतको प्रभावकारी कार्यान्वयन गर्ने नीतिगत व्यवस्था सहित नगरपालिका भित्रका मुख्य सडक र शाखा सडकका दुबै किनारा लगायतका सम्भाब्य स्थानमा बृक्षारोपण गर्ने, वातावरण मैत्री स्थानीय शासनलाई प्रबर्द्धनका लागि हरितनगरको अभियान सञ्चालन गर्ने, घरपरिवार तथा उद्योग, व्यापार र व्यवसायबाट निस्कने फोहोरमैलाको दिगो व्यबस्पानको लागि निरन्तर कार्यक्रम संचालन हुदै आएकोछ ।

वातावरण संरक्षण र व्यवस्थापन विश्वव्यापि रुपमा स्वीकारिएको एक जटिल, बहुक्षेत्रीय र बहुआयामिक विषय क्षेत्र भएकोले यसको व्यवस्थपनमा प्रत्येक व्यक्ति, स्थानीय तह (स्थानीय सरकार), संघीय तथा प्रादेशिक सरकर वा तीनका निकाय र क्षेत्रको अहम् भूमिका, जिम्मेवारी, सहयोग र सहकार्य एक अनिवार्य र अपरिवर्तनीय शर्त हो । यस नगरपालिकामा वडा नं. ९ को खाल्डेमा १ ल्याण्डफिलसाइट रहेको छ, वडा न. ८ मा जैविक मल उत्पादन केन्द्र रहेको छ । इलाम नगरपालिकाक्षेत्रमा दिशाजन्य लेदो व्यबस्थापन सम्बन्धी अध्ययन तथा कार्ययोजना तयार गरिएको छ । वातावरण संरक्षणका लागि सरकारी स्तरबाट पनि अझ प्रभावकारी नीति निर्माण गरी फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक श्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन हुन आवश्यक छ ।

### ६.२.२ समस्या तथा चुनौती

फोहोरको वर्गीकरण गरी व्यवस्थापनको अभ्यास नहुन, सडकहरू कच्ची तथा नाला र ढलको व्यवस्था सबै स्थानमा नहुनाले ढल निकासको समस्या हुनु, सार्वजनिक स्थानमा शौचालयको कमी र डस्टबिन संख्या पर्याप्त नहुनु यस क्षेत्रका मुख्य समस्याहरू हुन । स्रोतमै वर्गीकरण, प्रशोधन र पुन:प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिने कार्य व्यावहारिक रुपमा सवैवडाहरूमा कार्यान्वयन हुन सकेका छैनन् । फोहोरबाट मोहोर, फोहोरबाट उर्जाको अवधारण कार्यान्वयन हुन सकेको छैन । वातावरण तथा स्वच्छताको विषयमा नागरिकको सचेतना वृद्धि गर्न, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित गर्न, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय गर्न जस्ता चुनौतीहरू रहेका छन् । नगरपालिकालाई स्रोत साधनयुक्त बनाउने वर्तमानका यस क्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन् ।

### ६.२.३ लक्ष्य

वातावरणमैत्री, सफा, स्वच्छ र हरितनगर स्थापना गर्ने

### ६.२.४ उद्देश्य

१. वातावरणमैत्री दिगो विकास सुनिश्चितता गर्नु ।

२. सवैप्रकारका प्रदुषण नियन्त्रण सहितको नगरपालिका स्तरीय वातावरण व्यवस्थापनका लागि स्थानीय स्तरका सवै सरोकारवालाको प्रतिनिधित्व रहने गरी प्रभावकारी संरचना निर्माण गर्ने ।

३. घरपरिवार, उद्योग, व्यापार, व्यवासायीक तथा सेवाका क्षेत्र समेत बाट सिर्जित फोहोमैलाको उचित र उपयुक्त व्यवस्थापन गर्ने ।

४. पालिका क्षेत्र भित्रका सवै प्रकृति र स्वरुपका भौतिक पूर्वाधार निर्माण विकास र प्राकृतिक वातावरणवीच सन्तुलन कायम गर्ने ।

### ६.२.५ रणनीति

१. फोहोरमैलाको उचित व्यवस्थापन गरी आय आर्जनका अवसर सिर्जना गर्ने ।

२. वातावरणमैत्री नीति, अनुसन्धान, विकास तथा विस्तार गरी पर्यावरणीय पूर्वाधार निर्माण गर्ने ।

३. फोहोरमैला व्यवस्थापन, पुन :प्रशोधन तथा पुनःप्रयोग (Reduce, Reuse and Recycle) विधि अवलम्बन गर्ने ।

४. पूर्वाधार निर्माण र वातावरणबीच सन्तुलन कायम गर्न पालिका क्षेत्र भित्र वातावरण प्रभाव मूल्याङ्कनलाई पूर्वाधार निर्माणको अभिन्न अङ्ग बनाउने

५. नगरका सवै वडाहरूलाई क्रमशः वातावरणमैत्री वडाको रुपमा घोषणा गर्दै जाने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको आवाधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६१ मा प्रस्तुत गरिएकोछ ।

**तालिका ६१ वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| नगरभित्र भएको सार्वजनिक पार्क तथा उद्यान संख्या | संख्या | १० | १० | १४ | १५ | २० |
| फोहरमैला व्यवस्थापन केन्द्र | संख्या | १ | १ | १ | १ | १ |
| ल्यान्डफिल्ड साइट | संख्या | १ | १ | १ | १ | पूर्वाधार थप गर्ने |
| फोहोर संकलनका लागि डस्टविन प्रयोग गर्ने घर | संख्या | १००० | २५०० | ३००० | ४००० | ५००० |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| घरभित्रको धुवाँमुक्त घरधुरी | प्रतिशत | ७० | ७० | ७५ | ८० | ९० |
| फोहोर संकलन साधन | संख्या | ३ | ६ | ६ | ७ | ७ |
| फोहोरलाई स्रोतमा वर्गीकरण गर्ने घरधुरी | प्रतिशत | ५० | ७० | ७५ | ८० | ९० |
| मपदण्ड युक्त शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ८५ | ९६ | ९९ | १०० | १०० |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६२ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | २२४४९ | १४५९२ | ७८५७ | ० | ३१४३ | १५७१४ | ३५९२ | ० |
| ०८२/८३ | २४६९३ | १६०५१ | ८६४३ | ० | ३४५७ | १७२८५ | ३९५१ | ० |
| ०८३/८४ | २७१६३ | १७६५६ | ९५०७ | ० | ३८०३ | १९०१४ | ४३४६ | ० |

## ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६३ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगरको फोहोरमैला संकलन तथा व्यवस्थापन | फोहोरमैलाको व्यवस्थित व्यवस्थापन गर्नु | सालबसाली | ३५००० | फोहोर व्यवस्थापनमा सचेतना तथा साझेदारी वृद्धि भइ फोहोर व्यवस्थापन प्रभाबकारी भएको हुनेछ । |
| २ | फोहोरमैला व्यवस्थापनका लागि आवश्यक प्रविधि सहितको गाडी तथा औजार खरिद मर्मत सम्भार | फोहोरमैला संकलनलाई चुस्त दुरुस्त राख्ने | सालबसाली | २५०० | नियमित फोहर संकलन |
| ३ | वातावरण संरक्षण एव फोहर व्यवस्थापनका लागि गरिने वडा तथा नगरका विभिन्न कार्यक्रमहरू | विपद जोखिम न्युनिकरण तथा राहत उद्धार एवम व्यवस्थापन | सालवसाली | ८००० | विपद जन्य जोखिम न्युनिकरण |
| ४ | बतावरण व्यवस्थापन, कम्पोष्ट प्लाण्ट विस्तार तथा सुद्रिढिकरण, फोहरमैला व्यवस्थापन (मल अनुदान समेत | वाताबरण संरक्षण | | १९६९५ | वाताबरण संरक्षणमा योगदान |

## ६.२.९ जोखिम तथा अनुमान

फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, निजी क्षेत्र र सरकारी क्षेत्रको अग्रसरता तथा सहकार्यमा वृद्धि भएको हुनेछ । व्यवस्थित ल्याण्ड फिल्ड साइटको पूर्वाधार सुधार भएको हुनेछ । फोहोरमैला र ढल निकासका व्यवस्थापनमा नगरपालिका सक्रिय भएको हुने, विकास निर्माणका कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था भएको, फोहोरमैला वर्गीकरण गरी संकलन भएको अनुमान गरिएको छ । उल्लिखित परिस्थिति कायम हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# ६.३ विपद् जोखिम व्यवस्थापन तथा जलबायू परिवर्तन अनुकूलन

## ६.३.१ पृष्ठभूमि

नेपालको संबिधानले प्राकृतिक प्रकोप बाट हुने सम्भावित जोखिम न्यूनिकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनरस्थापना गर्ने जस्ता विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा राखेको अवस्था छ । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पूरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ । यसरी पूर्वतयारी गरिँदा पूर्व अनुमान

समेत गरी आवश्यक जनशक्ति, सामग्री, उपकरण, कोषको व्यवस्था र जोखिमयुक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीरपूर्वक परिपालना गर्नुपर्छ । यस नगरपालिकामा विपद व्यवस्थापनलाई ध्यानमा राखेर दिगो र वातावरणमैत्री योजना अवलम्बन तथा जैविक विविधता र प्राकृतिक श्रोतको संरक्षण, संवर्द्धन र दिगो उपयोग गरी, जलवायु अनुकूलन तथा न्यूनीकरण पद्धतिको अवलम्बनका साथै वन, भू तथा जलाधार, विपद र फोहरमैला व्यवस्थापन गरी वातावरण मैत्री विकासको माध्यमबाट हरित र सफा नगर विकास गर्नुपर्छ । इलाम नगरपालिकाले विपद् कोष स्थापना, विपद् मा तत्काल उद्धारका लागि आकष्मिक संयन्त्र तयार, उपकरण पूर्वाधार थप गरेको छ । त्यसैगरी नगरपालिकाको स्थानीय विपद तथा जलवायु अनुकुलन योजना तर्जुमा गरेकोछ ।

## ६.३.२ समस्या तथा चुनौती

जोखिम नक्साकंन नहुनु, विपद जोखिम न्यूनीकरण कार्ययोजना नहुनु,  विपद व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामाग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पूर्नस्थापन गर्न नसक्नु, विज्ञताको कमी, विकास निर्माण गर्दा विपद जोखिम पक्षलाई ध्यान नदिनु, स्वास्थ्य संस्थामा पूर्वाधारको कमी, सुरक्षित आवास गृह नभएको आदि यस क्षेत्रका प्रमुख समस्या हुन् । सवै विषयगत क्षेत्रमा विवद् जोखिमको पहिचान र नक्साङ्कन नभएको, प्राकृतिक स्रोतहरूको अनियन्त्रीत र अव्यवस्थित दोहन, आपतकालिन व्यवस्थाकालागि यथेष्ट मानवीय स्रोत, आपतकालिन स्रोत व्यवस्थापनमा कठिनाई लगायत यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

विपद् व्यवस्थापनको महत्वपूर्ण पाटो पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था गर्न, विपद् व्यवस्थापन सम्वन्धी पूर्व सूचना प्रणालीको व्यवस्था गरी जनतालाई सचेत गराउन, विपद व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामाग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पुर्नस्थापन गर्न, शहरी क्षेत्रमा खुला स्थलको कमी, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानमा कमी यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

## ६.३.३ लक्ष्य

जलवायुजन्य विपद जोखिम न्यूनीकरणका लागि पूर्वाधार र संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

## ६.३.४ उद्देश्य

१. नगरपालिका क्षेत्र भित्र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनकालागि विपद् उत्थानमैत्री स्थानीय शासन पद्धती र प्रणालीको विकास, व्यवस्थापन तथा सुद्रिढिकरण गर्ने

२. विपद जोखिम नक्साङ्कन, पूर्वानुमान, सूचना प्रणाली, पूर्वतयारी, प्रतिकार्य र पुनरलाभ सम्बन्धी कार्यमा पालिका साथै स्थानीय सरकोकारवालाके क्षमता विकास गर्ने

३. विपद् जेखिम सम्बेदनशील योजना तथा पूर्वाधार निर्माण प्रकृयालाई सुनिश्चित गर्ने

४. जलवायु परिवर्तनका असर सँग जुध्न सक्ने स्थानीय अनुकुलन क्षमता विकास गर्ने ।

## ६.३.५ रणनीति

- नगरपालिका स्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको निर्माण गर्ने ।
- विपद्पूर्व तयारीका कार्यलाई उच्च प्राथमिकता प्रदान गर्ने ।
- प्रकोप न्यूनिकरण, राहत तथा उद्धार कोषको स्थापना र विकास गर्ने साथै प्राकृतिक प्रकोप उद्धार कोष सञ्चालन व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने
- स्थानीय जलावायु अनुकुलन योजना तयार तथा कार्यान्व्यन गर्ने

## ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको आावधिक विकास योजना, कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जोखिम तथा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६४ : विपद् व्यवस्थापन तथा जलवायू अनुकूलन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| विपदका घटनाहरूबाट मृत्यु हुनेको संख्या | संख्या | ० | ० | ० | ० | ० |
| विपद व्यवस्थापनमा क्रियाशील संघ संस्था | संख्या | ७ | १० | १० | १० | १० |
| खुल्ला क्षेत्र र स्थान | संख्या | ९० | ९५ | ९६ | ९८ | १०० |
| तालिम प्राप्त स्वयंसेवक | जना | १५ | ५० | ८० | ९० | १०० |
| विपद् व्यवस्थापन स्थानीय कोष | रु. | ५० लाख | २ करोड | ५ करोड | ७ करोड | १० करोड |
| स्थानीय जलवायू अनुकूलन योजना | संख्या | ० | १ | १ | १ | १ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रय स्थल | संख्या | ६ | ८ | ९ | ११ | १२ |
| विपदबाट प्रभावित हुने परिवार संख्या बार्षिक | संख्या | २५ | २० | १५ | १० | ० |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता स्वयंसेवक | जना | ५ | १५ | ६० | ८० | १०० |
| नगरपालिका स्तरीय जलबायु अनुकुलन योजना | संख्या | ० | १ | १ | १ | १ |
| वस्ती स्तरीय जलवायु अनुसकुलन योजना | संख्या | ० | १ | ३ | ५ | १२ |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्था | संख्या | २ | ३ | ३ | ४ | ५ |

## ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६५ मा प्रस्तुत गरिएको छ।

**तालिका ६५ : विपद् व्यवस्थापन तथा जलवायू अनुकूलन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ५५८३ | ५०८३ | ५०० | ० | ५५८ | ३३५० | १६७५ | |
| ०८२/८३ | ६१४१ | ५५२७ | ६१४ | ० | ६१४ | ३६८५ | १८४२ | |
| ०८३/८४ | ६७५५ | ६०८० | ६७६ | ० | ६७६ | ४०५३ | २०२७ | |

## ३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६६ मा प्रस्तुत गरिएको छ।

**तालिका ६६ : विपद् व्यवस्थापन तथा जलवायू अनुकूलन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जलवायूजन्य विपद जोखिम क्षेत्र पहिचान गरी नक्सांकन गर्ने र सोको आधारमा कार्यक्रम तयार गर्ने। | विपद् जोखिम न्यूनिकरण र विपद् उत्थानशीलता अभिवृद्धि गर्ने | सालबसाली | ५००० | स्थानीय समुदायमा चेतना अभिवृद्धि, विपद् न्युनीकरणका प्रविधी विकास भई योजनाबद्ध तरिकाले विपद्बाट हुने क्षतिमा वार्षिक ३५ प्रतिशतले कमी आएको हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | विपद व्यवस्थापनका लागि गरिने वडा तथा नगरका विभिन्न कार्यक्रमहरू | विपद जोखिम न्युनिकरण तथा राहत उद्धार एवम व्यवस्थापन | सालवसाली | १२००० | विपद जन्य जोखिम न्युनिकरण |
| ३ | समुदाय स्तरमा जलवायू अनुकुलन क्षमता अभिवृद्धि गर्ने | जलवायु उथ्थानशील समाजको स्थापना गर्ने | २०८१/०८२ देखि २०८३/०८४ | १४३४ | समुदाय स्तरमा जलवायु मैत्री कृषि अभ्यास शुरुवात भएको हुनेछ। |

## ६.३.९ जोखिम तथा अनुमान

विपद्व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा समुदायको सचेतना तथा अग्रसरतामा वृद्धि भएको हुनेछ। विपद् व्यवस्थापन योजना तर्जुमा र अन्तर-सरकार सहकार्यमा कार्यान्वयन भएमा अपेक्षित उपलब्धि हासिल हुने पूर्वानुमान गरिएको छ। आधुनिक प्रविधि सहितको पहाडी क्षेत्रका लागि उपयोग गर्न मिल्ने दमकलको व्यवस्थापन भएको हुने अनुमान गरिएको छ। भूक्षय तथा पहिरो नियन्त्रणका लागि साथै नदिजन्य विपद जोखिम नियन्त्रण जस्तै खोला कटान नियन्त्रणका लागि बायो इन्जिनियरिङ्ग कार्यहरू गर्न जोखिमपूर्ण रहेको छ।

## परिच्छेद ७
## संस्थागत विकास तथा सुशासन क्षेत्र

### ७.१ नीति, कानुन, न्याय तथा सुशासन

#### ७.१.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्रको प्रारम्भ सँगै नेपालमा राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरिएको छ। नेपालको संबिधानले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विभिदतायुक्त मुलुकको रुपमा परिभाषित गर्दै विभिदता बिचको एकता सम्बर्द्धन गर्ने सङ्कल्प गरेको छ। राज्य शक्तिको बाँडफाँड सँगै स्थानीय तह स्थानीय सरकारको हैसियतमा कृयाशिल भएका छन्। राज्य सञ्चालनका तीनै तहबीच एकल र साझा अधिकारहरूको सिमाङ्कन भएको छ। संविधानले सार्वजनिक प्रशासनमा सुशासनको प्रत्याभुति गर्ने, मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, भ्रष्टाचार र अनियमतता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने नीति लिएको छ। विकासको प्रतिफल प्रत्येक जनतालाई समानुपातिक तथा प्रजातान्त्रिक हिसाबले प्राप्त गर्ने वातावरण तयारीको लागि जनतालाई गरिने सेवा प्रवाहमा सु-शासन कार्य गर्नु गराउनु राज्यको दायित्व हो। राज्यको स्थानीय नेतृत्व समेतको भूमिका निर्वाह गरेको नगरपालिकाले सेवा प्रवाहमा सुधार गरी जनतालाई सुशासनको प्रत्याभूति गराउनु पर्दछ। यसको लागि नगरपालिकाले आफ्नो प्रशासनलाई सवलीकरण गरी सबै जनतालाई सेवा प्रवाह गर्नुमा समेत ध्यान दिनु पर्दछ। स्थानीय सरकारको हैसियतमा यस नगरपालिकाले आफ्ना दैनिक जिम्मेवारीहरूलाई सुशासनको माध्यम बाट सञ्चालन, व्यवस्थापन गर्न वर्तमानको आवश्यकता साथै कर्मचारीको बृत्ति विकास र स्थायीत्वका लागि सङ्गठन विकास तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना, संरचान बमोजिम आवश्यक जनशक्तिको प्रक्षेपण, सम्बन्धित शाखा र कर्मचारीका कार्यविवरण समते तयार गरी कार्यान्वयनको चरणमा पुगेको अवस्था छ।

#### ७.१.२ समस्या तथा चुनौती

संघीय शासन व्यवस्था बमोजिम संबिधान प्रदत स्थानीय तहको विकास निर्माण र सेवा प्रवाह सम्बन्धी जिम्मेवारी व्यवस्थापन तथा सञ्चालनका लागि चाहिने स्रोत साधन रहितको क्षमता अभिबृद्धि नहुनु, पर्याप्त दक्ष कर्मचारीको अभाव रहनु, सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा नवीनतम विकास एवं प्रविधिको समुचित उपयोग र विस्तार गर्न नसकिनु, प्रभावकारी सूचना प्रणाली नहुनु, जवाफदेहिता तथा पारदर्शितासँग जोडिएका समस्याहरू हुन्। स्थानीय आवश्यकताका आधारमा नगरपालिकाको विकास बजेट धेरै कम हुनु, विकास निर्माण र सेवा प्रवाहकालागि नयाँ प्रविधिमा आधारित यन्त्र, उपकरणको व्यवस्था गर्न नसकिनु यस क्षेत्रका समस्याका रुपमा रहेका छन्।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, जनमुखी र सहभागितामूलक बनाई सुशासन कायम गर्न, कर्मचारीहरूलाई सुशासन सम्बन्धी तालिम प्रदान गरी दक्षता अभिवृद्धि गर्न, नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी ढङ्गले सञ्चालन गर्न, नगरपालिकाका वडा कार्यालय र सम्बन्धित शाखाहरूको भौतिक पूर्वाधार निर्माण गर्न, सूचना तथा आधुनिक प्रविधिको व्यवस्था गर्न, योग्य, दक्ष र प्राविधिक कर्मचारीको व्यवस्था गर्न, निर्वाचित जनप्रतिनिधिहरूलाई जनउत्तरदायी, जिम्मेवार र जवाफदेही बनाई सुशासन कायम गर्न जस्ता चुनौतिहरू रहेका छन्।

#### ७.१.३ लक्ष्य

सार्वजनिक सुशासन प्रबर्द्धनका लागि आन्तरिक क्षमता अभिबृद्धि गर्ने।

#### ७.१.४ उद्देश्य

१. वडा कार्यालय भवनहरूको मर्मत सम्भार तथा स्तरोन्नती गर्ने।

२. कर्मचारी र पदाधिकारीहरूको क्षमता विकास गर्ने।

३. नगरपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना गर्ने।

४. संघीयताको मूल मर्म र भावना बमोजिम स्थानीय शासन प्रणालीको सन्तुलित र दिगो विकासमा सहयोग पुऱ्याउनु

५. सुदृढ साङ्गठनिक संरचना, दक्ष र क्षमतावान जनशक्ति, नवीन प्रविधि, प्रविधियुक्त यन्त्रउपकरण लगायतको व्यवस्थापनका साथ नगरपालिका बाट सम्पादन गरिने विकास निर्माण र सेवा प्रवाहका कार्य छिटो, छरितो, निस्पक्ष, गुणस्तरीय, नतिजा तथा परिणाममूखि र प्रभावकारी बनाउने

### ७.१.५ रणनीति

- अनलाइन सेवा मार्फत नागरिकलाई सहज सेवा प्रवाह प्रणालीको निर्माण गर्ने ।
- व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने
- प्रभावकारी संस्थागत विकासका निम्ति लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा विशेष जोड दिने ।
- सेवा प्रवाहमा आधुनिक डिजिटल प्रविधिको प्रयोग गर्ने ।
- नतिजामा आधारित सूचकहरू निर्माण गरी सूचकमा आधारित अनुगमन प्रणाली स्थापना गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगरविकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६७ : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| नगरपालिका तथा वडा कार्यलय भवन | संख्या | १३ | १३ | स्तरोन्नती गर्ने | स्तरोन्नती गर्ने | स्तरोन्नती गर्ने |
| सुचारु सेवा तथा स्रोत केन्द्र (कृषि, पशु, शिक्षा, स्वास्थ्य, सूचना) | संख्या | १६ | १८ | १८ | २० | २० |
| क्रियाशील नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजश्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदि) | संख्या | १३ | १५ | १५ | १५ | १५ |
| नगरपालिकामा पेश भएका सरकार संचालन तथा सेवा प्रवाह सम्बन्धी गुनासो सुनवाई | संख्या | ० | ० | ० | ० | सम्वोधन गर्ने |
| नगरपालिकाले स्वीकृत गरेका नीति नियम कार्यविधि | संख्या | १०५ | १०६ | ११० | ११० | ११० |
| नीति | संख्या | ३ | ५ | ५ | ७ | १० |
| ऐन | संख्या | २४ | २५ | २५ | ३० | ३० |
| नियम तथा विनियम | संख्या | ९ | १० | १० | १२ | १२ |
| निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ६९ | ७० | ७० | ७२ | ७५ |
| डिजिटल नागरिक वडापत्र राख्ने वडा | संख्या | ० | १ | ४ | ६ | १२ |
| स्थानीय कानून, नीति तथा योजना प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यम (संचार, सूचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिका, सामाजिक सञ्जाल आदि) | संख्या | १८ | १८ | २० | २० | २० |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६८ : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीयव्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ६३९७ | ६३९७ | ० | ० | १२७९.४४८४ | ५११७.७९३५ | ० | ० |
| ०८२/८३ | ७०३७ | ७०३७ | ० | ० | १४०७.३९३२ | ५६२९.५७२९ | ० | ० |
| ०८३/८४ | ७७४१ | ७७४१ | ० | ० | १५४८.१३२५ | ६१९२.५३०१ | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६९ : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सुशासन सम्वन्धि कार्यक्रमहरू | सेवा प्रवाहलाई नतिजामूखी र प्रभाबकारी गराउन | सालबसाली | १५५० | नगरको सेवा प्रवाहमा सुधार, खर्चमा पारदर्शिता एवम नितिगत सुधार |
| २ | वडा समितिहरू त्था अन्य भत्ता | मानवीय संशासन विकास गर्ने | २०८१/०८२ देखि २०८३/०८४ | ९०० | कर्मचारी तथा पदाधिकारीहरूको क्षमता विकास भएको हुनेछ । |
| ३ | न्यायिक समितिका कार्यक्रम एवम मानव अधिकारसँग सम्बन्धित कार्यक्रम | नगरबाट चुस्त न्याय सम्पादन एवम मानव अधिकार संरक्षण | | ८५०० | नगर न्यायिक सेवामा सुधार र मानव अधिकार संरक्षण |
| ४ | कर्मचारी स्वावलम्बन कोष एवम क्षमता अभिवृद्धि कार्यक्रम, अध्ययन एव परामर्श | सक्षम र सवल जनशक्ति निर्माण र कार्य उत्प्रेरण | | १०२२५ | झन्झट रहित सेवा प्रवाह भएको हुनेछ । |

### ७.१.९ जोखिम तथा अनुमान

सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हासिल हुनेछ । संघ, प्रदेश र स्थानीय तहमा अधिकारको बाँडफाँट सम्बन्धमा देखिएको समस्याले योजनाको कार्यान्वयनमा ढिलाइ हुन सक्ने जोखिम देखिन्छ । सुशासन तथा सेवा प्रवाहलाई प्रभावकारी गराउन जनप्रतिनिधि, कर्मचारी, संचारकर्मी, नगरवासी सहितका सरोकारबालाबीच समान बुझाइ र सहकार्य भएको हुनेछ ।

## ७.२ संङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

इलाम नगरपालिकामा हाल रहेका प्रशासन, योजना, जिन्सी, लेखा, राजस्व, पूर्वाधार, नक्शा, शिक्षा, स्वास्थ्य, महिला बालबालिका तथा जेष्ठ नागरिक, पञ्जीकरण, सहकारी, कृषि, पशुपंछी, श्रम तथा रोजगार, आन्तरिक लेखा परीक्षण, वन वातावरण तथा विपद् व्यवस्थापन, कानून र सूचना तथा प्रविधि शाखामा जनशक्ति कार्यरत रहेका छन् । नगरपालिकाले जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वे गरी संस्थागत संरचना निर्माण गर्ने कार्य गरेको छ । वडाकाका सबै वडा कार्यालयलाई क्रमश: भौतिक सुविधा सम्पन्न बन्दै गएकोछ ।

## ७.२.२ समस्या तथा चुनौती

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धतिलाई आधुनिक र प्रविधिमैत्री बनाउनुपर्ने देखिन्छ। नगर भित्रका विभिन्न शाखाहरू बीचको समन्वयको कमी, जनशक्तिको परिचालन एवम् सेवा र सुविधा गुणस्तरीय कार्य सम्पादनलाई थप प्रवर्द्धन गर्नुपर्ने देखिन्छ। त्यसैगरी नतिजामा आधारित अनुगमन पद्धतिलाई थप ससक्त बनाउनुपर्ने छ।

## ७.२.३ लक्ष्य

नगरपालिकाको संगठनात्मक क्षमता विकास मार्फत जनशक्ति, जनमुखी सेवा प्रवाहलाई प्रविधिमा आवद्ध गरी थप प्रभावकारी बनाउने।

## ७.२.४ उद्देश्य

१. छरितो संगठन संरचना, क्षमतावान जनशक्ति गुणस्तरीय सेवा प्रबाहको सुनिश्चित गर्नु।

## ७.२.५ रणनीति

१. सक्षम, दक्ष र प्रविधिमैत्री मानव संशाधन तथा प्रभावकारी संस्थागत विकास गर्नु।

२. सेवा प्रवाहमा सुधार गरी सुशासन कायम गर्नु।

३. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरी सेवा प्रबाह र विकास प्रकृयालाई सहज तुल्याउने।

## ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र क्षमता विकास उपक्षेत्रको नतिजा सूचक र मध्यमकालीन लक्ष्य तालिका ७० मा प्रस्तुत गरिएको छ।

**तालिका ७० : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| प्राविधिक जनशक्तिको उत्पादन र परिचालन | संख्या | ० | १०१ | १०१ | १०५ | ३०० |
| भगिनी सम्वन्ध भएको नगर | संख्या | - | १ | २ | २ | २ |
| टोल विकास संस्थाहरूको गठन भएको वडा | संख्या | २ | १० | १२ | १२ | १२ |
| मासिक रूपमा वडाको आम्दानी र खर्चसार्वजनिक गर्ने वडाहरू | प्रतिशत | ८८ | ९० | ९५ | १०० | १०० |
| नगरपालिकामा कार्यरत कूल मानव संसाधन | संख्या | २२९ | २५५ | २५५ | २६० | २६२ |
| प्राविधिक जनशक्ति | संख्या | १०१ | १०१ | १०१ | १०४ | १०४ |
| सवारी चालक | संख्या | १६ | १६ | १६ | १६ | १६ |
| अन्य बिषयगत कर्मचारी | | १२८ | १२८ | १३० | १३१ | १३२ |
| नगरप्रहरी | संख्या | १० | १० | १० | | क्षमता विकास गन |

## ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संस्थागत संरचना तथा मानव संसाधन विकास उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७१ मा प्रस्तुत गरिएको छ।

**तालिका ७१: संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | बजेटको स्रोत (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | १८३७७५ | १६०२५२ | २३५२३ | | ३६७५५ | १४७०२०.२ | | |
| ०८२/८३ | २०२१५३ | १८१९३८ | २०२१५ | | ४०४३१ | १६१७२२.३ | | |
| ०८३/८४ | २२२३६८ | २००१३१ | २२२३७ | | ४४४७४ | १७७८९४.५ | | |

## ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ७२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७२ : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजना**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाको करदाता, जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास | नगरको समग्र विकास एवम आन्तरिक राजश्व बृद्धि गर्ने | सालबसाली | १९६१२ | दिगो विकास र समृद्धिका लागि आवश्यक जनशक्तिको उत्पादन र परिचालन भएको हुनेछ । |
| २ | कार्यपालिकाको कार्य सञ्चालन खर्च | नगर कार्य सञ्चालनका लागि आवश्यक खर्च | सालबसाली | ५३५७०० | प्रशासनिक कार्य सञ्चालन र प्रभावकारी सेवा प्रवाह |
| ३ | वडा कार्यालय सञ्चालन खर्च एवम वडा स्तरीय कार्यक्रमहरू | जनउत्तर दायी सार्वजनिक सेवा प्रवर्द्धन गर्ने | सालवसाली | ३७४५४ | सेवा प्रवाहको स्तरमा ४० प्रतिशतले सुधार हुनेछ । |

## ७.२.९ जोखिम तथा अनुमान

संगठन तथा व्यवस्थापन सर्भेक्षणमार्फत उपयुक्त संगठनात्मक संरचना तयार भएको हुनेछ । सुशासन तथा सेवा प्रबाहलाई प्रभाबकारी गराउन अन्तर-सरकार, जनप्रतिनिधि, कर्मचारी, संचारकर्मी, नगरपालिकावासी सहितका सरोकारबालाबीच समान बुझाइ र सहकार्य भएको हुनेछ । उपरोक्त बमोजिम हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ ।

### ७.३ राजस्व तथा स्रोत परिचालन

## ७.३.१ पृष्ठभूमि

यस इलाम नगरपालिकामा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैर-करको दर निर्धारण गरी आन्तरिक आय संकलन अभ्यास व्यावहारिक र सतर्कताका साथ अगाडि बढेको छ । नगरपालिकाको वित्तीय स्रोतका साथै नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग बढ्दै गएको छ । स्थानीय करको दायरा विस्तार हुँदै गएको छ भने आन्तरिक राजस्व वृद्धिका आधारहरू सुदृढ बन्दै गएका छन् । राजस्व तथा श्रोत परिचालनको लागि विद्यमान कर, सेवा शुल्क तथा दस्तुरको दर घटाई दायरा बढाउने रणनीति लिई कार्यक्रम  कार्यान्वयन गरिएको छ । नगरपालिकाद्वारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका श्रोत परिचालनको अभ्यास रहेको छ । वेरुजु न्यूनीकरणका लागि नीति तथा कार्यक्रम निर्माण एवम् लगानीमैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिएको छ । आन्तरिक राजस्व सुधार तथा अभिवृद्धि कार्यक्रम वित्तीय स्रोत परिचालन तथा पूजी निर्माण कार्यक्रमँ कार्यान्वयनमा रहेका छन् ।

## ७.३.२ समस्या तथा चुनौती

विद्यमान कर प्रणाली व्यवहारिक नहुनु, पेश्की फर्छ्यौट नहुनु, शुन्य बेरुजु नहुनु, राजस्वको दायरा फराकिलो रहेको यस क्षेत्रमा आन्तरिक राजस्व वृद्धिको सम्भावना प्रचुर रहे तापनि नागरिकमा करदाता शिक्षाको न्यूनता एवं आवश्यक सूचना तथा जानकारीको कमीको कारण राजस्व संकलनमा कठिनाइ भएको छ । घरबहाल र सबै प्रकारका व्यवसायलाई पूर्णरुपमा करको

दायरामा ल्याउन सकिएको छैन । रोजगारमूलक, उत्पादनमूलक तथा आयमूलक क्षेत्रमा श्रोतको परिचालन लाई केन्द्रित गर्न सकिएको छैन । श्रोतको परिचालनमा मितव्ययिता तथा विनियोजन कुशलता यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ७.३.३ लक्ष्य

सुदृढ, व्यवस्थित स्रोत परिचालन, प्रविधिमैत्री प्रगतिशिल राजस्व प्रणालीमा सुधार गर्ने ।

### ७.३.४ उद्देश्य

१. दिगो र भरपर्दो राजस्वको श्रोत निमार्ण गर्नु ।

२. श्रोत परिचालनमा मितव्ययीता र कुशलता कायम गर्नु ।

३. राजश्व तथा बजेट परिचालनको क्षेत्रमा सार्वजनिक पारदर्शीता अभिबृद्धि गर्ने ।

### ७.३.५ रणनीति

- राजश्वसुधार योजनाका आधारमा आवधिक रुपमा राजश्व सम्भाब्यता अध्ययन गरी कर तथा गैर कर राजश्वका क्षेत्रहरूको पहिचान सहित नक्साङ्कन गर्ने
- राजश्व तथा सेवा शुल्क दरलाई व्यवहारिक र पारदर्शी बनाउन निजी क्षेत्र तथा नागरिक समाजसँग समन्वय र साझेदारी गर्ने
- नगरपालिकाबासीको आयआर्जन क्षमतासँग मिलान हुने गरी बैज्ञानिक र प्रगतिशिल कर तथा राजश्व प्रणालीको विकास गर्ने
- तोकिएको समय सिमा भित्र बेरुजु फछ्र्यौट गर्ने व्यक्तिलाई छुट तथा पुरस्कारको व्यवस्था मिलाउने
- बैंक तथा वित्तीय सस्थाहरूलाई परिचालन गरी बैंकिङ साक्षरता अभिबृद्धि गर्ने साथै नगरपालिकाको समेत साथ र सहयोगमा सवै नगरबासीको अनिवार्य बैंक खाता हुने व्यवस्था मिलाउने

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा राजस्व परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य लक्ष्य तालिका ७३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७३ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| स्थानीय गौरवका आयोजनाहरूको सूची | संख्या | - | १ | १ | १ | अद्यावधिक गर्ने |
| तर्जुमा भएका विषयगत रणनैतिक योजना (विषय) | क्षेत्र | ५ | ५ | ६ | ८ | १० |
| आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, वार्षिक) | प्रतिशत | - | ५० | ६० | ९० | १०० |
| सहभागितामूलक योजना तर्जुमा तथा अनुगमन | प्रतिशत | | ५० | ६० | ८५ | १०० |
| नगरपालिकाको वार्षिक आन्तरिक आय रकम | हजारमा | ७८४२०.२९ | १०% बृद्धि | १०% बृद्धि | १०% बृद्धि | १०% बृद्धि |
| संघीय/प्रदेशबाट राजश्व बाँडबाँटबाट प्राप्त रकम | हजारमा | २४२८६८.५ | १०% बृद्धि | १०% बृद्धि | १०% बृद्धि | १०%बृद्धि |
| प्रदेश सरकारबाट अनुदान | हजारमा | ४८६१२.३७ | १०% बृद्धि | १०% बृद्धि | १०% बृद्धि | १०%बृद्धि |
| संघीय सरकारबाट अनुदान | हजारमा | ६५७५११.४० | १०% बृद्धि | १०% बृद्धि | १०% बृद्धि | १०% बृद्धि |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा राजस्व परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७४ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | २०९४ | २०९४ | ० | ० | ४१९ | १६७५ | ० | ० |
| ०८२/८३ | २३०३ | २३०३ | ० | ० | ४६१ | १८४२ | ० | ० |
| ०८३/८४ | २५३३ | २५३३ | ० | ० | ५०७ | २०२७ | ० | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा राजस्व परिचालन उपक्षेत्रको संक्षिप्त विवरण तालिका ७५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७५ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजस्व सुधार कार्ययोजना तयारी तथा अद्यावधीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि | सालबसाली | १८१० | आन्तरिक आय तथा राजस्वमा वार्षिक रुपमा २० प्रतिशतले वृद्धि भएको हुनेछ |
| २ | भगिनी सम्बन्ध भएका नगरपालिका र सिमाना जोडिएका नगरपालिकासँग सहकार्य गर्ने । | अन्तरपालिका समन्वय विस्तार गर्ने | सालबसाली | ५८७ | अन्तर नगरपालिकासँग सहकार्य र सहयोग अभिवृद्धि |
| ३ | नगरपालिकाको आर्थिक विकासमा टेवा पुग्ने नाफामुलक क्षेत्रमा नीजि क्षेत्रलाई आकर्षण गर्ने । | सार्वजनिक निजी साझेदारी अवधारण अभिबृद्धि गर्ने | सालबसाली | ४५३३ | नगरको कूल आर्थिक गणनामा सार्वजनिक क्षेत्रको योगदान बार्षिक ५ प्रतिशतले बृद्धि भएको हुनेछ । |

### ७.३.९ जोखिम तथा अनुमान

भगिनी सम्बन्ध भएका नगरपालिका र सिमाना जोडिएका नगरपालिकासँग सहकार्य योजना कार्यान्वयन गर्न सकेमा, बजेट खर्च संरचनाले प्रक्षेपण गरे अनुसारको बजेट सुनिश्चितता भएमा लक्ष्य अनुसारको उपलिब्ध हासिल हुने देखिन्छ । कार्यक्रम कार्यन्वयनमा सम्बन्धित निकाय बीच प्रभावकारी समन्वय भएको हुने, राजश्व परिचालनमा अभिवृद्धि भएको हुने, नगरपालिकाको स्रोत परिचालन विकास योजना वार्षिक रुपमा तयार गरी कार्यान्वयन भएको हुने अनुमान गरिएको छ ।

## ७.४ तथ्याङ्क प्रणाली र योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

नगरपालिकाको समग्र विकासलाई दिगो, समावेशी बनाउने मुख्य ध्येयले नगरले आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । विषयगत समितिहरू गठन भई तत्सम्बन्धी विषयमा प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन हुने गरेको छ । सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको अर्थपूर्ण सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । नगरपालिकास्तरीय योजना वैंक अद्यावधिक गरी तयार भएको छ । लाभलागत विश्लेषणका आधारमा योजनाको छनौट तथा कार्यान्वयन हुने गरेको छ । 'सङ्घीय ऐन तथा स्थानीय कार्यविधिअनुसार वार्षिक योजना तथा बजेट

तर्जुमाको प्रकृया अवलम्बन गरी स्थानीय वस्तुगत विवरण, तथ्यांक र आवश्यकताको आधारमा योजना तर्जुमाको अभ्यास रहेको छ । ठूला आयोजनाको डिपिआर तयार भइ कार्यान्वयनकोअभ्यास अगाडि बढेका छन् । बस्ती तहबाट सहभागितामूलक योजना तर्जुमाको अभ्यास रहेको छ ।

## ७.४.२ समस्या तथा चुनौती

योजना अनुशासनको पूर्ण परिपालनामा व्यावहारिक कठिनाइ रहेको छ । स्थानीय तहको योजनावद्ध विकाससँग सम्बन्धित आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक योजनाका आधारमा, विस्तृत आयोजना प्रतिवेदन तयारी, र मध्यमकालीन खर्च संरचना तयारी गरी सोही आधारमा वार्षिक बजेट तथा योजना तर्जुमाको अभ्यासमा कमी रहेको छ। कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण र सोहीबमोजिम वार्षिक बजेट तथा कार्यक्रममार्फत कार्यान्वयनको अभ्यासमा कमी रहेको छ। नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक विकास योजना र नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति बमोजिम योजना छनौट तथा कार्यान्वयन नहुनु, नियमित अवलोकन, निरीक्षण तथा अनुगमन प्रभावकारी हुन नसकेको, योजना तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार हुन नसकेको, सेवा प्रवाह र कार्यसम्पादनमा अन्तरसरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन ।

## ७.४.३ लक्ष्य

व्यबस्थित र नतिजामूखी योजना तर्जुमा गर्दै तथ्यांक प्रणालीमा आधारित उत्तरदायी विकास प्रशासन कार्यान्वयन गर्ने ।

## ७.४.४ उद्देश्य

१. योजना तर्जुमालाई तथ्यपरक, सहभागितामूलक र नतिजामूलक तुल्याउनु ।

२. सूचनामा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको अभ्यासलाई संस्थागत गर्नु ।

३. योजना कार्यान्वयनलाई सहभागितामूलक तथा नतिजामूलक बनाउनु ।

## ७.४.५ रणनीति

१. सहभागीतामुलक योजना तर्जुमा प्रक्रिया र छरितो तथा नतिजामुखी कार्यान्वयनलाई संस्थागत गर्ने ।

२. योजना व्यवस्थापनको समग्र प्रकृयालाई छरितो र जनमूखी गराउने ।

३. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागितामार्फत स्थानीय आवश्यकताको दिगो समाधान गर्ने ।

४. अनुगमन तथा मूलाङ्कन कार्यलाई नतिजामूलक र प्रभावकारी बनाउने ।

५. स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउन डिजिटल प्रोफाइल तथा एप तयारी तथा नियमित अद्यावधीकरण गर्ने ।

## ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक नगरपालिका विकास योजना तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार तथ्याङ्क, योजना तथा विकास परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७६ मा प्रस्तुत छ ।

**तालिका ७६ : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| दीर्घकालीन, मध्यमकालीन रणनीतिक योजना तथा गुरुयोजना | विषय | ५ | ७ | ७ | ७ | ७ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ८५ | ९० | ९० | १०० | १०० |
| वार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी अनुपात | प्रतिशत | २० | ३८ | ४० | ४५ | ५० |
| नगरपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ५ | ६ | ६ | ७ | ८ |
| नगरपालिकाको सम्पति अभिलेख | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| विषयगत क्षेत्रको आधारमा योजनाको प्राथमिकीकरण | प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ |

## ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र स्रोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७७: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ४८८५ | ४८८५ | ० | ० | | ४८८५ | | |
| ०८२/८३ | ५३७४ | ५३७४ | ० | ० | | ५३७४ | | |
| ०८३/८४ | ५९११ | ५९११ | ० | ० | | ५९११ | | |

## ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ७८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७८ : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क, योजना सुदृढीकरण तथा विकास व्यवस्थापन कार्यक्रम | योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउने | सालबसाली | १११७० | तथ्याङ्क, योजनाको आधारमा विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जुमा भई सोही आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनेछ |
| | प्रविधिमा आधारित वस्तुगत विवरण तयार गर्ने र वार्षिक रुपमा अध्यावधिक गर्ने | सूचनामा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको अभ्यासलाई संस्थागत गर्ने | सालबसाली | ५००० | नगरको डिजिटल प्रोफायल लगायत आवश्यक अन्य कागजात रिपोर्ट तयार भई सूचना प्राप्तीमा सहजता भएको हुनेछ । |

## ७.४.९ जोखिम तथा अनुमान

तोकिएको कार्यनीति कार्यान्वयन गर्न नगरपालिकाले संस्थागत विकास तथा सुशासन सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरू निर्माण गरीसकेको हुनुपर्ने छ । संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि भएको हुनेछ । स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ । उपरोक्त परिस्थिति तयार हुन नसकेका लक्ष्य हासिल गर्न कठिन हुन सक्नेछ ।

अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २. | प्रमुख, शैक्षिक प्रशासन शाखा | - सदस्य |
| ३. | प्रमुख, स्वास्थ्य शाखा | - सदस्य |
| ४. | प्रमुख, आर्थिक प्रशासन शाखा | - सदस्य |
| ५. | प्रमुख, आर्थिक विकास शाखा | - सदस्य |
| ६. | प्रमुख, सामाजिक विकास शाखा, | - सदस्य |
| ७. | प्रमुख, प्रशासन महाशाखा, | - सदस्य |
| ८. | प्रमुख, सहरी विकास, पर्यटन तथा वातावरण शाखा | - सदस्य |
| ९. | प्रमुख, पूर्वाधार विकास शाखा | - सदस्य |
| १०. | प्रमुख, योजना तथा अनुगमन शाखा | - सदस्य सचिव |

इलाम नगरपालिका

इलाम